## राजपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

दाङ, ५ नं. प्रदेश, नेपाल

# पार्श्वचित्र

२०७४ असार

# मेरो भन्नु

कुनै पनि विकासको मार्ग तयार गर्ने योजनाको सही छनोट प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरुको पूर्ण सन्तुष्टि सहितको उपयोग र निरन्तर अनुगमन एवम् मूल्याङ्कन र दिगोपनाको लागि सही र वस्तुनिष्ट निर्णय लिन तथ्याङ्कको आवश्यकता पर्दछ । विगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनर्संरचित स्थानीय तहको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन ।

वस्तुनिष्ठता र आवश्यकताको कसीमा योजनाहरू तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएकमा जनताले स्थानीय तहबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन् । यसैकारण वर्तमानको हाम्रो धरातलीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) सीमित समय तथा स्रोत र सीमाभित्र रही तयार गरिएको हो । पार्श्वचित्रलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यो गाउँको बहुआयामिकता सहितको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ । यो पार्श्वचित्रलाई एकातिर गाउँको सम्पूर्ण चिनारीको रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ हाम्रा सम्भावना र चुनौतिहरूलाई अवगत गर्न सकिन्छ ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने गाउँ प्रमुख, गाउँ उपप्रमुख, विषयगत कार्यालयका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, वडाध्यक्षज्यूहरू, वडा सचिव साथीहरू, सामाजिक परिचालकहरू विविभन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू तथा पार्श्वचित्रलाई यो रुप दिन सहयोग पुऱ्याउनु हुने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौं लाई हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने सुभेच्छा व्यक्त गर्दछु ।

.........

सचिव

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजना पद्धतिको आवश्यकता पर्दछ । वैज्ञानिक योजना पद्धति निर्माणका लागिभरपर्दो तथ्याङ्कको अपरिहार्य हुन्छ । त्यसैले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरूको खोजी गर्न सहि तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्दछ । कुनै पनि स्थानीय तहमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन गरी यो गाउँपालिका पार्श्वचित्र तयार गरिएको छ । गाउँपालिकाको समग्र तथ्याङ्क आवश्यक पर्दछ ।

नेपाल सरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरेबमोजिम गाउँपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । दशौं पञ्चवर्षिय योजना (२०७२-२०७७) ले पनि गाउँपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र तीन वर्षीय अन्तरिम योजना (२०७२/७३-२०७६/७७) ले पनि विकास योजना सम्बन्धका लागि गाउँपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ । यसै प्रयोजनको लागि गाउँपालिकाको वस्तुस्थिति झल्कने गरी पार्श्वचित्र (Profile) तयार गरिएको हो ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरु निम्नानुसार छन् ।

- ✓ गाउँपालिका क्षेत्रभित्र रहेका सेवा सुविधाहरुको बारेमा जानकारी गराउने ।
- ✓ गाउँपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरुको अवगत गराउने ।
- ✓ गाउँपालिकाको जनसंख्या तथा विकासात्मक वस्तुस्थिति औंल्याउने ।
- ✓ गाउँपालिकाभित्र बसोवास गर्ने मानिसहरुको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने ।
- ✓ गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।
- ✓ गाउँपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्नु ।
- ✓ गाउँपालिकाक्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तरसम्म सूचना उपलब्ध गराई ब्यवस्थापनमा सहयोग गर्नु ।
- ✓ स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

- ✓ गाउँपालिकास्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्न सहयोग पुर्‍याउने ।
- ✓ गाउँपालिकाको भावि योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

## १.३ अध्ययनको महत्व

नेपालसरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशनगरेबमोजिम गाउँपालिका/नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ ।गाउँपालिकाको भावी योजना तथा कार्यक्रम र निति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पार्श्वचित्रले तुलनात्मक मुल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्वन्धी जानकारी स्पष्ट हुनु जरुरी छ । विभिन्न स्थानको आवस्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले राजपुर गाउँपालिकालाई सहयोग गर्नुका साथै समानुपातिक विकासमा अन्य सरोकारवालाहरुलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा गाउँ पार्श्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरुलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ ।

## १.४ अध्ययनको औचित्य

स्थानीय आवश्यकता तथा सहभागितामा आधारित विकासात्मक कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय निकाय अन्तर्गत गाउँपालिकाहरुलाई दिँदै आएको अनुदानहरुमा क्रमश बृद्धि गर्दै लगेको देखिन्छ । विकास खर्च थप गर्नुका साथै नेपाल सरकारले गाउँपालिकाहरुको न्यूनतम शर्त मापनका सूचकहरु पनि निर्धारण गरेको छ । ती सूचकहरु मध्ये हरेक गाउँपालिकाले आ-आफ्नो क्षेत्रकोवस्तुगत विवरणमा आधाारित (Rural Municipality Profil) तयार गर्नु एक हो । भौतिक विकासका दृष्टिले कमजोर स्थिति रहेको नेपालको सन्दर्भमा यस प्रकारको कार्यले विशेष महत्व राख्दछ । यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा गाउँपालिकाले उपलब्ध श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरुको तर्जुमा, कार्यन्वयन एवम् अनुगमन मुल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ ।

## १.५ अध्ययन विधि

यस गाउँपालिकाको पार्श्वचित्रका तयारी गर्दा प्रयोग गरिएका विधीहरु निम्नानुसार छन् –


- ✓ यसमा विषयगत कार्यालय तथा विभिन्न संघ-संस्थाहरुबाट उपलब्ध तथ्यांकहरु समावेश गरिएको छ ।
- ✓ राष्ट्रिय जनगणना, विभिन्न सर्वेक्षण आदिका नतिजाहरु समावेश गरिएको छ ।
- ✓ यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको बिश्लेषणका क्रममा बिभिन्न तालिकाहरु, चित्रहरु तथा नक्साको प्रयोग गरी बर्णनात्मक तथा तुलनात्मक रुपमा बिश्लेषण गरिएको छ ।

## १.६ अध्ययनका सीमाहरू

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयले निर्धारण गरेबमोजिम गाउँपार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरुको स्रोत र आधार वर्ष खुलाईएको छ । गाउँकाविभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरु, सम्बन्धीत गाउँपालिकाआदि स्रोतहरुबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ । पार्श्वचित्रको अवधारणा अनुसार यसले छत्रेश्वरी गाउँपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ । अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । तैपनि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई केही सीमिततामा बाँधिएको छ । यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसार तथ्याङ्क सङ्कलन गरिएको छ ।

# खण्ड २ : राजपुरगाउँपालिकाको परिचय

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय



नेपालको सबैभन्दा महत्वपुर्ण आर्थिक संभावना ,सामाजिक स्थिती एवं ऐतिहासिक तथा सांस्कृतिक दृष्टिकोणले नेपालकै प्रमुख जिल्लाहरु मध्ये दाङ जिल्ला हो। भौगोलिक रुपमा दाङ जिल्लाामा भित्री मधेशका समथर फाटहरु, यी फाटहरुलाई चारैतिरबाट घेर्ने साना तथा मध्यम पहाडहरु समेतबाट निर्मित दुइ उपत्यका र पहाडी धरातल( महाभारत तथा चुरे ) समेत रहेका छन् । यी उपत्यकाहरु मध्ये उत्तरी अर्थात माथिल्लो उपत्यका दाङ र दक्षिणी अर्थात तल्लो उपत्यका देउखुरीको नामबाट परिचित छन् । तल्लो उपत्यका देउखुरी क्षेत्रको दक्षिण भागमा अवस्थित यस राजपुर गाउापालिका साविकका गाविस बेला र राजपुर मिलेर बनेको छ । दाङ जिल्लाको सबैभन्दा गाउँपालिकाको रुपमा रहेको यस राजपुर गाउँपालिकाको क्षेत्रफल ५७७.३३ वर्ग किमि क्षेत्रफलमा फैलिएर रहेको छ ।यस गाउँपालिकाको क्षेत्रफल जम्मा ५७७.३३ वर्ग कि.मी छ । यस गाउँपालिकाको पूर्वमा गढवा गाउँपालिका र लमही नगरपालिका, पश्चिममा बाँके जिल्ला उत्तरमा लमही नगरपालिका तथा दक्षिणमाभारत छन् । विश्व मानचित्रमा यसको अवस्थिति ८२°६'देखि ८२°३०'सम्म पूर्वी देशान्तरर २७°३९'देखि २८°०३' उत्तरी आक्षांशसम्म छ । यो गाउँपालिका समुद्र सतहबाट १८७ मिटरदेखि ८५२ मिटरसम्मको उचाइमा अवस्थित रहेको छ ।


तालिका नं. १: गाउँपालिकाको वडा विभाजन

| वडा नं. | समावेश भएका साविक गा.वि.स. | साविक वडा नं. |
|---|---|---|
| १ | बेला | २, ३ |
| २ | बेला | १, ४, ५ |
| ३ | बेला | ६-९ |
| ४ | राजपुर | १ - ३ |
| ५ | राजपुर | ४- ६ |
| ६ | राजपुर | ७, ८ |
| ७ | राजपुर | ९ |

श्रोत: राजपुर गाउँपलिका कार्यलय

दाङ जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरुमा सम्भावना बोकेको गाउँपालिकाको रुपमा राजपुरगाउँपालिका रहेको छ । गाउँपालिकाका सचेत राजनैतिक दल र उत्प्रेरित गाउँवासी समेत यो गाउँपालिकाका दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन् । २०६८ को जनगणना अनुसार यस गाउँपालिकाको जनसंख्या २५,०३७ रहेको छ जसमध्ये महिलाको जनसंख्या १२,७८६ (५१.०७ प्रतिशत)र पुरुषको जनसंख्या १२,२५१ (४८.९३ प्रतिशत) रहेको छ । त्यसैगरी जनगणना अनुसार सबैभन्दा बढी थारु जाति ५,४९९ जना (२१.९६ प्रतिशत), दोस्रोमा यादव ४,८१४ (१९.२३ प्रतिशत) र तेस्रोमा मगर ४,५०३ ( १७.९९ प्रतिशत) हरुको बसोबास रहेको छ । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम अत्याधिक बढिरहेको छ । यस

गाउँपालिकामा आधारभूत देखि उच्च माध्यमिकतहसम्म शिक्षा प्रदान गर्ने शैक्षिक संस्था केही मात्रामा रहेका छन् भने उच्च शिक्षा विकासको लागि नयाँ शिक्षा नीति ल्याउनुपर्ने देखिन्छ । अध्ययनका लागियस गाउँपालिकाका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिकाबाट समेत आउने गरेका छन् ।योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयन आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघि, होलि, गौरा, कृष्णजन्माष्टमी, बकरइद, आईतबारी, छठपर्व, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।



RAJPUR
N
82°6'0"E
82°9'0"E
82°12'0"E
82°15'0"E
82°18'0"E
82°21'0"E
82°24'0"E
82°27'0"E
82°30'0"E
28°3'0"N
28°0'0"N
27°57'0"N
27°54'0"N
27°51'0"N
27°48'0"N
27°45'0"N
27°42'0"N
27°39'0"N
Khaskusma
Satbariya
7
6
5
4
3
2
1
Chaulahi
Gadhawa
INDIA
Koilabas
Scale 1:230,000
6,000
3,000
0
6,000
12,000
18,000
24,000 m
East and North Coverage
East=82° 6' 0" to 82° 30' 0"
North=27° 39' 0" to 28° 03' 0"
Legend
Ward Boundary
Gaupalika Boundary

## २.२ भूक्षेत्र (टोपोग्राफी)

प्राकृतिक सम्पदाको हिसाबले यो गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटोको धनी गाउँपालिका हो। यस गाउँपालिकामा पाइने माटोमा बलौटे दोमट माटो पाइन्छ । त्यस्तै दोमट माटो, बलौटे चिम्टाइलो माटो पाइने हुदाँ गाउँपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, जौ, नगदेबालीमा तोरी, आलु, उखु र दलहन बालीमा मुसुरो, केराउ, चना, भटमास उत्पादन हुने गरेको देखिन्छ ।

## २.३ भू-क्षेत्रको बर्गीकरण

राजपुर गाउँपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, तथा भू-स्खलन जस्ता प्रबृत्तिका आधारमा अध्ययन गर्दा भुमिको बर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading)क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रबृत्ति भूबनोट अनुसार फरक पर्दै जान्छ। त्यसै क्रमले भूमीको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical characteristics)का आधारमा निम्न बमोजिम प्रस्तुत गरिएको छ:


RAJPUR
N
82°6'0"E
82°9'0"E
82°12'0"E
82°15'0"E
82°18'0"E
82°21'0"E
82°24'0"E
82°27'0"E
82°30'0"E
28°3'0"N
28°0'0"N
27°57'0"N
27°54'0"N
27°51'0"N
27°48'0"N
27°45'0"N
27°42'0"N
27°39'0"N
Khaskusma
Satbariya
Chaulahi
Gadhawa
Koilabas
INDIA
RAJPUR 7
RAJPUR 6
5 RAJPUR
RAJPUR 4
3 BELA
2 BELA
BELA 1
Scale 1:230,000
6,000
3,000
0
6,000
12,000
18,000
24,000 m
East and North Coverage
East=82° 6' 0" to 82° 30' 0"
North=27° 39' 0" to 28° 03' 0"
Legend
Slope(Degree)
<5
5-10
10-15
15-20
20-25
25-30
30-35
35-40
>40
Ward Boundary
Gaupalika Boundary

**Slope 1°-5°(माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)**

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लीग यस्तो भूमिमा गराहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ।

यस वर्गको जमिनमा परामपरागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाई सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।

**Slope 5-30⁰(माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)**

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मी. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ।

यस वर्गको जमिनमा पहिरो जवाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रबृत्तिहरू सामान्यरुपमा देखा परिरहन्छन्। त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रबृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतीका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पनि पुर्‍याउन सक्दछ।

यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गराहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमीका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रुपमा पहिले देखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा सावधानी अपनाउनु पर्दछ। अलिकती पनि बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रबृत्ति तुरुन्त शुरु हुन सक्दछ।

**Slope = 30⁰–40⁰माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकाससहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त ।**

माटोको पत्र २० से.मी. मात्र गहिराई भएको पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन भएको जग्गामा गरा बनाएर खेती गर्नु फाइदाजनक देखिदैन। यस प्रकारको जमिनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षती पुऱ्याउने ठुलो सम्भावना रहन्छ। यस प्रकारको जमिनमा बनस्पतीहरू लगाउन, उपयुक्त देखिन्छ। यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन बृद्धि गर्नु उपयुक्त हुनेछ। पहिरो जाने वा बाढीबाट क्षति हुने प्रबृत्ति यस प्रकारको जमिनका सामान्य लक्षण हुन्।

यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ। जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा या त बोटविरुवालाई पुन: हुर्काउन सकिन्छ या त वृक्षारोपण गर्न सकिन्छ। यस वर्गमा पर्ने जमिनहरूमा गाईबस्तुलाई चराउने चलन कडाइकासाथ नियन्त्रण गर्नुपर्छ। यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनुहुदैन। यस प्रकारको क्षेत्रमा यस्तो वन पैदावर उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि बाटोका विशेष र सुरक्षित योजना बनाउनु पर्दछ। यस्तो जमिन खेतिको लागि उपयुक्त हुँदैन।

**Slope >40$^0$माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको**

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मी. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायिकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पती खेतीका लीग अनुपयुक्त मानिन्छ।

यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झै एकातिर यस्तो जमिनमा भू-क्षयीकरणको प्रवृत्ति तीब्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुन: अधिग्रहण (reclaim) गर्न असम्भवन नै हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ।

### २.४.१ माटोको बनावट र उर्वराशक्ति

प्राकृतिक सम्पदाको हिसाबले यो गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटोको धनी गाउँपालिका हो। यहाँको करीव ५३.०२ वर्ग कि.मि. जमिन खेतीपातीको लागि उपयोग भएको देखिन्छ । करीव २३४.०३ वर्ग कि. मि. जमिन वनजंगलले ओगटेको छ भने २.६१ वर्ग कि.मि जलक्षेत्रले ओगटेको छ । गाउँपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, मास, मुसुरो, अरहर, तोरी आदी हुन्।

### २.४.२ भू-आकृति तथा माटोको बनोट

गाउँपालिकाको उत्तरी क्षेत्रमा चुरे पर्वत श्रृङखला र त्यस अन्तर्गतको भावर प्रदेश रहेको छ भने त्यसभन्दा दक्षिणी भागमा समथर तराइ क्षेत्र रहेको छ । भूआकृतिमा भएको यस फरकअनुसार यस तीन क्षेत्रमा पाइने माटोको बनोटमा पनि फरक पाइन्छ, जुन देहायअनुसार रहेको छ ।

**(क) उत्तरी चुरे क्षेत्र :** भौगर्भिक इतिहासको पछिल्लो चरणमा निर्मित भूभाग भएको हुँदा यो क्षेत्र कमजोर र भूस्खलनशील रहेको छ । यस क्षेत्रमा पाइने चट्टानहरूमा ढुङ्गा, बलौटे चट्टान, बालुवा, खस्रो बालुवा, सिल्ट र सेल लगायत Sand Stone र Conglomerates को बाहुल्यता रहेको छ ।

**(ख) मध्य भावर क्षेत्र :**चुरे पर्वत श्रृङखलाको दक्षिणी फेदमा यो क्षेत्र रहेको छ । यस क्षेत्रमा ग्राभेल, वालुवा, फुस्रो, रातो हल्का दोमट तथा अलि चिम्टाइलो किसिमको माटो पाईन्छ । यस क्षेत्रको माटो Sandy Loam, Cobbles र Pebbles को आधिक्यता रहेको छ ।

**(ग) दक्षिणी तराइ क्षेत्र :** गाउँपालिकाको दक्षिणी भूभागमा अवस्थित यस क्षेत्रमा चिम्टाइलो, बलौटे र दोमट माटो पाइन्छ ।

## २.३ राजनैतिक तथा प्रशासनिक केन्द्र

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साबिकका गा.वि.स बेला र राजपुर गाभेर जम्मा ७ वडाहरु कायम गरि राजपुर गाउँपालिका घोषणा गरिएको हो ।

## २.४ हावापानी

राजपुर गाउँपालिका भौगोलिक विविधताले भरिपूर्ण गाउँ हो अर्थात यहाँको भौगोलिक बनौट अनुसार यस गाउँको मौसम तथा जलवायुमा पनि विविधता पाईन्छ । यहाँको मौसम अथवा जलवायुलाइ उष्ण, उपोष्ण र शितोष्ण गरी तीन भागमा विभाजन गर्न सकिन्छ । मध्य प्रदेशमा अवस्थित यस गाउँको हावामा तुलनात्मक रुपले अन्य तराई तथा पूर्वी जिल्लाहरुको दाँजोमा सापेक्षित आद्रता कम छ, जसका कारण यहाँको हावा शुष्क महसुस हुन्छ । गाउँमा खोलानाला, पोखरी तथा तालतलौयाहरुको संख्या प्रशस्त भएतापनि हिउँद र विशेष गरी वर्षाद हुनुभन्दा पूर्व गर्मी महिनामा अधिकांश खोलानाला तथा पोखरी तथा तालहरु सुख्खा हुने गर्दछन् । यस गाउँपालिका रहेको दाङ जिल्लाको औषत सामान्य वर्षहरुमा अधिकतम तापक्रम २०.५ डिग्री सेल्सीयसदेखि ३९.९ डिग्री सेल्सीयससम्म पुग्ने गरेको छ भने न्यूनतम तापक्रम २१.८ डिग्री सेल्सीयसदेखि २.५ डिग्री सेल्सीयस हुन्छ । गाउँपालिकामा गृष्म ऋतुमा केही गर्मीको र हिउँदमा सामान्य जाडो महसुस हुन्छ । जिल्लाको


वर्षा वार्षिक सरदर १,७०६ मिलिमिटर (आषाढ, श्रावण र भाद्रमा बढी वर्षा हुने) हुने गरेको छ। तर विगतका वर्षहरुका आँकडाहरु हेर्दा जिल्लामा न्यूनतम ताफक्रम ०.० डिग्री सेल्सीयस र अधिकतम तापक्रम ४०.५ डिग्री सेल्सीयससम्म पुगेको देखिन्छ। त्यसैगरी सरदर वर्षाको मात्रामा पनि निकै फरक परेको देखिन्छ, जस अनुसार विगत १० वर्षको आँकडा हेर्दा १,२६६.३ देखि १,७७९.५ मि.मि. पानी परेको देखिन्छ। बङ्गालको खाडीबाट चल्ने मनसुनी वायुबाट यहाँ वर्षा हुने गर्दछ, जुन असार महिनाबाट सुरु भै भदौ महिनासम्म सक्रिय रहन्छ। हिउँदमा भने पश्चिमी मनसुनी हावाबाट फाटफुट पानी पर्ने गर्दछ।

सन् २०१२ र १३ को औषत अधिकतम तथा न्यूनतम तापक्रम र वार्षिक वर्षाको विवरण तलको तालिकामा दिइएको छ।

तालिका नं. १ : राजपुर गाउँपालिकाको तापक्रम र वर्षाको विवरण (सन् २०१२ र २०१३)

| महिना | सन् २०१२ | | | सन् २०१३ | | |
|---|---|---|---|---|---|---|
| | औ. अधिकतम तापक्रम (से.) | औ. न्यूनतम तापक्रम (से.) | वर्षा मि.मि. | औ. अधिकतम तापक्रम (से.) | औ. न्यूनतम तापक्रम (से.) | वर्षा मि.मि. |
| जनवरी | १९.९ | ६.२ | २३.२ | २१.२ | ४.८ | ८.६ |
| फेब्रुअरी | २४ | ८.७ | ३५.४ | २३.३ | ९.६ | ५७.८ |
| मार्च | २९.६ | १३ | १७.५ | २९.७ | १४ | ०.२ |
| अप्रिल | ३३.८ | २३ | ५.४ | ३३ | १८ | ४१.२ |
| मे | ३६.३ | २१ | ६९.८ | ३४.९ | २२ | ६७.६ |
| जुन | ३६.२ | २४ | १४७ | ३०.९ | २३ | ४८३.६ |
| जुलाई | ३०.३ | २२ | ६३३.५ | ३१.२ | २४ | ५४८ |
| अगस्त | ३१.५ | २३ | ४५४.८ | ३१.३ | २३ | ४७१.२ |
| सेप्टेम्बर | ३०.९ | २२ | ३३३ | ३१.८ | २१ | १७२.६ |
| अक्टोबर | २८.९ | १६ | ० | २८.७ | १८ | ९४.८ |
| नोभेम्बर | २६.३ | ९.८ | ० | २५.८ | ११ | ० |
| डिसेम्बर | २३.२ | ६.९ | ० | २२.९ | ७.२ | ० |

स्रोत: दाङ जिल्ला पार्श्वचित्र, २०७१




## २.५ गाउँपालिकामा रहेको सम्भाव्यता र अवसर

गाउँपालिका क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार, नदीनालाहरुमा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्।

समग्रमा यस राजपुर गाउँपालिकाको धेरै क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

- ✓ गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती

क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा बस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिनेछ।

- ✓ गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुग्ध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकामा आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।
- ✓ यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।
- ✓ गाउँपालिकाका विभिन्न वडाहरुमा प्राकृतिक नदी तथा खोलाहरु भएको र थप केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाले बजार लिने सम्भावना रहेको छ।
- ✓ गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु रहेको यस गाउँपालिकामा सानाठुला धेरै मन्दिरहरु रहेका छन्। यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।

गाउँपालिका तथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी एकिकृतरुपले बैदेशिक रोजगारमा पठाउने व्यवस्था भएमा गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

यसका अतिरिक्त राजपुर गाउँपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- ✓ गाउँपालिकाक्षेत्र भित्र रहेका नदी तथा खोलाहरुबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यावसायीक रुपमा खेती गर्न सके कृषी उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ।
- ✓ स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुबिधा लिनुका साथै समग्र गाउँपालिकाको सुन्दरतामा बृद्धि हुन सक्छ।
- ✓ तरकारी, पशुपालन तथा अन्य कृषी उत्पादनको बजारको लागि समस्या नभएकोले व्यवसायिक कृषी उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ।

- ✓ दाङ जिल्लामा अवस्थित यस गाउँपालिकाक्षेत्रमा थप औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी वृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- ✓ यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- ✓ सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले गाउँपालिकाको विकासमा साझेदारी हुन सक्ने देखिन्छ ।
- ✓ गाउँपालिका क्षेत्रमा उपभोक्ताहरुको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## २.६ गाउँपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरू

यस राजपुर गाउँपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

- ✓ वन, उर्बर कृषि जमिन, नदी नाला, सम्म भौगलिक अवस्था र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ ।
- ✓ शिक्षित मानविय श्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।
- ✓ युवा जनसमुदायको बाहुल्यता देखिन्छ ।
- ✓ राष्ट्रिय राजमार्ग प्रणालीसंग आवद्ध भएको छ ।
- ✓ शिक्षा केन्द्रहरुको संचालनमा व्यवस्था
- ✓ भारतसङ्ग खुल्ला सिमाना
- ✓ जनसहभागितामा कमि
- ✓ गाउँपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु ।
- ✓ गाउँपालिकाक्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- ✓ गाउँपालिका क्षेत्रभित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको रहनु ।
- ✓ कृषीयोग्य भूमी भएतापनि व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- ✓ आयश्रोतको कमिले गाउँपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- ✓ बढ्दो शहरीकरणलाई ब्यवस्थित बनाउन नसक्नु ।
- ✓ स्थानीय जनप्रतिनिधिको खाँचो हुनु ।
- ✓ आकासे पानीमा निर्भर सिचाई
- ✓ पराम्परागत कृषि प्रणालि
- ✓ वर्षेनी डुवान तथा कटानको समस्या कृषीयोग्य भूमि खण्डिकृत हुदै प्रयोग बिहीन हुनु ।
- ✓ राजपुर गाउँपालिकामा खेलकुदमा राम्रो विकास भएको देखिन्छ ।

## २.७ गाउँपालिकाको अन्तर गाउँपालिका सम्बन्ध

गाउँपालिकाको बिच कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी गाउँपालिकाहरू बिच फरक-फरक हुन सक्छ। मानव विकासको निम्ती विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक गाउँपालिकाले अर्को गाउँपालिकामा निर्भर रहनु पर्ने हुन्छ। ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावर, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। यस गाउँपालिकामा भएका विविध खाले सुविधा प्राप्त गर्न अन्य गाउँपालिका तथा गाउँबाट आउने गरेको देखिन्छ। पहाडी क्षेत्रबाट कृषि र बनजन्य उत्पादनहरू तराई भित्रिने गर्दछन्। तराई क्षेत्र पहाडी जिल्लाहरूको तुलनामा सुविधा सम्पन्न भएकोले बसाई सराईको प्रबृत्ति निकै बढी देखिन्छ। भौगोलिक रुपमा एउटै क्षेत्रमा अवस्थित हुँदा हवाई र सडक यातायातको सुविधाका कारणले सुविधा उपलब्ध गाउँपालिकाहरूमा सेवा आउने जाने गर्दछन्। मौसमी रोजगारको लागि पहाडबाट तराई झर्ने प्रचलन रहेको देखिन्छ। यी विविध कारणले अन्तरगाउँपालिकासम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ।

साथै, यस गाउँपालिकाको छिमेकी गाउँपालिका/नगरपालिका तथा जिल्ला विकास समिति जस्ता सरकारी निकायहरुसंग राम्रो सम्वन्ध रहेको छ । फलत: यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ । त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ ।

## २.८ गाउँपालिका विकासमा देखिएका समस्या तथा चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीब्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- ✓ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यलय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन।
- ✓ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा वृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। शहरी बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बराजको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।
- ✓ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु जरुरी रहेको देखिन्छ।

✓ बैज्ञानिक बसोबास योजनाको आधार तयार गरी व्यवस्थित विकासमा जोड दिनु आवश्यक देखिन्छ। बस्तीहरूको विकासको लागि गुरुयोजना बनाई आवासिय क्षेत्र, व्यवसायिक क्षेत्रहरू, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेलमैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र निर्धारण गर्न जरुरी देखिएको छ।


## २.९ सिमसार क्षेत्र

नदी, नाला, तलाउ, पोखरी, कुवा, धाप तथा दलदले क्षेत्रहरू खासगरी जहाँ जमिन लुक्दैन पानी सुक्दैन त्यस्ता क्षेत्रहरूलाई सिमसार भनिन्छ। यस गाउँपालिकाका विभिन्न किसिमका दुर्लभ चराचुरुङ्गीहरू र सरिसृप (Reptiles) हरूको बास मानिन्छ। यस गाउँपालिकामा साना ठुला गरी दर्जनौ प्राकृतिक ताल तलैया रेकर्ड गरिएको छ। यी ताल तलैयाहरू जैविक विविधताले भरिपूर्ण रहेका छन्।

## २.१० ताल तलैयाहरू तथा खोला नदीहरू

गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका राप्ती नदी र विभिन्न खहरे खोलहरु तथा पोखरीहरूले प्रशस्त जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता नदी तथा तलाउहरुबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेलाबखत आंशिकरुपमा सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक नदीनालाहरुमा भूक्षय भई पुरिने क्रम जारी छ । यस्ता प्राकृतिक नदीनालाहरूको पुनरुद्धार गरी माछा पालन गरेमा गाउँपालिकाका जनताका लागि आवश्यक माछाको आपुर्ति हुने मात्र नभई कतिपय तालहरूमा पर्यटकिय आकर्षणको रुपमा जल विहार र नौकायन समेत गर्न सकिने देखिन्छ।

गाउँमा भएका नदीहरुलाई व्यवसायिक रुपमा उकास्दै लैजाने हो भने गाउँमा आन्तरिक तथा वाह्य पर्यटनको राम्रो सम्भावना रहेको छ ।



RAJPUR
N
82°6'0"E
82°9'0"E
82°12'0"E
82°15'0"E
82°18'0"E
82°21'0"E
82°24'0"E
82°27'0"E
82°30'0"E
28°0'0"N
27°57'0"N
27°54'0"N
27°51'0"N
27°48'0"N
27°45'0"N
27°42'0"N
27°39'0"N
Khaskusma
Satbariya
RAJPUR
7
6
5
4
3
2
1
BELA
Chaulahi
Gadhawa
INDIA
Koilabas
Scale 1:230,000
6,000
3,000
0
6,000
12,000
18,000
24,000 m
East and North Coverage
East=82° 6' 0" to 82° 30' 0"
North=27° 39' 0" to 28° 03' 0"
Legend
River Network
Ward Boundary
Gaupalika Boundary

## २.११ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ।


राजपुर गाउँपालिकामा भएका धार्मिक स्थलहरुको कुरा गर्दा दाङ जिल्ला लगायत अन्य जिल्लाहरुमा समेत ख्याती कामाएका मन्दिरहरु रहेका छन् । गाउँमा समयठान भन्ने हिन्दु धर्मावलम्बीहरुको पवित्र मन्दिर रहेको छ । जहाँ आकाशमुनी देवताहरु रहेका छन् भन्ने भनाइ छ। यस पवित्र स्थलमा शिवरात्रीको बेला ३ दिनसम्म मेला लाग्ने गर्दछ । त्यस्तै गरी २ वटा शिव मन्दिर पनि रहेका छन् । दिइएका धार्मिक स्थलहरुमा पुग्नको लागि सडकको प्रयोग पनि गर्नुपर्छ। राजपुर गाउँपालिकामा भएका धार्मिक स्थलको विस्तृत विवरण निम्नवमोजिमको तालिकामा प्रस्तुत गरीएको छ।

तालिका नं. २: धार्मिक तथा पर्यटकिय स्थलको विवरण

| क्र.सं. | स्थलको नाम | रहेको स्थान | क्षेत्रफल(कट्ठा) | पहुँच स्थिती | होटल लज रेष्टुरा | महत्व |
|---|---|---|---|---|---|---|
| 1 | समयथान मन्दिर | २ नं. | ५ | सडक पैदल | छैन | धार्मिक |
| 2 | शिव मन्दिर | | १ | सडक पैदल | छैन | धार्मिक |
| 3 | शिव मन्दिर | | कट्ठा | सडक पैदल | छैन | धार्मिक |
| 4 | सुनछहरी | ६ नं. सुनप्रभा खोला | | | | पर्यटकिय |
| 5 | कठबेरुवा ताल | १ नं. कठबेरुवा | | | | पर्यटकिय |
| 6 | जङग्रहवा रामजनकी मन्दिर | ५ नं. | | | | धार्मिक |

श्रोत: गाउँ वस्तुगत विवरण २०७३

राजपुर गाउँपालिकामा पिक्निक स्थलको रुपमा रहेको कटकुवा पोखरी रहेको छ। जुन ५ विगा क्षेत्रफलमा फैलिएको छ । यो स्थान पिक्निक स्थलको रुपमा चर्चित त छदै छ यस ठाउँबाट विभिन्न जनावरहरुको अवलोकन पनि गर्न सकिन्छ।


RAJPUR
N
Khaskusma
Satbariya
7
RAJPUR
6
RAJPUR
5
RAJPUR
4
3
BELA
2
BELA
1
BELA
RAJPUR
Temple
Chaulahi
Gadhawa
Koilabas
INDIA
Scale 1:230,000
6,000 3,000 0 6,000 12,000 18,000 24,000 m
East and North Coverage
East=82° 6' 0" to 82° 14' 0"
North=28° 2' 0" to 28° 10' 0"
Legend
Religious Places
Temple
Gaupalika Boundary
Ward Boundary

## २.१२ मुख्य चाडपर्वहरु

यस गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने पहाडी र मधेसी मूलका मानिसहरु रहेका छन् भने त्यस्तै मुस्लिम र क्रिस्चियन धर्म मान्ने मानिसहरु पनि छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने-माघे सग्रान्ती, माघी, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, गोठाले, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोह्रश्राद्ध जितीया, सिरुवा (विशेषगरी थारु-खवास), कूल-थानी पूजा, ग्रामथान पूजा, करवा चौथ, कर्कट संक्रान्ति, भुर्की पूजन, संकट पूजा, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, बारारवि अवल, सुवरात, ईद, वकरईद, मोहरम, ग्यारही सरिफ, इदुलफितर, क्रिशमस डे, नयाँ वर्ष, भ्यालेनटाईन डे, गौरा, होली, आइतबारी, देवीजात, चराईहरू (राना थारु जातिको), धुरिया पूजा, भूतुवा पूजा, रनपुतला (ब्राह्मण, क्षेत्री), अनन्त्य, पुसे १५, ओल्के, असारे १५, गंगा दशहरा, विसु तिहारे आदि चाडपर्वहरु रहेका छन् ।

## २.१३ सँस्कृति, कला, भाषा र साहित्य

राजपुर गाउँपालिका सँस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणल धनी गाउँपालिकाका रुपमा रहेको छ । गाउँपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरुको बसोबास रहेको छ । यस्तै, भुइँकला, वेदी, नाग, अष्टदल, ज्योति कला, टोटमवादी कला, गौरा (मूर्ति कला), गाँज (पुत्ला, देवीको प्रतीक पुत्ला), विजय सालको गिलाँस, काष्ठ कला, तेल हाल्ने चाडी, पाल्लो, कोशी, छाप्रो, ढकिया, डोको, नाम्लो, ढकिया, ढेरी, गिलाँसलगायत विभिन्न किसिमका कला, सँस्कृतिहरु प्रचलनमा रहेका छन् । विद्यमान सबै कला, सँस्कृतिको अध्ययन र संरक्षणको अभावका कारण कतिपय कला, सँस्कृति, परम्परा अमूर्त र लोपोन्मुख अवस्थामा रहेका छन् ।

यस गाउँपालिकामा बसोबास गर्दै आएका रैथाने थारु समुदायहरुको मौलिक सँस्कृतिले गाउँपालिकाको साँस्कृतिक पर्यटनलाई आकर्षण गरेको छ । जसको विस्तृत विवरण तल उल्लेख गरिएको छ ।

### थारू सँस्कृति:

गाउँपालिकाको पर्यटनका बहुआयामिक पक्षमध्ये मौलिक सँस्कृति प्रमुख हुन्छ । समाजशास्त्रीय दृष्टिकोण अनुसार सँस्कृतिको वृहत तथा व्यापक अर्थ र परिभाषा हुन्छ । समग्रमा मानिसको जीवनशैली, व्यवहार, चिन्तन, मूल्य, मान्यता परम्परा, विश्वास, कला, भाषा, चालचलन, धर्म आदि पक्षहरुको समिष्टिगत अवधारणा नै साँस्कृतिक पक्ष हो । थारु जातिको मौलिक र रैथाने जीवनशैली, ज्ञान र सीप रहेका छन् । यद्यपि, आधुनिक

जीवनशैली र विभिन्न साँस्कृतिक समूहहरुसँगको सम्बन्ध र प्रभावले गर्दा उनीहरुको साँस्कृतिक मौलिकतामा केही क्षय हुन पुगेको देखिन्छ ।

थारु जातिसँग रहेको मौलिक साँस्कृतिक पक्ष र रैथाने आदिवासी ज्ञानको अभिलेखीक कूल जनसंख्याको २१.९६ प्रतिशत थारु समुदायको जनसंख्या छ । साँस्कृतिक पर्यटन आन्तरिक तथा बाह्य पर्यटकहरुको चासो र आकर्षण बन्न पुगेको छ । राजपुरक्षेत्रको ग्रामीण पर्यटनलाई एकीकृत गर्ने क्रममा यस क्षेत्रमा थारु रेस्टुरेन्ट र भोजनालयको विकास गरी उनीहरुको विशिष्ट परिकार पस्कने प्रयास जरुरी छ । त्यसैगरी, उनीहरुको भेषभूषा, नाचगान, बाजा, गीत र खेलहरुको प्रदर्शन र प्रस्तुतीकरणको माध्यमबाट आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गर्न सकिन्छ । काठमाडौंको नेवार सँस्कृति, मनाङ र मुस्ताङको गुरुङ तथा थकाली, सोलुको सेर्पा, लमजुङको घलेगाउँ गुरुङ, स्याङ्जाको सिरुबारी सँस्कृति ग्रामीण साँस्कृतिक-पर्यटन विकास भएका गन्तव्य स्थलहरु हुन् । यस सन्दर्भमा राजपुरक्षेत्र थारु सँस्कृतिको पर्यटकीय गन्तव्यस्थल बन्न सक्ने प्रशस्त सम्भावना छ ।

भिन्नभिन्न ठाउँ र परिवेशबाट एउटै ठाउँमा बसोबासका लागि आएका समुदायका सँस्कृति, कला र चालचलनको अनुपम संगम थलोका रुपमा राजपुर गाउँपालिका विकास भएको छ । खासगरी रैथाने आदिवासी थारु समुदायको मौलिक सँस्कृति, चालचलन, भेषभूषा, भाषा, लवाइखवाइ राजपुर को साँस्कृतिको सम्पदा बनेको छ । थारु समुदायका गाउँवस्ती प्राय:मा बढी जनघनत्व रहेको हुन्छ । यिनीहरु एक्लै बस्न रुचाउँदैनन् । गुज्मुज्ज परेको भूइतले घरहरु रहेको वस्तीलाई थारु समुदायको वस्ती भनेर सहजै अनुमान गर्न सकिन्छ । थारु समुदायमा मुखिया, बडघर वा चौधरी प्रथा हालसम्म पनि कायम छ । थारु समुदायमा परिवार संख्या निकै ठूलो हुने गर्दछ । यद्यपी, आधुनिकतासँगै थारु समुदायमा पनि परिवार विखण्डन हुने क्रम बढ्दो छ । निकै ठूलो परिवार संख्या हुने भएकोले नै भुइतले घर बनाउने प्रचलन रहेको मानिन्छ । थारुहरुले घर बनाउँदा उत्तर दक्षिण लामो पारेर बनाउने चलन छ । पूर्वको ढाकोबाट सूर्यको किरण राम्रोसित छिर्नसक्ने वा घरभित्रैबाट घाम ताप्न मिल्ने गरी घर बनाउने गरिएको छ । खासगरी, उत्तरपूर्वको कोठामा देउता राख्नुपर्ने हुँदा थारुले एकै किसिमका घर बनाउनुपर्ने बाध्यता जस्तै रहेको छ ।

थारुहरुको घरको भित्तामा कुशलतापूर्वक माटोबाट मयूर, फूल, घोडाघोडी, हात्ती आदि जीवजन्तुको चित्र बनाएको पाइन्छ । घरका भित्तामा बनाएको माटोको चित्रबाट थारु समुदायले आफ्नो परम्परागत कलाको संरक्षण गरेको मान्नुपर्दछ भने अर्कोतिर उनीहरु परापूर्वकालदेखि नै कलाकारितामा निपूर्ण रहेको अनुमान गर्न सकिन्छ । लत्ताकपडा राख्नका लागि बनाइएका भौंका, सरसामान बोक्नलाई बनाइएका ढकिया आदि मौलिक हस्तकलाका द्योतक हुन् । घरमा कलात्मक झ्याल ढोका राख्ने चलन पनि रहेको छ । उनीहरु काष्ठकलामा समेत निपूर्ण रहेको छन् ।

थारु भाषामा ऋतु अनुसारका नाचगान छन् । सजना, मैना, धमार, बडकीमार अथवा जन्माष्टमी र दशैंमा गाइने गीत, सखिया आदि थारु समुदायमा रहेका गीत-सँगीतका उत्कृष्ट नमूना हुन् ।


थारु जातिको छुट्टै मौलिक पोशाक रहेको छ । थारु जातिका लोग्ने मान्छेले धोती-कमीज, भेगवा, चदरी, जामा काकासुती र टोपी लगाउँछन् भने महिलाले अंगिया, लेहंगा गटिया र फरिया लगाउँछन् । तराइमा अन्य समुदायको बसोबास हुन थालेपछि भने थारु समुदायमा पनि आफ्नो मौलिक पोशाक लगाउने चलन विस्तारै कम हुँदै गएको पाइन्छ । चाडपर्व वा अन्य कुनै औपचारिक कार्यक्रममा मात्रै थारुले आफ्नो पोशाक लगाउने गरेको पाईन्छ ।

थारु महिलाले टाउको देखि खुट्टासम्म गहना लगाउने चलन छ । निधारमा टिकुली र मगिया, नाकमा नठिया, नथुनी, बुलाकी र फेंफी, कानमा वीर, झिलमिलिया, लुर्की, कनबझवा, अइरम, टर्की, मरवारी र झुम्काझुम्की, घाटीमा सिक्री, माला, गटैया, कनसेहरी टौंक, सुत्या, धुरुवा आदि लगाउने गर्छन् । थारु जातीमा पनि दंगहा रझटिया, कठरिया र राना थारु समुदायका महिलाले लगाउने पोशाक तथा गरगहनामा विविधता पाइन्छ ।

थारु जातिमा अतिथिलाई अति नै आदर गर्ने चलन रहेको छ । घरमा कुनै अतिथिको आगमन हुँदा खाटमा कम्बल वा दरी ओछ्याएर सम्मान गर्ने र पानी खुवाउने चलन छ । खाना खुवाउँदा पनि माछा, मासु वा सिद्रा, नभए अण्डा दिएर सम्मान गर्ने चलन छ । पाहुनालाई विदाई गर्दा पनि गाउँको सिमानासम्म या कुनै नदी या खोला तराएर विदाइ गर्ने गर्छन् ।

# खण्ड ३ : जनसंख्याको विवरण

## ३.१ जनसंख्याको विवरण



नेपालको भौगोलिक विविधता र भौगोलिक असमानताको कारण जनसंख्याको वितरणमा पनि असमान रुप देखिन्छ। राष्ट्रिय जनगणना, २०६८ अनुसार राजपुरको जनसंख्या २५,०३७ जना रहेको छ जस मध्ये पुरुष ४८.९३ प्रतिशत १२,२५१ जना र महिला ५१.०७ प्रतिशत १२,७८६ जना रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार लैंगिक अनुपात (Sex Ratio)अर्थात् प्रति १०० पुरुषमा महिलाको संख्या९५.८२ रहेको छ। यस को कुल जनसंख्या मध्ये १३,२९३ जना (५३.०९ प्रतिशत) १५ देखि ५९ वर्ष उमेर समूहका, १०,१८५ जना (४०.६८ प्रतिशत) १४ वर्ष वा सो भन्दा कम उमेरका र १,५५९जना (६.२३८प्रतिशत) ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार राजपुर मा ४,४७३ घरपरिवार रहेका छन्। हाल यस गाउँपालिकामा प्रति परिवार औषत ५.६० जना सदस्य रहेको देखिन्छभने साक्षरता दर ६३.५६प्रतिशत रहेको छ । पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम यस को कुल जनसंख्या मध्ये २.७० प्रतिशत अर्थात ६७७ जनाअपाङ्गता भएकाहरू रहेका छन्। जस मध्ये ३८२ जना (५६.४३प्रतिशत) पुरुष र २९५ (४३.५७प्रतिशत) जना महिला छन्। नेपालको परिवारको औषत आकार ५.३१ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ। गाउँमा परिवारको औषत (५.६०) आकार मध्यम देखिन्छ ।

तालिका नं. ३: जनसंख्याको विवरण

| विवरण | सन् २००१ | सन् २०११ |
|---|---|---|
| जम्मा जनसंख्या | | २५०३७ |
| पुरुष | | १२२५१ |
| महिला | | १२७८६ |
| लैंगिक दर | | ९५.८२ |
| जम्मा घरधुरी | | ४,४७३ |
| औषत परिवार आकार | | ५.६० |
| ६ वर्ष र सोभन्दा माथिको साक्षरता दर | | ६१.१० |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | | ४३ |

श्रोत : केन्द्रिय तथ्याङ्क विभाग, २०६८

## ३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरीको विवरण

तालिका नं. ४: लिङ्गअनुसार वडागत जनसंख्याको विवरण


| वडा नं. | जम्मा क्षेत्रफल | औषत घरधुरी आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | | ५.०५ | ७६६ | ३,८७१ | १७३९ | २१३२ | |
| २ | | ५.२९ | ७७० | ४,०७६ | १९७२ | २१०४ | |
| ३ | | ६.३५ | ५१९ | ३,२९८ | १६९८ | १६०० | |
| ४ | | ६.२३ | ४५९ | २,८६० | १४६८ | १३९२ | |


| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | | ६.१६ | ५१५ | ३,१७० | १६१७ | १५५३ | |
| ६ | | ५.६६ | ४७६ | २,६९२ | १३०९ | १३८३ | |
| ७ | | ५.२४ | ९६८ | ५,०७० | २४४८ | २६२२ | |
| | ५७७.३३ | ५.६० | ४,४७३ | २५,०३७ | १२,२५१ | १२,७८६ | |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

राजपुर गाउँपालिका कुल ७ वडामा विभाजन गरीएको छ । जस अनुसार तालिकामा वडाहरुको जनसंख्याको विवरण देखाइएको छ । जसमा महिलाको संख्या ५१.०७ प्रतिशत छ भने पुरुषको संख्या ४८.९३ प्रतिशत रहेको देखिन्छ । महिला र पुरुषको जम्मा जनसंख्या २५,०३७ रहेकोमा यसलाई लैङ्गिकको आधारमा छुट्याएर हेर्दा पुरुषको भन्दा महिलाको जनसंख्या २.१४ प्रतिशतले बढी रहेको देखिन्छ । समग्र देशको तुलना गर्दा पुरुषको भन्दा महिलाको जनसंख्या बढी रहेको अवस्थामा यस गाउँपालिकामा पनि पुरुषको जनसंख्या महिलाको जनसंख्याभन्दा कम रहेको देखिन्छ ।

वडागत रुपमा हेर्दा सबैभन्दा बढी जनसंख्या वडा नं.७ मा ५,०७० रहेको देखिन्छ भने सबै भन्दा कम वडा नं.६ मा २,६९२ रहेको छ । परिवारको संख्यालाई हेर्दा यस गाउँपालिका ४,४७३ घरपरिवार रहेकोमा पनि सबैभन्दा बढी वडा नं ७ मा९६८ घरधुरी रहेको र सबै भन्दा कम वडा नं. ६ मा ४७६ घरधुरी रहेको देखिन्छ । जनसंख्याको आधारमा घरधुरी संख्या पनि समानुपातिक नै रहेको देखिन्छ ।




RAJPUR:SEXWISE POPULATION
N
Total: 25037
Male: 12251
Female: 12786
7
6
5
4
3
2
1
Scale1:230,000
4,000 2,000 0 4,000 8,000 12,000 16,000 20,000 m
Legend
1,000
Male
Female

## ३.४ उमेरसुमह अनुसार जनसंख्याको विवरण


तालिका नं. ५: उमेर समूहअनुसार जनसंख्याको विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ०–४ | १५१३ | १४६४ | २,९७७ | ११.८९ | १.०३ |
| ५–९ | १८५१ | १७७५ | ३,६२६ | १४.४८ | १.०४ |
| १०–१४ | १७७९ | १८०३ | ३,५८२ | १४.३१ | ०.९९ |
| १५–१९ | १४१८ | १५५१ | २,९६९ | ११.८६ | ०.९१ |
| २०–२४ | ९३३ | १२४१ | २,१७४ | ८.६८ | ०.७५ |
| २५–२९ | ८७१ | १०५४ | १,९२५ | ७.६९ | ०.८३ |
| ३०–३४ | ६४५ | ७७० | १,४१५ | ५.६५ | ०.८४ |
| ३५–३९ | ६९२ | ६४७ | १,३३९ | ५.३५ | १.०७ |
| ४०–४४ | ४८५ | ५५८ | १,०४३ | ४.१७ | ०.८७ |
| ४५–४९ | ४६७ | ५०३ | ९७० | ३.८७ | ०.९३ |
| ५०–५४ | ४२४ | ३८९ | ८१३ | ३.२५ | १.०९ |
| ५५–५९ | ३३४ | ३११ | ६४५ | २.५८ | १.०७ |
| ६०–६४ | ३०७ | २७४ | ५८१ | २.३२ | १.१२ |
| ६५–६९ | २५८ | १९१ | ४४९ | १.७९ | १.३५ |
| ७०–७४ | १२३ | १२१ | २४४ | ०.९७ | १.०२ |
| ७५–७९ | ८० | ६२ | १४२ | ०.५७ | १.२९ |
| ८०–८४ | ३७ | ४२ | ७९ | ०.३२ | ०.८८ |
| ८५–८९ | २२ | १५ | ३७ | ०.१५ | १.४७ |
| ९०–९४ | ७ | ११ | १८ | ०.०७ | ०.६४ |
| ९५ | ५ | ४ | ९ | ०.०४ | १.२५ |
| **कुल जम्मा** | **१२,२५१** | **१२,७८६** | **२५,०३७** | **१००.००** | **०.९६** |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

यस तालिकामा वि.सं.२०६८ मा केन्द्रीय तथ्याङ्क विभागले गरेको सर्वेक्षण अनुसार गाउँपालिकामा बसोबास गर्ने विभिन्न उमेर समूहका मानिसहरुको विवरण उल्लेख गरिएको छ । जसमा ०-१४ वर्ष उमेर समूहको संख्या १०,१८५ (४०.६८ प्रतिशत), १५-४५वर्ष उमेर समूहको जनसंख्या १०,८६५ (४३.४० प्रतिशत) रहेको देखिन्छ। यसैगरी काम गर्ने उमेर १५ देखि ५९ वर्षसम्मको जनसंख्या १३,२९३(५३.०९प्रतिशत) रहेको छ। लिङ्गको आधारमा हेर्दा महिलाको जनसंख्या १२,७८६ (५१.०७ प्रतिशत) र पुरुषको जनसंख्या १२,२५१ (४८.९३प्रतिशत) छ । यसप्रकार पुरुष र महिलाको जनसंख्याको अन्तर २.१४ प्रतिशत देखिन्छ। ६० वर्ष भन्दामाथि उमेर समूहको संख्या १,५५९(६.२३ प्रतिशत) देखिएको छ। माथिको विवरणबाट आश्रित जनसंख्या सक्रिय जनसंख्या न्युन रहेको देखिन्छ यसरी गाउँपलिकामा मानव स्रोतको प्रशस्त सम्भावना रहेको तथ्यले देखाउँछ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरीएको छ ।

उमेर समूहअनुसार जनसख्याको विवरण




## ३.५ घरमूलीको लैङ्गिक वडागत विवरण


तालिका नं. ६: घरमुलीको लैङ्गिक विवरण

| वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ५३१ | ६३६ | ४५६ | ४१६ | ४७३ | ३७२ | ८१८ | ३,७०२ | ८२.७६ |
| महिला | २३५ | १३४ | ६३ | ४३ | ४२ | १०४ | १५० | ७७१ | १७.२४ |
| जम्मा | ७६६ | ७७० | ५१९ | ४५९ | ५१५ | ४७६ | ९६८ | ४,४७३ | १००.०० |

श्रोत : राष्ट्रिय जनगणना, २०६८

पछिल्लो जनगणना २०६८ को नतिजाअनुसार जम्मा ४,४७३ घरधुरी संख्या रहेको यस गाउँपालिकामा ८२.७६ प्रतिशत घरमा चाहिँ पुरुषहरु नै घरमुली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने सानो हिस्सामा करिव चार भागको एक भाग मात्र १७.२४ प्रतिशत महिलाहरु घरमुली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ । लैङ्गिक आधारमा घरमुलीको संख्या पुरुष र महिलाको बीचमा ठूलो अन्तर देखिन्छ । यो अवस्था समग्र देशको अवस्थासंग मिल्दोजुल्दो नै देखिन्छ । यसले लैङ्गिक असमानताको जरा अझै गाढेर रहेको पितृसत्तात्मक समाजको पहिचान लाई बुझाउँछ। यस्तै राजपुर गाउँपालिका पनि यो कटुट सत्यता बाट बाहिर

जान सकेको छैन जसलाई वडागतरुपमा माथिको प्रस्तुत गरिएको घरमुलीको लैङ्गिक विवरणलाई तल स्तम्भ चित्रमा स्पष्ट रुपमा देखाईएको छ।




## ३.६ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

कुनै पनि देशले विवाहका लागि कानुनमै न्युनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रुपमा तथा कम उमेरमा गरेको विवाहका रुपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए बिस वर्ष नपुगी विवाहवारी गर्न नहुने व्यवस्था गरेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिबृद्धि हुँदै आएको कारण बालविवाहको चलन घट्दै गइरहेको पाइन्छ। तापनि अझै केही क्षेत्रहरूमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच बृद्धि भई दुरुपयोग बढेर आफुखुसी बालविवाह गरेका घटनाहरू पनि सुन्नमा आउन थालेका छन्।

राष्ट्रिय जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्भेक्षण अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रुपमा बढ्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ।

## ३.७उमेर समुह अनुसारपहिलो विवाह गर्दाको उमेरको विवरण

तालिका नं. ७: पहिलो विवाह गर्दाको उमेरको विवरण

| लिङ्ग | १० वर्ष सम्ममा | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | ५० वर्ष माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ३९ | ३०४ | ३०७३ | १५११ | ३६४ | ९० | ३५ | २२ | ४ | २ | ५,४४४ |
| महिला | ११३ | ९४५ | ४५७५ | ७९४ | १११ | ३३ | १६ | २ | ० | ५ | ६,५९४ |
| जम्मा | १५२ | १,२४९ | ७,६४८ | २,३०५ | ४७५ | १२३ | ५१ | २४ | ४ | ७ | १२,०३८ |
| प्रतिशत | १.२६ | १०.३८ | ६३.५३ | १९.१५ | ३.९५ | १.०२ | ०.४२ | ०.२० | ०.०३ | ०.०६ | १००.०० |

श्रोत : राष्ट्रिय जनगणना, २०६८

माथिको तालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या सबैभन्दा बढी ७,६४८ (६३.५३ प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहको संख्या २३,३०५( १९.१५ प्रतिशत) देखिन्छ। १० देखि १४ वर्ष उमेरसमूहको बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या १५२ (१.२६प्रतिशत) रहेको देखिन्छ।नेपाल सरकारको कानुनले नेपालमा मुलुकी ऐन, (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए बिस वर्ष नपुगी विवाहवारी गर्न नहुने व्यवस्था गरेको छ तरपनि माथिको विवरणमा ६३.५३ प्रतिशतले १५ दखि १९ वर्ष मा विवाह गर्ने गरेको देखिन्छ। अझै पनि गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामा नै विवाह गरिदिने साथै पछिल्लो समयमा आफुखुसी उमेर अगावै विवाह गर्ने चलन रहेको देखिन्छ। जसलाई उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गरी नियन्त्रण गर्नु पर्ने देखिन्छ।


## .८ लैङ्गिक आधारमा वैवाहिक स्थिति

बैबाहिक स्थिति भन्नाले बिबाह गरेका, बिबाह गरेर पनि सम्वन्ध विच्छेद भएका साथै श्रीमान वा श्रीमती गुमाएर एकल भई बसेको अवस्थलाई जनाउँछ। यस्ता अवस्थाहरुलाई आधार मानेर राजपुरगाउँपालिकाभएका जनसंख्याहरुमध्ये १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका व्यक्तिहरुको बैवाहिक अवस्थालाई आधार मानेर तलको तालिकाबाट प्रस्ट्याउने प्रयास गरिएको छ।


तालिका नं. ८: पहिलो विवाह गर्दाको उमेरको विवरण

| लिङ्ग | कहिल्यै विवाह नभएको | एक विवाह | बहु विवाह भएको | पुन: विवाह भएको | विधवा/विधुर | पारपाचुके भएको | छुट्टिएको | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ३४७३ | ४६९९ | २३८ | २४७ | १८३ | ३० | १७ | ८८८७ |
| महिला | ३०२६ | ५६९४ | ९० | २८८ | ४०७ | १६ | २६ | ९५४७ |
| जम्मा | ६४९९ | १०३९३ | ३२८ | ५३५ | ५९० | ४६ | ४३ | १८४३४ |
| प्रतिशत | ३५।२६ | ५६.३८ | १.७८ | २.९० | ३.२० | ०.२५ | ०.२३ | १००.०० |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८




माथिको तालिकालाई हेर्दा यस गाउँपालिकामा १० वर्ष वा सो उमेर समुह भन्दा माथिको उमेर समुहमा गरिएको अध्ययन अनुसार जम्मा २५,०३७ जनसंख्या मध्ये ११,९३५(६४.७४प्रतिशत) व्यक्तिहरु विवाहित छन्। विवाहित पुरुष र विवाहित महिलाको संख्यामा ९.२८ प्रतिशतको अन्तर देखिएको छ । कुल संख्याको १०,३९३( ५६.३८प्रतिशत) एक विवाह गर्ने, बहु विवाह गर्ने ३२८ (१.७८ प्रतिशत) र पुन: विवाह गर्ने ५३५ (२.९० प्रतिशत) छन् । गाउँपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा बढी रहेको छ भने बहु विवाह गर्ने पुरुषको संख्या र बहु विवाह गर्ने महिलाको संख्यामा ठुलो अन्तर देखिन्छ जहाँ कुल विवाहित मध्ये बहुविवाह गर्ने पुरुषको संख्या २३८ छ भने महिलाको संख्या जम्मा ९० रहेको छ जसले नेपाली पितृसत्तात्मक समाज र असमानता देखिन्छ। विधुवा/विधुरको संख्या पनि कुल संख्याको ५९० (३.२०) प्रतिशत र छुट्टिएका ४३ (०.२३) प्रतिशत रहेका छन्। यो तथ्याङ्क पनि समग्र देशको राष्ट्रिय तथ्याङ्कसँग मेल खाएको छ ।




## ३.९ मातृभाषाअनुसार जनसंख्या विवरण


तालिका नं. ९: मातृभाषाअनुसार जनसंख्या विवरण

| क्र.सं. | मातृभाषा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | १२८९६ | ५१.५१ |
| २ | अवधी | ६१३४ | २४.५० |
| ३ | थारु | ५३७६ | २१.४७ |
| ४ | खाम | २२८ | ०.९१ |
| ५ | उर्दु | १९७ | ०.७९ |
| ६ | मगर | १२२ | ०.४९ |
| ७ | मैथिली | ४० | ०.१६ |
| ८ | नेवार | ११ | ०.०४ |
| ९ | हिन्दी | ७ | ०.०३ |
| १० | तामाङ | ६ | ०.०२ |
| ११ | ह्योल्मो/ग्होल्मो | ५ | ०.०२ |
| १२ | डोटेली | ४ | ०.०२ |
| १३ | उल्लेख नगरिएको | ४ | ०.०२ |
| १४ | राई | २ | ०.०१ |
| १५ | गुरुङ | १ | ०.०० |
| १६ | दनुवार | १ | ०.०० |

| | | | |
|---|---|---|---|
| १७ | बंगला | १ | ०.०० |
| १८ | छन्त्याल | १ | ०.०० |
| १९ | साङ्केतिक भाषा | १ | ०.०० |
| | **जम्मा** | २५०३७ | १००.०० |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

नेपाल एक बहुभाषिक र बहुसाँस्कृतिक विविधतायुक्त राष्ट्र हो ।यस राजपुर मा पनि भाषिक विविधता देखिन्छ। यहाँ १८ भाषा बोल्ने र साथै अन्य भाषा बोल्नेहरुको विवरण प्रस्तुत भएको छ। अक्सर बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरू जसमा बडो विविधता रहेको पाइन्छ। मातृ भाषा बोल्नेहरूको जनसंख्या हेर्दा सबैभन्दा बढी नेपाली भाषा बोल्ने संख्या १२,८९६ (५१.५१ प्रतिशत) रहेको देखिन्छ साथै, नेपाली ६,१३४ (२४.५० प्रतिशत), थारु ५,३७६ (२१.४७ प्रतिशत) यी तीन भाषा बोल्नेहरुको बाहुल्यता रहेको देखिन्छ भने अरु नगन्य भाषा रुपमा देखिन्छ। उर्दु १९७ (०.७९ प्रतिशत), मगर १२२(०.४९प्रतिशत), खाम २२८ ( ०.९१प्रतिशत) रहेको छ भने तमाङ, साङ्केतिक, हिन्दी, मैथली, बंगाली छन्त्याल,राई भाषाहरु सबै भन्दा कम देखिन्छ।





## ३.१० जातजाति समुहअनुसार जनसंख्याको विवरण

गाउँपालिकाको सामाजिक संरचनाको दृष्टिकोणबाट बढो विविधतायुक्त रहेको पाईन्छ। पछिल्लो जनगणना अनुसार यस गाउँपालिका करिव १०६ वटा जात/जातिको बसोबास रहेको पाईन्छ भने करिव १२३ भन्दा बढी मातृभाषाभाषीहरु बोलिने गरिएको देखिन्छ। नेपाल एक बहुभाषी, बहुधर्मिक र बहु जातिय मुलुक भएको हुँदा धेरै जातजाति भाषाभाषीहरु रहेका छन्। यस राजपुरगाउँपालिकामापनि धेरै जातजातिहरुको बसोबास रहेको पाइन्छ। ७,२६७ घरधुरीमा गरेको जनसांख्यीक विवरण अनुसार यस गाउँपालिकामा बसोबास गर्दै आएका विभिन्न जातजातिहरुको विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. १०: जातजाती समुहको जनसंख्याको विवरण

| क्र.सं. | जातजाति | जम्मा | प्रतिशत | क्र.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | थारु | ५,४९९ | २१.९६ | ७ | दमाई/ढोली | ६६९ | २.६७ |
| २ | यादव | ४,८१४ | १९.२३ | ८ | सन्यासी/दशामी | ५८५ | २.३४ |
| ३ | मगर | ४,५०३ | १७.९९ | ९ | चमार/हरिजन/राम | ३६९ | १.४७ |
| ४ | क्षेत्री | ३,५५६ | १४.२० | १० | ब्राम्हण पहाडी | ३६२ | १.४५ |
| ५ | कामी | २,४७५ | ९.८९ | ११ | ठकुरी | ३१६ | १.२६ |
| ६ | कुमाल | ७०९ | २.८३ | १२ | अन्य | १,१८० | ५ |
| | | | | | जम्मा | २५,०३७ | १०० |

माथिको तालिकाको तथ्याङ्कलाई हेर्दा यस गाउँपालिकाको कुल जनसंख्या २५,०३७ रहेकोमा थारु जति सबै भन्दा बढी ५,४९९ (२१.९६ प्रतिशत) रहेको देखिन्छ । दोस्रो स्थानमा यादव४,८१४ (१९.२३ प्रतिशत) र तेस्रोमामगर ४,५०३ (१७.९९ प्रतिशत) रहेको पाइन्छ । त्यस्तै,क्षेत्री ३,५५६ (१४.२० प्रतिशत), कामी२,४७५ ( ९.८९ प्रतिशत), कुमाल ७०९(२.८३ प्रतिशत), ठकुरी ३१६ (१.२६प्रतिशत) त्यस्तै दमाई, नेवार, माझी लगायतका जातजाती बसोवास गर्दछन् जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ यो विवरणलाई अझ प्रष्ट गर्न तल स्तम्भ प्रस्तुत गरिएको छ ।



यस गाउँपालिकाको कुल जनसंख्या २५०३७ मध्ये ५४.९२ प्रतिशत (२१,१९४ जना) जनसंख्या आदिवासी जनजाति रहेको छ। जसमध्ये सबैभन्दा बढी थारु समुदाय १७,५६३ (४५.५१ प्रतिशत), दोस्रोमा मगर ४८०३ ( १७.९९ प्रतिशत), तेस्रोमा कुमाल७०९ (०.४० प्रतिशत) र चौथोमा गुरुङ्ग ५४९९ (२१.९६ प्रतिशत) रहेको छ । मुख्यत: कृषि पेशामा संलग्न यो समुदायमा साक्षरता प्रतिशत न्यून रहेको छ। एकातर्फ बाल विवाह, बच्चा जन्मनु पूर्व नै मगनी गर्ने विवाह, गुरुवा (धामी, झाक्री) प्रथा जस्ता सामाजिक प्रथाहरू यस समुदायमा हालसम्म आंशिक रुपमा भएपनि कायमै रहेको पाइन्छ भने अर्कातर्फ आफ्नो मौलिक संस्कृतिलाई भने यस समुदायले अद्यावधि बचाई राखेको पाइन्छ। यस समुदायबाट जनप्रतिनिधिको रुपमा हाल निर्णायक तहमा सहभागिता देखिएको छ। राजपुर गाउँपालिकाको विकास निर्माणमा हात पाखुरी चलाउदै आएको यो समुदाय अहिले आएर सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले समेत महत्वपूर्ण अवस्थामा रहेको छ।

### उत्पीडित समुदाय

जात जातिको हिसावले राजपुर गाउँपालिकामाउत्पिडित समुदाय ठुलोसमुदायको रुपमा रहेको छ। सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका प्रा.वि., निमावि, र मा.वि.मा अध्ययन छात्र छात्राहरूको संख्या भने तुलनात्मक रुपमा कम रहेको छ। परम्परागत शिल्प र विभिन्न कलाको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानुनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानुनी अपराधको रुपमा परिभाषित गरिएको झण्डै ५ दशक हुन लाग्दा राजपुर गाउँपालिकामा उत्पीडित र उपेक्षित समुदायले अद्यपि उपेक्षित अवस्था कायमै रहेको छ। निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्युन छ। त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।

## ३.१२ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

तालिका नं. ११: अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

| अनुपस्थित घरधुरी र जनसंख्याको विवरण | | | | |
|---|---|---|---|---|
| जनगणना वर्ष | जम्मा घरधुरी | अनुपस्थित घरधुरी | उपस्थित घरधुरी | थाहा नभएको |
| २०६८ | ४,४७३ | ९९८ | ३,४६८ | ७ |
| प्रतिशत | १०० | २२.३१ | ७७.५३ | ०.१६ |

श्रोत : केन्द्रिय तथ्यांक विभाग २०६८

माथिको तालिका अनुसार यस गाउँपालिकामा अनुपस्थित घरधुरी संख्या ९९८ (२२.३१ प्रतिशत) रहेको देखिन्छ। भने उपस्थित घरधुरी संख्या ३,४६८ (७१.१३ प्रतिशत) रहेको देखिन्छ । यसरी हेर्दा यस क्षेत्रमा धेरै घरधुरी खाली रहेको पाइन्छ । तथ्याङ्क अनुसार यस गाउँपालिकाबाट विभिन्न पेशा, व्यापार, व्यवसाय, अध्ययन तथा वैदेशिक रोजगारको सिलसिलामा ठूलो संख्या अनुपस्थित रहेको देखिन्छ । जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ ।


## ३.११ धर्मका आधारमा जनसङ्ख्याको विवरण

तालिका नं. १२: धर्मअनुसार जनसंख्याको विवरण

| हिन्दु | क्रिश्चियन | इस्लाम | बौद्ध | प्रकृति | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| २४२३३ | ५५४ | २१९ | २१ | १ | ९ | २५०३७ |
| ९६.७९ | २.२१ | ०.८७ | ०.०८ | ०.०० | ०.०४ | १००.०० |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

नेपालकोसंविधान २०६३ ले नेपाल एक धर्म निरपेक्ष राष्ट्र हो ।यसर्थ नेपालमा धार्मिक स्वतन्त्रता र विविधता रहेको छ । यसैगरी यस राजपुर गाउँपालिकामा पनि धार्मिक विविधता रहेको छ।हिन्दु धर्मको बाहुल्यता भएको देश नेपालमा हरेक क्षेत्रमा यसको प्रभाव भने देखिन्छ ।धार्मिक दृष्टिकोणले हेर्दा यस गाउँपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरु रहेका छन् । २०६८ को जनगणना अनुसार माथिको तालिकालाई हेर्दा २४,२३३ (९६.७९ प्रतिशत)ले हिन्दु धर्म मान्ने गरेको देखिन्छ भने त्यसपछि दोस्रोमा धर्म मान्ने क्रिश्चियन ५५४ (२.२१प्रतिशत), तेस्रोमा धर्म मान्ने इस्लाम २१९ (०.८७ प्रतिशत) र चौथोमा बौद्ध धर्म मान्ने २१ ( ०.०८ प्रतिशत) रहेको देखिन्छ । साथै, बहाई धर्म मान्ने जम्मा १ जना रहेका छन्।संख्याको तुलनात्मक रुपमा अत्यन्त कम अर्थात् न्यून लोपोसन्मुखरुपमा बहाई धर्म मान्ने देखियो। यस गाउँपालिकाका धेरैजसो मानिसहरुले आफ्नो सनातन हिन्दु धर्म मान्ने र सोही अनुसारका चाडपर्वहरु जस्तै: दशैं, तिहार, जनैपूर्णिमा, तीज, छठ, इद,माघी, होली आदि मनाउने गर्दछन् भने अन्य धर्मावलम्बीहरुले ल्होसार, बुद्धजयन्ती, चण्डी पर्व, क्रिसमस डे आदि जस्ता चाडपर्वहरु मनाउने गर्दछन् । यो तथ्याङ्कलाई हेर्दा समग्र राष्ट्रको तथ्याङ्कअनुसारको धर्मको अवस्था जस्तै देखिन्छ र यसबाट पनि राष्ट्रिय तथ्याङ्कको विश्वसनियतालाई थप विश्वासिलो बनाउन सघाउ पुग्ने देखिन्छ । यी विविध तथ्यबाट यस गाउँपालिकाधार्मिक रुपले बढी विविधतायुक्त रहेको देखिन्छ । यसलाई तल स्तम्भमा उल्लेख गरिएको छ ।





## ३.१२ परिवारले प्रयोग गरेको घरको स्वामित्वको वडागत विवरण

तालिका नं. १३: परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा नं. | निजी | भाडा | संस्थागत | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ७६३ | २ | ० | १ | ७६६ |
| २ | ७४३ | २६ | १ | ० | ७७० |
| ३ | ५१८ | ० | ० | १ | ५१९ |
| ४ | ४५१ | ४ | ० | ४ | ४५९ |
| ५ | ५१४ | १ | ० | ० | ५१५ |
| ६ | ४७१ | ४ | ० | १ | ४७६ |
| ७ | ९५९ | ६ | २ | १ | ९६८ |
| जम्मा | ४,४१९ | ४३ | ३ | ८ | ४,४७३ |
| प्रतिशत | ९८.७९ | ०.९६ | ०.०७ | ०.१८ | १०० |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

मथिको तालिकामा जम्मा घरधुरी ४,४७३ मध्ये परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या ४,४१९ अर्थात ९८.७९ प्रतिशत, भाडामा बस्ने परिवारको संख्या ४३ अर्थात ०.९६ प्रतिशत, संस्थागत ३ अर्थात ०.०७ प्रतिशत र अन्य घरधुरीको संख्या ८ अर्थात् ०.१८ प्रतिशत रहेका छन्।राजपुर गाउँपालिकाको विवरण हेर्दा आफ्नो स्वामित्वको घरको संख्या उच्च रहेको छ। यस राजपुर गाउँपालिकाको घरको स्वामित्वलाई माथिको तालिका निम्न वमोजिम प्रस्तुत गरीएको स्तम्भ चित्रबाट प्रष्ट पारीएको छ ।




## ३.१३ घरमा महिलाको स्वामीत्वको वडागत विवरण

तालिका नं. १४: घरमा महिलाको स्वामीत्वको वडागत विवरण


| वडा नं. | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | ४९ | ७१४ | ३ | ७६६ |
| २ | २९ | ७४१ | ० | ७७० |
| ३ | २६ | ४९२ | १ | ५१९ |
| ४ | १५ | ४४४ | ० | ४५९ |
| ५ | ४ | ५०९ | २ | ५१५ |
| ६ | २ | ४७० | ४ | ४७६ |
| ७ | १६ | ९४८ | ४ | ९६८ |
| **जम्मा** | **१४१** | **४,३१८** | **१४** | **४,४७३** |
| **प्रतिशत** | **३.१५** | **९६.५३** | **०.३१** | **१००.००** |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

माथि उल्लेखित विवरणमा यस राजपुर गाउँपालिकामा बसोबास गर्ने परिवारमा उनीहरुको घरमा महिलाको स्वामीत्वलाई देख्न सक्छौ ।विवरणमा उल्लेख भए अनुसार १४१ अर्थात् ३.१५ प्रंतिशत घरमा मात्र महिलाको स्वामित्व रहेको छ भने ४,३१८ अर्थात् ९६.५३ प्रतिशत घरमा महिलाको स्वामित्व नभएको वा पुरुषको स्वामित्व देखिन्छ ।साथै १४ घरमा स्वामित्व उल्लेख नभएको देखिन्छ।

महिलाहरुको स्तर स्वाभिमान र पहिचानको परिभाषा नबदलिएको माथिको विवरणले देखाउँछ ।यस तथ्याकंले राजपुर गाउँपालिकामा लैङ्गिक असमानताको उच्चरुपमा देखिन्छ। घरमा महिलाको स्वामित्व पुरुषको तुलनामा अत्यन्तै कम रहेको देखिन्छ । यस्तो खालको अन्तरलाई कम गर्न राज्यले विशेष खालका कार्यक्रमहरु ल्याउनु पर्ने

तथा जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।




## ३.१० जमिनमा महिलाको स्वामीत्वको वडागत विवरण

तालिका नं. १५: जमिनमा महिलाको स्वामीत्वको वडागत विवरण

| वडा नं. | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | ८३ | ६८० | ३ | ७६६ |
| २ | १५१ | ६१९ | ० | ७७० |
| ३ | ५६ | ४६२ | १ | ५१९ |
| ४ | २७ | ४३२ | ० | ४५९ |
| ५ | १७ | ४९६ | २ | ५१५ |
| ६ | १० | ४६२ | ४ | ४७६ |
| ७ | ३० | ९३४ | ४ | ९६८ |
| **जम्मा** | **३७४** | **४,०८५** | **१४** | **४,४७३** |
| **प्रतिशत** | **८.३६** | **९१.३३** | **०.३१** | **१००.००** |


श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

यस राजपुरगाउँपालिकामा बसोबास गर्ने परिवारमा जमिनमा महिलाको स्वामीत्वको विवरण देखाइएको छ । विवरणमा उल्लेख भए अनुसार ३७४(८.३६ प्रंतिशत) महिलाको जमिनमास्वामित्व रहेको छ भने ४,०८५अर्थात ९१.३३ प्रतिशत घरको जमिनको स्वामित्व नभएको देखिन्छ ।साथै १४ घरमा स्वामित्व उल्लेख नभएको देखिन्छ।

महिला समानताको कायम गर्न नेपाल सरकारले भुमि सम्बन्धी कारोबार गर्दा महिलाको नाममा केही छुट दिएको छ यसले जमिनको स्वामित्वमा केही परिवर्तन भएको पाइन्छ। घरमा महिलाको स्वामित्व ३.१५ प्रतिशत रहेको मा जमिन प्रतिको स्वामित्व ८.३६ प्रतिशत रहेको छ यसको प्रमुख कारण सरकारले जमिन सम्बन्धी लागु गरेको नीति हो यद्यपि लैङ्गिक आधारमा जग्गाको स्वामित्व पुरुषको तुलनामा महिलाको अत्यन्त कम

देखिन्छ । यस ठुलो अन्तरलाई कम गर्न विशेष खालका कार्यक्रमहरु ल्याउनु पर्ने देखिन्छ जसले नेपालको विकासमा तगारो बनेर रहेको लैङ्गिक असमानताले सुधारको वाटो पहिल्यउन सकोस्।

यस तथ्यलाई तल स्तम्भ चित्रबाट पनि प्रष्ट पारिएको छ ।




## ख) जगको आधारमा घरको बनोटको वडागत विवरण

कुनैपनि घरको मुल आधार त्यस घरको जग हो। घरको संरचना बलियो नभएको कारण वि.स २०७२ सालको विनाशकारी भुकम्पले नेपालका विभिन्न ठाउँहरुमा क्षति पुग्यो यदि पहिलेनै प्रांकृतिक जोखिमका बारेमा सोचेर घरको संरचना अर्थात जग बलियो बनाएको भए क्षति न्युन हन्थ्यो।यसैले यस राजपुर गाउँपालिकाको पार्श्वचित्र तयार गर्दा यहाँका घरहरुको बनावटको  बारेमा निम्न वमोजिमका तथ्यहरु निकालिएको छ । जसको विवरण निम्न वोजिमको तालिकामा प्रस्तुत गरीएको छ ।


तालिका नं. १६: जगको आधारमा घरको बनोटको वडागत विवरण

| जगअनुसार घरको अवस्था | वडा | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | ४३७ | ३१९ | ११७ | १७८ | १२७ | १६५ | ४६९ | १,८१२ | ४०.५१ |
| सिमेन्टको जोडाइ भएको ईंटा/ढुंगा | ३ | ५ | १० | २ | २ | ० | २ | २४ | ०.५४ |
| ढलान पिल्लरसहितको | ० | १ | २ | ० | १ | १ | २ | ७ | ०.१६ |
| काठको खम्बा गाडेको | ३२० | ३३३ | ३०४ | २७९ | ३७८ | ३०४ | ४७८ | २,३९६ | ५३.५७ |
| अन्य | ५ | १११ | ८३ | ० | ० | ० | १३ | २१२ | ४.७४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| उल्लेख नगरिएको | १ | १ | ३ | ० | ७ | ६ | ४ | २२ | ०.४९ |
| जम्मा | ७६६ | ७७० | ५१९ | ४५९ | ५१५ | ४७६ | ९६८ | ४,४७३ | १००.०० |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

यस गाउँपालिकामा परिवारले प्रयोग गरेको जगअनुसारको घरको अवस्थालाई हेर्ने हो भने सबैभन्दा बढी २,३९६ अर्थात् ५३.५७ प्रतिशत काठको खम्बा गाडेको घरधुरी पाईन्छ । यसैगरी दोस्रोमा माटोको जोडाई भएको ईँटा तथा ढुंगाबाट बनेको घरधुरी १,८१२ अर्थात् ४०.५१ प्रतिशत, तेस्रोमा सिमेन्टको जोडाइ भएको ईँटा/ढुङ्गाबाट बनेको घरधुरी २४ अर्थात् ०.५४प्रतिशत रहेको छ। त्यस्तै, ढलान पिल्लरसहितको घर जम्मा ७ अर्थात् ०.१६प्रतिशत रहेको छ। अन्य २१२ अर्थात् २.७६प्रतिशत र उल्लेख नगरिएको घरधुरी २२ अर्थात् ०.५९प्रतिशत रहेको देखिन्छ । यस राजपुर गाउँपालिकामा काठको प्रयोग उच्च देखिन्छ । राजपुर गाउँपालिकाको विस्तृत विवरण माथीको तालिकामा लगायत स्तम्भचित्रमा पनि प्रस्तुत गरीएको छ।





## ग) बाहिरी गारोका आधारमा घरको वडागत विवरण

तालिका नं. १७: बाहिरी गारोका आधारमा घरको विवरण

| बाहिरी गारोका आधारमा घरको विवरण (वडा) | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा | काठ/ फल्याक | बाँसजन्य सामग्री | काँचो ईँटा | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| 1 | ४१६ | ५ | २५५ | १८ | २३ | ४८ | १ | ७६६ |
| 2 | १८५ | २० | १५७ | १३९ | २०१ | ६७ | १ | ७७० |
| 3 | १०५ | १४ | ३१ | २८६ | ६४ | १६ | ३ | ५१९ |
| 4 | १४७ | २ | ६ | २७० | ३४ | ० | ० | ४५९ |
| 5 | १२२ | ६ | २६४ | ११५ | १ | ० | ७ | ५१५ |
| 6 | १३३ | १३ | ० | ३०८ | १६ | ० | ६ | ४७६ |
| 7 | ३५८ | १४ | ३५२ | ५३ | १२१ | ६६ | ४ | ९६८ |
| जम्मा | १,४६६ | ७४ | १,०६५ | १,१८९ | ४६० | १९७ | २२ | ४,४७३ |
| प्रतिशत | ३२.७७ | १.६५ | २३.८१ | २६.५८ | १०.२८ | ४.४० | ०।४९ | १०० |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

गाउँपालिकापरिवारले प्रयोग गरेको बाहिरी गारोको आधारमा घरको अवस्था हेर्ने हो भने सबैभन्दा बढी १,४४६ (३२.७७प्रतिशत) संख्यामा माटोको जोडाई ईटा ढुंगाको सामाग्री प्रयोग भएको घरधुरी देखिन्छ । यसैगरी काठ फल्यकको प्रयोग भएको १,०६५ (२३.८१ प्रतिशत),बाँसजन्य समाग्री प्रयोग गर्ने घरधुरी १,१८९ ( २६.५८ प्रतिशत), काँचो ईटाको प्रयोग घरधुरी ४६० (१०.२८प्रतिशत),सिमेन्टको जोडाई भएको ७४ (१.६५ प्रतिशत रहेको छ भने अन्य घरधुरी १९७ (४.४०प्रतिशत) तथा उल्लेख नगरिको घरधुरी २२ (०.४९प्रतिशत) रहेको पाईन्छ । आँकडा हेर्दा राजपुर गाउँपालिकामा सिमेन्टको जोडाई भएको घरहरु न्यून देखिन्छ भने क्रमश माटोको जोडाई ईटा ढुंगाका,बाँसजन्य समाग्री, काठ फल्यक,काँचो ईटा बढी प्रयोग भएको देखिन्छ। यसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ यसलाई तल स्तम्भमा यसरी देखाईको छ।





## घ) छानाको आधारमा घरको वडागत विवरण

तालिका नं. १८: छानाको आधारमा घरको वडागत विवरण

| वडा नं. | खर/पराल /छ्वाली | जस्ता/टिन /च्यादर | टायल/खपडा /झिँगटी/ढुङ्गा | सिमेन्ट/ ढलान | काठ /फल्याक | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| 1 | ६९६ | ४१ | ६ | २० | १ | १ | १ | ७६६ |
| 2 | ६५६ | ६१ | ८ | ४३ | १ | ० | १ | ७७० |
| 3 | ४५४ | १८ | ० | ४२ | ० | १ | ४ | ५१९ |
| 4 | ४०८ | ४ | १ | ४५ | ० | ० | १ | ४५९ |
| 5 | ४७४ | १२ | ४ | १८ | ० | ० | ७ | ५१५ |
| 6 | ४२७ | २७ | ५ | १० | ० | ० | ७ | ४७६ |
| 7 | ९३२ | १९ | १ | ५ | ३ | १ | ७ | ९६८ |
| जम्मा | ४,०४७ | १८२ | २५ | १८३ | ५ | ३ | २८ | ४,४७३ |
| प्रतिशत | ९०.४८ | ४.०७ | ०.५६ | ४.०९ | ०.११ | ०.०७ | ०.६३ | १००।०० |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

माथि उल्लेखित तालिकामा परिवारले प्रयोग गरेको घरको छानाको आधारमा घरको अवस्थालाई देखाइएको छ । जसको अध्ययन गर्दा यस गाउँपालिकाका घरपरिवारहरुले खर, पराल तथा छ्वालीको छाना भएको घरबढी प्रयोग गरिएको देखिन्छ । कुल घरधुरी संख्या ४,४७३ रहेकोमा खर, पराल तथा छ्वालीको छाना भएको घर प्रयोग गर्नेको४,०४७अर्थात ९०.४८ प्रतिशत छ भनेसिमेन्ट ढलान भएको घर प्रयोग गर्ने घरधुरीको संख्या १८३ (४.०९ प्रतिशत)भएको पाइन्छ जुन खर, पराल तथा छ्वालीको छानाको प्रयोग भन्दा ज्यादै न्युन देखिन्छ । यसैगरी जस्ता, टिन, च्यादरको छाना भएको घरधुरी १८२ (४.०७ प्रतिशत), टायल, खपडा, झिँगडी तथा ढुङ्गाको छाना भएको घरधुरी २५ (०.५६ प्रतिशत) रहनुका साथै अन्य घरधुरी ३ (०.०७ प्रतिशत) र उल्लेख नगरिएको २८ (०.६३ प्रतिशत) घरधुरी रहेका छन् । घरको छानाको आधारमा क्रमश खर, पराल तथा छ्वालीको छाना, सिमेन्ट ढलान, जस्ता, टिन, च्यादरको छाना,टायल, खपडा, झिँगडी तथा ढुङ्गाको छानाको प्रयोग छ। गाउँपालिकाका परिवारले प्रयोग गरेको घरको छानाको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ भने यस तालिका लाई अझ स्पष्ट पार्नको लागि तल स्तम्भ चित्र पनि प्रस्तुत गरिएको छ।




## ३.१७ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

| क्र.सं. | साविकका गाविस | जन्मदर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता | बसाइ सराई | | | सम्वन्ध विच्छेद |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | दर्ता संख्या | गएको | आएको | |
| १ | बेला | १३४ | १३८ | २७२ | ३० | २२ | ५२ | १८६ | ४५ | ११५ | ८६ | ० |
| २ | राजपुर | २१६ | २०५ | ४२१ | ३८ | २४ | ६२ | १८४ | ३८ | ८२ | ७४ | ० |
| | जम्मा | ३५० | ३४३ | ६९३ | ६८ | ४६ | ११४ | ३७० | ८३ | १९७ | १६० | ० |

श्रोत: संघिय मामला तथा स्थानिय विकास कार्यलय २०७२

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानुनी मान्यताहरु पालना गर्नु पर्ने हुन्छ। नागरिकता, राहादानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानुनी मान्यता पालना गर्नु पर्ने हुन्छ। यसका लागि सरकारले प्रमाणपत्र उपलब्ध गराउँछ। जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता गर्नु पर्ने हुन्छ। संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ। त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो। राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो। कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ। यसको आधारमा सरकारले नीति बनाउने हुँदा जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ।

प्रस्तुत तालिकामा राजपुर गाउँपालिकाको व्यक्तीगत घटनादर्ताको विवरणलाई देखाइएको छ। वि.सं २०७२ वैशाख देखी चैत्र मसान्त सम्म गतेसम्म ३७० जनाले विवाह दर्ता गराइसकेका छन् भने ६९३ जना बालबालिकाको जन्मदर्ता पनि भइसकेको छ। त्यस्तै गरी यही अवधीमा बसाइ सराइ गरी जानेको संख्या १९७जना रहेको छ र बसाइ सराइ गरी आउनेको संख्या १६० जना रहेको छ। तर बसाइसराइको दर्ता गराउनको संख्या ८३ जना देखिन्छ। राजपुर गाउँपालिकाको व्यक्तीगत घटनाको विस्तृत विवरण निम्नवमोजिमको तालिकामा प्रस्तुत गरीएको छ।

# खण्ड ४ : भू–उपयोग

## ४.१ गाउँपालिकाको भू-उपयोगको विवरण

तालिका नं. १९: भू-उपयोगको विवरण

| विवरण | क्षेत्रफल (वर्ग कि. मि.) | प्रतिशत |
|---|---|---|
| खेती योग्य जमिन | १३६.७७ | २३.७१ |
| वनजंगल | ४२२.५२ | ७३.२५ |
| झारी | ४.२७ | ०.७४ |
| चरन | ६.७३ | १.१७ |
| खोला, नदी, पोखरी आदि | ४.११ | ०.७१ |
| बालुवा | २.४४ | ०.४२ |
| कुल क्षेत्रफल | ५७६.८४ | १००.०० |

स्रोत : नापी विभाग

राजपुर गाउँपालिकाको विधमान भू-उपयोग हेर्दा गाउँपालिकाको १३६.७७ (२३.७१ प्रतिशत ) वर्ग कि.मि. जग्गा खेती योग्य जमिनको रुपमा रहेको छ भने ४२२.५२ वर्ग कि.मि.(७३.२५ प्रतिशत) वनले ओगटेको छ। खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ। गाउँपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस गाउँपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। त्यस्तै चरन क्षेत्रले करिव ६.७३ वर्ग कि.मि. (१.१७ प्रतिशत) जग्गा ओगटेको पाइन्छ। राजपुर गाउँपालिकामा खोला, नदी, पोखरी आदि क्षेत्रले करिव ४.११ वर्ग कि.मि. (०.७१ प्रतिशत) र बालुवाले २.४४वर्ग कि.मि. ( ०.४४प्रतिशत) जमिन ओगटेको छ। गाउँपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा गाउँपालिकाबासीहरुको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा तिनीहरु अवलम्बन गर्न सकिन्छ। यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। भू-उपयोगको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।

समग्रमा भन्नुपर्दा यस गाउँपालिकाभूआवरणको बिस्तार क्रमश: गाउँउन्मुख भएको देखिन्छ। अझैपनि सडकभन्दा भित्रका भागहरु खाली खेत तथा खुला स्थानका रुपमा छन्। खोला किनारका सिंचाई हुन डोलक्षेत्रमा हिउँद तथा बर्षा दुबै मौसममा खेती गरेको देखिन्छ। ठूलो मानानापको दूर सम्वेदन मान चित्रमा हेर्दा हिउँदको समयमा पनि ती डोलहरुमा हरियाली खेत देखिन्छ। पानी नभएका टार तथा भिराला पाखामा बर्षातका समयमा खेती भएपनि सुखा समयमा बाँझो छाडिन्छ। यो प्रक्रिया नेपालका अन्य भूभागमा जस्तै छ भन्न सकिन्छ। हालका केही बर्ष यता राजपुर गाउँपालिकामा बेमौशमी तथा मौशमी हरियो तरकारी लगाउने प्रचलन बढ्दै गएको छ। गाउँपालिकाले यस्ता व्यवशायका सूचना संकलन गर्ने र आवश्यक प्राबिधिक तथा भौतिक र

आर्थिक सरसल्लाह तथा सहयोग प्रदान गरेर गाउँपालिकामाउत्तरदायित्व बहन गर्ने अवसर प्राप्त गर्न सक्दछ। यसबाट जनताको अतिरिक्त आम्दानी तथा गाउँपालिकाले पनि व्यावसायिक करको ब्यबवस्था गर्न सक्दछ।

## ४.२ शहरीकरणको स्वरूप

राजपुर गाउँपालिकाका अधिकांश क्षेत्रमा व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित योजना बनाएर बाटो, खानेपानी, ढल निकास इत्यादीको समयमै विकास गर्नुपर्ने देखिन्छ। गाउँपालिकाबासीहरुलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा समिति कार्यालयहरु, सम्बन्धित वडा मै संयुक्त वडा समिति स्थापना गरी सेवा प्रवाह भै रहेका छन् ।राजपुर गाउँपालिकालाई प्रस्तावित हुलाक राजमार्गले छोएको हुँदा यस गाउँपालिकामा शहरीकरणको सम्भावना देखिन्छ । यसका अतिरिक्त राजपुरगाउँपालिकाले गाउँपालिका विकासका लागि योजना तयार गर्ने दौरानमा वडा भेला, लगायत वडा कार्यालय, सरकारी निकायहरु, राजनैतिक पार्टीहरु, गैरसरकारी संस्थाहरु (NGOs), सामुदायिक संस्थाहरु ( CBOs), टोल विकास संस्थाहरु (TLO), वृद्धिजिवीहरु, समाजका प्रतिष्ठित व्यक्तित्वहरु, व्यवसायिक संस्थाहरु, संचारकर्मीहरु तथा योजना तर्जुमा टोली (Planning) आदिलाई समोवस गरी बढी भन्दा बढी छलफल गरी प्रत्येक टोलमा फोहोर व्यवस्थापनका लागि कन्टेनर, प्रत्येक टोलका मुख्य तथा सहायक सडकहरूमा सोलार बत्ति जडान, टोल टोलमा सार्वजानिक खानेपानी र शौचालयको व्यवस्था गर्नुपर्ने, विभिन्न वडाका घरधुरीका लागि खानेपानीको परियोजना आदि विकास निर्माणका योजनाहरु तयार गरेकोदेखिन्छ।

### ४.२.१ जग्गा विकास कार्यक्रम (Land Development Program)

शहरी विस्तार क्षेत्र नीतिले शहर (वस्ती) लाई कुन क्षेत्र तर्फ क्रमश: विस्तार गर्दै लाने भन्ने दिशा मात्र निर्देशन गरेको हुन्छ। पूर्वाधार लगानी नीति अनुरुप भौतिक पूर्वाधार योजनाको निर्माण गरिएमा वस्तीहरु जथाभावी छरिएर विकास हुनबाट नियन्त्रण गर्न सक्दछ। तर प्रस्ताव गरिएका विस्तार क्षेत्रको व्यवस्थित तवरले विकास गर्न (प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण आदि) निम्न अनुसार जग्गा विकास कार्यक्रहरु संचालन गर्नुपर्ने हुन्छ।

- ✓ निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Programme)
- ✓ जग्गा एकीकरण कार्यक्रम (Land Pooling Programme)
- ✓ घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme)

योजना तर्जुमा गर्ने समयमा माथि उल्लेखित के कस्ता जग्गा विकास कार्यक्रमहरु गाउँपालिका क्षेत्रमा संचालन गर्न सकिन्छ त्यस्ता क्षेत्रको पहिचान गर्ने कार्य मात्र गर्न सकिन्छ। त्यस्ता क्षेत्रहरूको पहिचान गर्दा प्रस्तावित शहरी विस्तार क्षेत्रलाई टेवा पुर्‍याउने हिसावले प्राथमिकता दिनु पर्दछ। जग्गा विकास कार्यक्रम सम्वन्धी थप जानकारी तल उल्लेख गरिएको छ।

**(क) निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Programme):** निर्देशित जग्गा विकास कार्यक्रम विशेष गरी बस्तीहरूको विकास भइसकेको र निकट भविष्यमा हुने क्षेत्रहरूमा बाटोघाटो चौडा गर्न र नयाँ बाटो खोल्न संचालन गरिने कार्यक्रम हो । विद्यमान बस्तीहरू योजना विना नै आफैं विकास हुँदै आएको हुनाले यस्ता बस्तीहरूका बाटाघाटाहरू साँघुरा र नागवेली प्रकारका छन् । आपतकालीन अवस्थामा (जस्तो आगलागी हुँदा दमकल लैजान र विरामी पर्दा एम्वुलेन्स वा ट्याक्सी प्रवेशको लागि) यस्ता बाटाहरू बाधक बनेका हुन्छन् । तसर्थ यस्ता बस्तीकाबासिन्दाहरूले आफ्नो इलाकामा बाटो चौडा गरी आवागमन सहज बनाई सुधार गर्न आवश्यकता अनुसार केही जग्गा र कहीं कहीं घर, टहराको केही अंश समेत भत्काउन पछि पर्न हुँदैन । जग्गाधनी र घरधनीको अनुमति बेगर यस्ता कार्यक्रमहरू संचालन गर्न सकिँदैनन् ।

जग्गा विकास कार्यक्रममा जग्गा अधिग्रहण गर्ने र जग्गा एकीकरण गर्ने जस्ता केही कार्य गर्नु पर्दैन । जग्गा र घरधनीको सहमतिमा गाउँपालिकाले बाटो चौडा गरिदिने कार्य गर्दछ । यस कार्यक्रम अन्तर्गत कुनै कुनै ठाउँमा नयाँ बाटो खोल्ने कार्य पनि हुन्छ । नेपालको संविधान अनुसार जग्गा विकास सम्बन्धी काम गाउँपालिकाआफैले गर्न सक्छ ।

**(ख) जग्गा एकीकरण कार्यक्रम (Land Pooling Programme):** जग्गा एकीकरण कार्यक्रम संचालन गर्न जग्गा अधिग्रहण गर्नुपर्दैन । जग्गा एकीकरण गरिने क्षेत्र भित्रका घर जग्गाको किनबेच धनीहरूको अनुमतिमा केही समयको लागि बन्द गरिन्छ । यस अवधि भित्र एकीकरण गरिएका सम्पूर्ण जग्गालाई एउटै चाक्लाका रूपमा मिलाएर बाटोघाटो, ढल, टेलिफोन, चउर आदि सुविधाहरू निर्माण गर्ने कार्य हुन्छ । पूर्वाधार सुविधा निर्माण गर्नको लागि केही जग्गा बिक्री गरिन्छ र सो जग्गाबाट प्राप्त रकमबाट उक्त निर्माण कार्य सम्पन्न गरिन्छ ।

पूर्वाधार निर्माणको लागि चाहिने खर्च खुला क्षेत्र तथा सडक आदिमा जाने जग्गाको मोल हिसाब गर्नुपर्दछ । यस अतिरिक्त जग्गाधनीले कति जग्गा दिनुपर्ने हो सो समेत पहिल्यै यकिन गर्नुपर्दछ । जग्गाधनीहरूले योजनाले निर्धारित गरे अनुसार जग्गा दिए बापत पछि विकसित घडेरी पाउँछन् । विकसित घडेरीको (सबै पूर्वाधारयुक्त) बजार मूल्य पहिलाको भन्दा धेरै गुणा बढी हुने हुनाले जग्गाधनीहरू यस कार्यक्रमबाट प्रत्यक्ष रूपले लाभान्वित हुने हुन्छन् । यसरी जग्गाधनीहरूको सहमति र अनुमति बेगर संचालन नहुने यो कार्यक्रमबाट जग्गाधनीहरू प्रत्यक्ष लाभान्वित हुने हुँदा यो कार्यक्रम अहिले अत्यन्त लोकप्रिय सावित भएको छ ।

यो कार्यक्रमको राम्रो पक्ष भनेको नै जग्गा अधिग्रहण गर्नुनपर्ने भएकोले मुआब्जा वितरण गर्ने जस्तो झन्झट यसमा झेल्नुपर्दैन । तुलनात्मक हिसाबले योजना चाँडो सम्पन्न हुने हुनाले जग्गाधनीले एकातिर चाँडो फाइदा हासिल गर्न सक्दछ भने अर्कातिर बजारमा विकसित घडेरीको आपूर्ति हुन गई व्यवस्थित शहरीकरणको प्रयासमा समेत यसले निकै ठुलो टेवा पुऱ्याउने हुन्छ ।

**(ग) घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme):**यो कार्यक्रम कार्यान्वयन गर्नको लागि कुनै निश्चित ठाउँ (जहाँ घडेरी तथा सेवा सुविधा कार्यक्रम गर्न प्रस्ताव गरिएको छ) जग्गा अनिवार्य रूपले अधिग्रहण गर्नुपर्दछ। योजना क्षेत्रको लागि आवश्यक जग्गा अधिग्रहण गरेपछि जग्गा तथा घरधनीलाई तोकेको मुआब्जा दिनुपर्दछ। यसरी अधिग्रहण गरेपछि योजनामा व्यवस्था गरिए अनुसारको बाटोघाटो, ढल, टेलिफोन, खानेपानी, खुला चौर आदि निर्माण गर्ने कार्य हुन्छ। व्यवस्थित बसोबासका हिसाबले चाहिने प्राय: सम्पूर्ण सेवा सुविधाहरूको व्यवस्था र निर्माण कार्य सम्पन्न भइसकेपछि यस्ता विकसित घडेरीहरू (एकै किसिमको वा विभिन्न किसिमको) निर्धारित मूल्यमा निश्चित नीति अन्तर्गत रही बिक्री वितरण गरिन्छ। विकसित घडेरीको मूल्यमा अधिग्रहणको मुआब्जाको रकमका साथै पूर्वाधार विकास निर्माणमा लागेको खर्च, खुला चौरको लागि छाडेको जग्गाको मूल्य आदि जोडिन्छ। तसर्थ विकसित घडेरीको मोल सुरुको अधिग्रहणको मोल भन्दा धेरै गुणा बढ्नु स्वाभाविक छ। घोराही उप-महानगरपालिकाको अम्बापुर क्षेत्र, लमहीको बजार क्षेत्र, काठमाडौंको कुलेश्वर र गल्फुटारमा संचालित आवास योजनाहरू यसका उदाहरणहरू हुन्।

## ४.३ शहरोन्मुख बस्तीहरूको वर्तमान स्वरूप

राजपुर गाउँपालिकाको जलवायुको आधारमा बसोबासको लागि पहाडका अन्य गाउँपालिकाहरुमध्ये उपयुक्त मानिएको छ। ग्रामीण क्षेत्रको सडकहरूको सञ्जाल समेत विकास भइसकेको, सिंचाई परियोजनाको नहर निर्माणबाट नहर प्रणालीसँगै सडक प्रणालीको समेत समानान्तर विकास भएको र शिक्षा, स्वास्थ्य जस्ता सुविधाहरू समेत अन्य गाउँपालिकाहरूको दाँजोमा सुलभ रहेको सन्दर्भमा गाउँपालिकाका शहरी क्षेत्रको वरपरमात्र नभई ग्रामीण क्षेत्रमा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास तिब्ररुपमा भइरहेको छ। हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथसाथै आन्तरिक बस सेवाको सुगम यातायात सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ। यसका साथै विभिन्न गाउँपालिकाहरुले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा हाट बजारको व्यवस्थापन गर्ने काम भएता पनि स-साना व्यापारिक केन्द्रका रुपमा बस्तीहरूको विकास भइरहेको छ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरुपले मूल्य बृद्धि भइरहेको पाइन्छ। भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ।

गाउँपालिका क्षेत्रहरुको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्दछ। यसरी

जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरुलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ ।

राजपुर गाउँपालिकामा जंग्रहवा-५, गंगदी-६,सिक्टा-६, बालुवाडाँडा-२, कठबेरुवा-१, भैसहवा-३ र दुलैया-४ का बस्तीहरु शहरीकरणको अवस्थामा रहेका छन् ।

## ४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीव्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- ✓ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।
- ✓ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।
- ✓ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु पर्ने देखिन्छ ।

## ४.५ भू-क्षय सम्भावित क्षेत्र

गाउँपालिकाका नदी तथा खोला किनारका भागहरु भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछन्। मानिसको बसाई सराईका कारणबाट गाउँपालिका क्षेत्रमा परिरहेको वनविनासको चाप, अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रबृत्ति एवं अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेती तर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरुमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ । मूलत: गाउँपालिकाका खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकुल प्रभाव पारेको छ। मुलत: गाउँपालिकाहरु वर्षायाममा बढी डुबान हुने क्षेत्र हुन् । यसक्रमलाई रोक्नको लागि ढल निकासको

व्यवस्था मिलाउनुपर्ने, गाउँमा भएका नदीहरुमा तटबन्धन गर्नुपर्नेदेखिन्छ। त्यस्तै, अल्पकालिन, मध्यकालिन र दीर्घकालिन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालिन उपायको रुपमा स्पर एवं तटबन्ध निर्माण गर्ने मध्यकालिन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरी वृक्षारोपण गर्ने र दीर्घकालिन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्ने तर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ। उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ।

## ४.७ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं. २०: गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र. सं. | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागु नभएको | जुनसुकै समयमा |
| २ | बाढी | गाउँपालिकामा विशेषत:राप्ती नदी र साना ठुला नदि/खोलाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भुभागहरू बर्षेनी डुवान र कटान गरि क्षति पुऱ्याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ३ | आगलागी | गाउँपालिकाको धेरै जसो भु–भागमा घनावस्ती रहेका (सुकुम्वासी, मुक्त कमैया, वाढी विस्थापित) लगाएतका अति विपन्न समुदायका घरहरु सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। | चैत्र–जेष्ठ |
| ४ | महामारी | बाढी पश्चात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ५ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु आदि | जुनसुकै समयामा |
| ६ | शितलहर | चिसोको मात्रा बढ्दै गएको समयमा विपन्न वस्ती बढी प्रभावित | पुस – माघ |

| | | | |
|---|---|---|---|
| ७ | जंगली जनावर आतंक | गाउँपालिकाको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरु | जुनसुकै समयमा |
| ८ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाईं नपुगेका भागहरु | असार – भदौ |
| ९ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| १० | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

## राजपुर गाउँपालिकामा भएका उपजलाधारहरूको विवरण

तालिका नं. २१: उपजलाधारहरुको विवरण

| राजपुर गाउँपलिकामा भएका उपजलाधार क्षेत्रहरु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| उपजलाधार नं. | उपजाधारको नाम | | भूक्षयको सम्भाव्यता क्षेत्रफल हेक्टरमा | | | | | |
| | | साविकका गाविस | ज्यादै न्यून | न्यून | मध्यम | धेरै | ज्यादै धेरै | जम्मा |
| १० | खंग्री नदी | बेला | ० | ० | ३७७ | १४१ | ० | ५१८ |
| १२ | गुरुङ्ग खोला | बेला | ५०९ | ५३७ | ३२४७ | ४७ | ० | ४३४० |
| १३ | पाटुली खोला | बेला | ० | ० | ४१३० | ० | ० | ४१३० |
| १४ | रस्री खोला | बेला | ० | ५८२ | १८४५ | ११५५ | | ३५८२ |
| १५ | फोरी खोला | बेला | ० | ० | १४५४ | ० | ० | १४५४ |
| | | राजपुर | ० | ० | २८४८ | ० | ० | २८४८ |
| १६ | करङ्ग खोला | बेला | ० | ३९३ | ६६१ | २२० | ० | १२७४ |
| | | राजपुर | ० | ५३५ | १३०५ | ५६७ | ५८२ | २९५९ |
| १७ | महन्ती खोला | राजपुर | ३९३ | ४७२ | २७६९ | ५५१ | ६६१ | ४८४६ |
| १८ | खंग्रा नदी | राजपुर | ० | ११० | २०६० | ० | ० | २१७० |
| १९ | हरैया खोला | राजपुर | ० | ६१४ | ३८२४ | ८५० | ० | ५२८८ |
| २० | रीउ खोला | राजपुर | ० | ४२५ | २१६७ | १५७ | ११० | २८५९ |
| २१ | दङ्गमारा नाका | राजपुर | ० | ० | १९८२ | ० | ० | १९८२ |
| २२ | सोन प्रथी नाका | राजपुर | ० | ४७ | १९५७ | १५७ | ० | २१६१ |
| २३ | गोथुवा | राजपुर | ० | ३१ | ३९१९ | ३१ | १२६ | ४१०७ |
| २४ | भंसाही खोला | राजपुर | ० | १४१ | ३६२७ | ० | ० | ३७६८ |
| २५ | भैंसेही खोला | राजपुर | ० | ० | २९८९ | २२० | ७८ | ३२८७ |
| | जम्मा | | ९०२ | ३८८७ | ४११६१ | ४०९६ | १५५७ | ५१५७३ |

श्रोत : दाङ जिल्ला पार्श्वचित्र २०७३

राजपुर गाउँपालिकामा दर्जनौ उपजलाधारहरु रहेका छन् । माथीकोतलिकामा राजपुर गाउँपालिकामा भएका उपजलाधार र जलाधारले ल्याउन सक्ने भूक्षयको जोखिमका बारेमा प्रस्तुत गरीएको छ। प्रस्तुत तथ्यलाई अध्ययन गर्ने हो भने राजपुर गाउँपालिका भूक्षयको दृष्टिकोणले मध्यम स्थानमा पर्दछ। गाउँको कुल क्षेत्रफलको

४१,१६१ हेक्टर क्षेत्रफल भुक्षयको जोखिमको मध्यम स्थानमा रहेको छ भने गाउँको कुल क्षेत्रफलको ४,०९६ हेक्टर क्षेत्रफल भुक्षयको धेरै जोखिम भएको क्षेत्रमा पर्दछ। यस्तैगरी १,५५७ हेक्टर क्षेत्रफल भूक्षयको ज्यादै धेरै जोखिमको क्षेत्रफल रहेको छ। गाउँमा भएका उपजलाधारहरु र भूक्षयको सम्भाव्यता क्षेत्रफलको विस्तृत विवरण माथीको तालिकामा प्रस्तुत गरीएको छ।

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

तालिका नं. २२: आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | पूरुष | महिला | आर्थिकरुपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| १६,८७५ | ८,०४८ | ८,८२७ | १६,८७५ |
| प्रतिशत | ४७.६९ | ५२.३१ | ६७.४० |

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०६८

माथिको तालिकामा राजपुर गाउँपालिकामा रहेको कुल जनसंख्या २५,०३७ मा १० वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ।कुल सक्रिय जनसंख्या १६,८७५ रहेकोमा पुरुषको संख्या ८,०४८ (४७.६९ प्रतिशत), महिलाको संख्या ८,८२७ (५२.३१ प्रतिशत) देखिन्छ।गाउँको कुल जनसंख्याको ६७.४० प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन्। आर्थिक रुपमा निस्कृय जनसंख्या ३२.६० प्रतिशत छन्। यो आँकडाले राजपुर गाउँपालिकामा मानव साधन र श्रोत प्रशस्त रहेको कुरालाई जनाउछ। जस्को विस्तृत विवरण माथीको तालिकामा प्रस्तुत गरीएको छ।

## ५.२ आश्रित जनसंख्याको विवरण

तालिका नं. २३: आश्रित जनसंख्याको विवरण

| आश्रित बालबाबिालका (०-१४) | | आश्रित बृद्धबृद्धा (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|
| जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| १०,१८५ | ८६.७३ | १,५५९ | १३.२७ | ११,७४४ | ४६.९१ |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

यस राजपुर गाउँपालिकामा कुल जनसंख्याको ११,७४४ (४६.९१ प्रतिशत) जनसंख्या आश्रित छन्। जसमा ० देखि १४ वर्षसम्मका बालबालिका १०,१८५ (८६.७३ प्रतिशत) र जेष्ठ नागरिक अर्थात् ६० वर्ष वा सोभन्दा माथिका बृद्धबृद्धाहरुको जनसंख्या १,५५९ (१३.२७ प्रतिशत) रहेको देखिन्छ। जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ।

माथिको सक्रिय जनसंख्या र आश्रित जनसंख्या हेर्दा राजपुरमा विकासको लागि आवश्यक पुग्ने सक्रिय जनसंख्या छ जसलाई राज्यले सही उपयोग गरी विकासमा अगाडी बढ्नु पर्ने देखिन्छ।

## ५.३ सिंचाइ

राजपुर गाउँपालिकामा गाउँसतह जल सिंचाईको स्रोत पर्याप्त मात्रामा रहेको छ। कृषिको लागि उर्वर माटो भएको र गाउँमाठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुर्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त बृद्धि हुने देखिन्छ।

राजपुर गाउँपालिकामा विभिन्न संस्थाहरुको लगानीमा सिंचाइ योजनाहरु ल्याइएको छ जसको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरीएको छ। ।

तालिका नं. २४: राजपुर गाउँपालिकामा भएका सिंचाइ योजनाहरुको विवरण

| क्र.सं. | योजनाको नाम | स्थान | सिंचित क्षेत्र (हे.) | क्र.सं. | योजनाको नाम | स्थान | सिंचित क्षेत्र (हे.) |
|---|---|---|---|---|---|---|---|
| १ | बेला सिंचाइ योजना | वेला | १५० | २ | गंगटी सि.यो. | राजपुर | १९७ |

श्रोत : दाङ जिल्ला पार्श्वचित्र २०७३

राजपुर गाउँपालिकामा २ वटा सिंचाइ योजना रहेका छन् । साविकको गाविस बेलामा बेला सिंचाइ योजना रहेको छ । यस योजनाद्वारा १५० हेक्टर क्षेत्रफलमा सिंचाइ गरीएको छ । त्यस्तैगरी साविकको गाविस राजपुरमा गंगटी सिंचाइ योजना रहेको छ । यस योजनाबाट पनि गाउँको कुल क्षेत्रफलको १९७ हेक्टर क्षेत्रफलमा सिंचाइ गरीएको छ । गाउँमा सिंचाइ योजनाहरु सञ्चालनमा आउनाले गाउँवासीहरु लाभान्वीत भएका छन् । यस्ता सिंचाइ योजनाले कृषि क्षेत्र लगायत अन्य विभिन्न क्षेत्रहरुमा पनि टेवा पुर्याएका छन् ।

### राजपुर गाउँपालिकामा सिंचाइको अवस्था

| राजपुर गाउँपालिकाका साविकका गाविस राजपुर सिंचाइको प्रकार | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | जग्गाको प्रकार | थोपा सिंचाइ | कुलो नहर | पोखरी सिंचाई | ट्युवबेल | डिप ट्युबबेल | स्प्रिडकल | वर्षात |
| १ | खेत | ३.०५ | ५९.५६ | ०.२ | ३.७२ | २.१५ | २.९३ | ६८.४८ |

श्रोत: दाङ जिल्ला पार्श्वचित्र २०७३

यस राजपुर गाउँपालिकामा विभिन्न तरीकाबाट सिंचाइ गरी खेती गर्ने गरीन्छ। खेतमा विभिन्न वालीहरुमा सिंचाइ गर्दा थोपा सिंचाइ, कुलो नहर, पोखरी सिंचाई, ट्युवबेल, डिप ट्युबेल, स्प्रिडकल र वर्षात आदि रहेका छन्। गाउँपालिकामा धेरै सिंचाइका आधारहरु भएतापनि गाउँवासीहरु सिंचाइको प्रमुख आधार भनेको वर्षात नै रहेको छ । गाउँवासीहरुले वाली उत्पादन गर्दा प्रयोग गर्ने सिंचाईहरुको विस्तृत विवरण माथीको तालिकामा प्रस्तुत गरीएको छ।

## ५.४ कृषि

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्याङ्कको

क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्तरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि तथा सहकारी मंत्रालय र केन्द्रीत तथ्याङ्क विभाग रहेका छन् । स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

तुलनात्मक रुपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ। यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा बृद्धि हुनु र खेती योग्य जमिनको अभाव विस्तारै सिर्जना हुनु पनि हो। कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सिंचाईको उचित व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुनुपर्दछ।



यस गाउँपालिकाको ठूलो क्षेत्रफल पहाडी समथरले भरिएको हुँदा कृषिका लागि प्रशस्त मात्रामा उपयोगी क्षेत्र रहेको छ । सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरु धान, मकै, कोदो, फापर, गहुँ, जौ,आदि हुन् । यस्तै दलहन बालीमा अडहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती, आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यीनको उत्पादकत्व पनि बढी छ । गाउँमा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ । राजपुर गाउँपालिकाले कृषि क्षेत्रको तर्फबाट पनि आफ्नो आर्थिक वृद्धिदर कायमनै राखेको छ ।

### (क)हिउदे बाली

गाउँमा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरुमा गहुँ, जौ, सर्सिउ,गोपी, तोरी, मुसुरो, अडहर, मुंग, काक्रा, लौका, बन्दा, टमाटर, खुर्सानी, मुला, प्याज, लसुन, धनिया, गाँजर,सलगम आलु आदि रहेका छन् ।

## (ख)वर्षे बाली

गाउँका प्रमुख वर्षे बालीहरुमा धान, मकै, कोदो, अडहर, काक्रा, करेला, लौका, फर्सि, घिरौला, चिचिंडा, सिमी, बोडी,काउली, बन्दा, टमाटर, खुर्सानी, भिंडी, भन्टा अदुवा आदि  रहेका छन् ।

## वाली पात्रो

राजपुर गाउँपालिकामा विभिन्न महिनामा विभिन्न खेती हुने गर्दछ । यस गाउँपालिकामा धान, मकै, कोदो, अडहर,अदुवा,गहुँ, जौ, सर्सिउ,गोपी, तोरी, मुसुरो, अडहर, मुंग, काक्रा, लौका, बन्दा, टमाटर, खुर्सानी, मुला, आदि खाद्यान्न वालीको खेती हुनेगर्दछ । यस गाउँपालिकामा विभिन्न ठाउँमा र विभिन्न महिनामा हुने खेतीबालीको विस्तृत विवरण तलको वाली पात्रोमा प्रस्तुत गरीएको छ ।

| क्र.सं. | वाली | लगाउने महिना | भित्राउने महिना | क्र.सं. | वाली | लगाउने महिना | भित्राउने महिना |
|---|---|---|---|---|---|---|---|
| १ | धान | जेष्ठ-श्रावन | कार्तिक-मंसिर | २१ | घिरौला | जेष्ठ-असार | भदौ-असौज |
| २ | मकै | वैशाख-जेष्ठ | साउन-मदौ | २२ | चिचिन्डो | जष्ठ-असार | भदौ-असौज |
| ३ | गहुँ | मंसिर-पुष | माघ-फाल्गुन | २३ | सिमि | वेशाख-जेष्ठ | कार्तिक-मंसिर |
| ४ | जौ | मंसिर-पुष | माघ-फाल्गुन | २४ | बोडी | वैशाख-जेष्ठ | कार्तिक-मंसिर |
| ५ | कोदो | असार -साउन | भदौ-असौज | २५ | काउली | असार -साउन | माघ-फाल्गुन |
| ६ | तोरी | असौज-कार्तिक | पुष-माघ | २६ | बन्दा | वैशाख-जेष्ठ | फाल्गुन चैत |
| ७ | सर्सिउ | असौज-कार्तिक | पुष-माघ | २७ | ब्रोकाउली | असौज-कार्तिक | मंसिर-पौष |
| ८ | गोपी तोरी | असौज-कार्तिक | माघ-फाल्गुन | २८ | गाँठ गोपी | असौज-कार्तिक | पुष-माघ |
| ९ | मसुरो | असौज-कार्तिक | माघ-फाल्गुन | २९ | टमाटर | बैशाख-जेष्ठ | फाल्गुन चैत |
| १० | चना | असौज-कार्तिक | माघ-फाल्गुन | ३० | खुर्सानी | वैशाख-जेष्ठ | फाल्गुन चैत |
| ११ | केराउ | असौज-कार्तिक | पुष-माघ | ३१ | भिन्डी | वैशाख-जेष्ठ (अन्य महिना) | फाल्गुन चैत |
| १२ | अडहर | असार -साउन | फाल्गुन चैत | ३२ | भन्टा | जेष्ठ-असार | भदौ-असौज |
| १३ | मुंग | बैशाख-जेष्ठ | फाल्गुन चैत | ३३ | मुला | भदौ असौज | फाल्गुन चैत |
| १४ | मास | साउन-भदौ | असौज-कार्तिक | ३४ | अदुवा | वैशाख-जेष्ठ | पुष-माघ |
| १५ | भट्टमास | साउन-भदौ | असौज-कार्तिक | ३५ | चम्सुर | भदौ असौज | मंसिर-पौष |
| १६ | गहत | साउन-भदौ | असौज-कार्तिक | ३६ | पालुंगो | भदौ असौज | कार्तिक-मंसिर |
| १७ | काक्रा | वैशाख-जेष्ठ | कार्तिक-मंसिर | ३७ | धनिया | असौज-कार्तिक | मंसिर-पौष |
| १८ | करेला | वेशाख-जेष्ठ | कार्तिक-मंसिर | ३८ | गाँजर | असौज-कार्तिक | माघ-फाल्गुन |
| १९ | लौका | वैशाख-जेष्ठ | कार्तिक-मंसिर | ३९ | सलगम | असौज-कार्तिक | माघ-फाल्गुन |
| २० | फर्सि | वैशाख-जेष्ठ | फाल्गुन चैत | ४० | आलु | असौज-कार्तिक | माघ-फाल्गुन |

श्रोत: गाउँ वस्तुगत विवरण२०७३

## ५.५ कृषि सहकारी संस्थाहरुको विवरण

राजपुर गाउँपालिकामा स्थानिय कृषकहरु मिलेर नै विभिन्न साविककावडाहरुमा सहकारी संस्थाहरु खोलेका छन् । यस गाउँपालिकामा साविकका गाविस बेला र राजपुरमा गरी १० वटा विभिन्न प्रकारका( कषि सहकारी, वचत तथा ऋण, उपभोक्त सहकारी दुग्ध सहकारी) जस्ता सहकारी संस्थाहरु रहेका छन् । सहकारीको मदतबाट कृषकहरु आर्थिक रुपमा निर्भर हुने र गाउँमा कृषि विकास पनि हुने संभावना देखिन्छ । गाउँमा भएका विभिन्न्न सहकारी संस्थाहरुको विस्तुत विवरण तलको तालिकामा प्रस्तुत गरीएको छ ।

तालिका नं. २५: कृषि सहकारी संस्थाहरुको विवरण

| त्र.सं. | सहकारी संघ संस्थाको नाम | ठेगाना | सदस्यता संख्या | | | सञ्चालक | | | शेयर पुँजी | बचत निक्षेप | सदस्यलाई ऋण लगानी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | | |
| १ | सोमहीथान महिला बचत तथत ऋण सहकारी संस्था लि. | वेला | २५ | ० | २५५ | ९ | ० | ९ | २०७०९५ | २०६५८५ | २६९३११ |
| २ | जानकी महिला बचत तथत ऋण सहकारी संस्था लि. | राजपुर, ६ | ४९८ | ० | ४९८ | ७ | ० | ७ | ४३६०० | १०९७२२ | १७९७७४ |
| **कृषि सहकारी संस्थाहरु** | | | | | | | | | | | |
| | सुर्योदय कृषक बहुउद्देश्य सहकारी संस्था लि. | बेला १, मटेरीया | ४६ | १०० | १४६ | ३ | ८ | ११ | ५०६५८०० | ४९८३०४५ | ५८६५००० |
| | चाँदनी कृषि बहुउद्देश्य सहकारी संस्था लि. | बेला १, मटेरीया | ३८ | ८ | ४४ | ६ | १ | ७ | २२७००० | ६७३०० | १८३००० |
| | गगदी कृषि सहकारी संस्था लि. | राजपुर ७, देउखुरी | १२ | १८ | ३० | ० | ७ | ७ | ८४२०० | ५१३१५ | ४३८२० |
| | सुर्यज्योति कृषि सहकारी संस्था लि. | राजपुर ९, सिक्टा | १२ | १४ | २६ | २ | ५ | ७ | २६००० | ५०००० | ७५००० |
| | पालुवा कृषि सहकारी संस्था लि. | बेला १, मटेरीया | २१२ | १४६ | ३५८ | ५ | २ | ७ | ४६०८५० | ४१३८०२ | ७९५३१० |
| | उज्वल कृषि सहकारी संस्था लि. | राजपुर ४, महतिनिखोला | ५ | २३ | २८ | २ | ५ | ७ | १५४००० | २९४०० | १७८००० |
| **उपभोक्ता सहकारी संस्थाहरु** | | | | | | | | | | | |
| | राजपुर उपभोक्ता सहकारी संस्था लि. | राजपुर ६ | १ | २५ | २६ | ० | ९ | ९ | ५०००० | ० | ० |
| **दुग्ध सहकारी संघ/संस्थाको विवरण** | | | | | | | | | | | |
| 1 | बेला किसान दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड | बेला १, मटेरीया | १० | ७१ | ८१ | | | ९ | ४०५०० | ० | |

श्रोत : राप्ती अञ्चलको सहकारी गतिविधि२०७३

### कृषी बालीमा लाग्ने रोग

गाउँको कृषि उत्पादनमा धान, मकै, गहुँ, कोदो, तोरी, जौ, फापर दलहन, तरकारी, फलफूल आदी नै मुख्य रुपमा रहेको छ । सामान्यतया खाद्यान्नमा गभारो आख्ले, खैरा, लिफ ब्लास्ट,,फलफुलहरुमा फलमा गभारो लाग्ने, जस्ता रोगहरु देखा परेका छन् भने गहुँमा जस्ता रोगहरु देखिन्छन् । यसैगरी दलहन वालीमा डडुवा, ब्लास्ट, नगदे वाली पनि डडुवा आदी रोगको प्रकोपबाट कृषकहरु समस्यामा परेका छन् । राजपुर गाउँपालिकाको कृषि वालीमा लाग्ने रोगहरुको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरीएको छ ।

तालिका नं. २६: कृषि वालीमा लाग्ने रोगहरुको विवरण

| क्र.स. | तरकारी वालीमा लाग्ने रोगहरुको नाम | फलफुल खेतीमा लाग्ने रोगको नाम | खाद्यान्न वालीमा लाग्ने रोगको नाम | दलहन वालीमा लाग्ने रोगको नाम | नगदे वालीमा लाग्ने रोगको नाम |
|---|---|---|---|---|---|
| 1 | मोज्याक भाइरस | फलको गभारो | डडुवा | डडुवा | डडुवा |
| 2 | | | गभारो आब्ले | ब्लास्ट | |
| 3 | | | खैरा | | |
| 4 | | | लिफ ब्लास्ट | | |

श्रोतः गाउँ वस्तुगत विवरण २०७३

## ५.६ पशुपालन

पशुपालन भन्नाले घरमा पशु वा पंक्षीलाई पाल्ने प्रक्रिया हो। विशेष गरि पशुपालन खाद्य वस्तु उत्पादन र श्रमका लागि पालिने गरिन्छ। राजपुर गाउँपालिकामा गरिने पशुपालन मध्ये गाई, गोरु, भैसी, भेडा, बाख्रा, कुखुरा, हाँस, परेवा, सुँगुर, बंगुर आदि पर्दछन्। सबैभन्दा बढी पालिनेमा बाख्रा, कुखुरा, गाई, गोरु, भेडा, हाँस र परेवा रहेका छन्।



### ५.६.१ पशुहरुमा लाग्ने रोग

राजपुर गाउँपालिकामा पशुपंक्षिहरुमा विभिन्न रोगहरु देखिएका छन् । पशुहरुमा देखिने रोगहरुमा भ्यागुते,चरचरे, खोरेत, एन्फेक्स, डर्माटाइटिस, डाइरिया, टेपवर्म, लाइस आदि जस्ता रोगहरु देखा परेका छन्। पंक्षीहरुमा एक्सिडिपेसिस, कोराइजा, गम्बारो, सि आर डी, सल्मोनेलासिस, रानिखेट, फुबल फुक्स आदि रोगहरु

देखा परेका छन् । राजपुर गाउँपालिकामा पशुपंक्षीमा देखिएका रोगहरुको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरीएको छ ।

तालिका नं. २७: पशुपंक्षीहरुमा लाग्ने रोगहरुको विवरण

| क्र.सं. | पशुपन्छी अन्य उत्पादन | रोगको नाम |
|---|---|---|
| 1 | पशु | भ्यागुते, चरचरे,खोरेत, एन्फेक्स, पी.पी.आर,एने यूरीया, डर्माटाईटिस, डायरिया, पाइरेक्ससिया,रिटेनप्रोसेन्टा, सिस्टोकिया, एनोरोक्सिस, एल एफ, राउन्डओम,टेपवर्म, महोस्ट, टिक्स, लाइस, सर्भिसाइटिस, भेट्राइटिस,पायोमेट्रा, स्वाइन फिबर |
| 2 | पंक्षी | एक्सीडिपेसिस, कोराइजा, गम्बारो,सि आर डी, सल्मोनेलासिस,रानिखेट,फुबल, फुक्स, हवाइडाइरिया |

श्रोत: कृषि सेवाकेन्द्र सेवा, समुह छलफल

### ५.६.२ कृषि औजार

कृषकले प्रयोग गर्ने मुख्य औजारमा ट्रयाक्टर, थ्रेसर,पम्पसेट, गोरुगाडा, अन्न राख्ने भाँडो, हलो कुटो, कोदाली, हसिया, आदि पर्दछन् । राजपुर गाउँपालिकाको साविकको गाविस राजपुरमा कृषकहरुले उपलब्ध कृषि औजारमा खुर्पा, हसिया, सबैभन्दा धेरै प्रयोग गर्दछन् भने कुटो, कोदालो अन्न राख्ने भाँडो, हलो, गोरु गाडा, पम्पसेट र थ्रेसर पर्दछन् ।

### ५.६.३ कृषि उद्योग

राजपुर गाउँपालिकामा कृषि उद्योगहरु उल्लेखनिय मात्रामा रहेका छन् । गाउँमा गिटी उद्योग, बालुवा उद्योग,राइस मिल, फर्निचर उद्योग, काष्ठकला उद्योग आदि उद्योगहरु रहेका छन् । गाउँमा भएको कृषि उद्योगहरुमा महिलाहरु पनि सक्रिय भएर लगेका छन् र गाउँमा रोवगारीका अवसरहरु पनि सिर्जना भएका छन् । यस गाउँपालिकामा भएका विभिन्न उद्योगहरुको विस्तृत विवरण निम्नवमोजिमको तालिकामा प्रस्तुत गरीएको छ ।

तालिका नं. २८: कृषि उद्योगहरुको विवरण

| क्र.सं. | उद्योगको नाम | संख्या | उद्योगको किसिम | हालको अवस्था | उद्योगबाट प्रत्यक्ष रोजगारी संख्या | | | उत्पादन हुने सामाग्री नाम | उत्पादित सामाग्रीको वार्षिक मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा | | |
| 1 | सन्तोस राईस मिल | १ | साना उद्योग | चालु | | ३ | ३ | पिसानी, कुटानी पेलानी | १००००० |
| 2 | कमला राइस मिल | १ | साना उद्योग | चालु | १ | ३ | ४ | पिसानी कुटानी,पेलानी | ५०००० |
| 3 | सरिता राइस मलि | १ | साना उद्योग | चालु | १ | २ | ३ | चामल पिठो | १००००० |
| 4 | सत्य राईस मिल | १ | साना उद्योग | चालु | १ | २ | ३ | पिसानी,कुटानी | १००००० |
| 5 | बिष्णु राईस मिल | १ | साना उद्योग | चालु | १ | १ | २ | पिसानी कुटानी | १००००० |
| 6 | प्रकाश वालुवा वासिङ्ग | १ | साना उद्योग | चालु | ४ | ६ | १० | बालुवा | १०००००० |
| 7 | मनकामना गिटी उद्योग | १ | साना उद्योग | चालु | ४ | १२ | १६ | गिटी | १५०००००० |
| 8 | काष्ठकला उद्योग | १ | साना उद्योग | चालु | १ | २ | ३ | काठका सामान | ३००००० |
| 9 | फर्निचर उद्योग | १ | साना उद्योग | चालु | १ | ३ | ४ | काठका सामान | ५००००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 10 | राइस मिल | १ | साना उद्योग | चालु | १ | २ | ३ | कुटानी पिसानी | १००००० |
| 11 | राइस मिल | १ | साना उद्योग | चालु | १ | २ | ३ | कुटानी पिसानी | १००००० |
| 12 | बिरेन्द्र मिल | १ | साना उद्योग | चालु | १ | २ | ३ | कुटानी पिसानी | ८०००० |
| 13 | राइस मिल | १ | साना उद्योग | चालु | १ | ३ | ४ | कुटानी पिसानी | ५०००० |
| 14 | राइस मिल | १ | साना उद्योग | चालु | १ | ३ | ४ | कुटानी पिसानी | १००००० |

श्रोत: गाउँवस्तुस्थिती विवरण २०७३

## ५.७वाली उत्पादन

मानिसले लगाउने कुनै पनि प्रकारको बिरुवा जु मानिसको खाना,औषधी, पशुपालनको लागि दाना, फाइबर, आदि उत्पादन र अन्य नगद कमाउन प्रयोग हुन्छ भने त्यसलाई वाली भनिन्छ। राजपुर गाउँपालिकामा उत्पादन हुने वालीहरुलाई निम्नअनुसार विभाजन गरीएको छ।

- ✓ अन्न वाली: धान, गहुँ, मकै, कोदो, आलु
- ✓ तेल वाली: तोरी, सर्सिउ, सूर्यमुखी, आलस
- ✓ दाल वाली: चना, रहर, मसुरो, मास, सिमि, भटमास, केराउ
- ✓ नगदे वाली: उखु, कपास, सनपाट

### ५.७.१ राजपुर गाउँपालिकामा कृषि क्षेत्रको वर्तमान अवस्था

राजपुर गाउँपालिका उष्ण जलवायु भएको तराई क्षेत्रमा पर्छ । भौगोलिक अवस्था, जलवायु, माटोको अवस्था साथै अन्य प्राकृतिक श्रोत र सामाजिक, आर्थिक परिवेशको दृष्टिकोणले यो गाविसको संपुर्ण भूभाग कृषि र पशुपालनको लागि उपयुक्त रहेको छ। महेन्द्र राजमार्गसँगको कम दुरी, बाँके जिल्लासँगको पनि पहुँच भएकोले यहाँ उत्पादन भएका सामाग्रीहरुलाई सजिलैसँग बजारमा पुर्याउन सकिन्छ। तर राप्ती नदिमा पुलको आवश्यकता अत्यन्त जरुरी छ । यस्ले गर्दा यहाँ व्यवसायिक कृषिको संभावनलाई वृद्धी गर्दछ । कृषि र पशुपालनको प्रशस्त सम्भावना बोकेको भएता पनि यस गाउँमा समग्र रुपमा हेर्दा त्यती धेरै उल्लेखिय सुधार भने हुन सकेको छैन। अझै पनि यहाँको कृषि निर्वाहमुखीनै रहेको छ। पछिल्ला केही वर्षमा भने पकेट क्षेत्र निर्धारण र प्रतिस्प्रधात्मक कृषि प्रणलीका कारण व्यवसायिक कृषिले केही गति लिन थालेको महसुस हुँदै छ। व्यवसायिक तरकारी खेति जस्तै: पलास्टिक घरमा टमाटर खेति बन्दा खेति, च्याउ खेति, विभिन्न वालीको बिउ उत्पादन, मौरी पालनले व्यापकता पाएको देखिन्छ।

खेति प्रणली हेर्दा यहाँको कृषि प्रणाली एकिकृत खालको छ जस अन्तर्गत यहाँको कृषक पशुपालन सँगै विभिन्न वाली लगाउने गर्छन्। आफ्नो लागि आवश्यक पर्ने खाद्यान्न , तरकारी, तेल, मासु, दुध, अन्डाका लागि बाहिर जान नर्पा गरि आफैले नै उत्पादन गर्ने परम्परागत एवम् निर्वाहमुखी खेति प्रण्ली नै यहाँ व्याप्त छ। तर पनि पछिल्लो चरणमा आएर हेर्दा त्यो परम्परालाई तोड्दै आफ्नो जिविको पार्जनको लागि मात्र नभई केही किसानहरुले व्यवसायिक रुपमा नगद आय आर्जनको लागि पनि कृषि पैसालाई बिकसित गर्दै आएको छ।

### ५.७.२ उन्नत विउको प्रयोग

उन्नत जातको वालीको प्रयोगले एतपादन एवम् उत्पादकत्वमा वृद्धि गर्नुका साथै खाद्य सुरक्षामा समेत टेवा पुर्याउछ । उन्नत वालीमा विरुवाको रोग किरा सँग लड्ने क्षमताको समेत वृद्धि गरीएको हुन्छ । जसले गर्दा रोग किरा नियन्त्रणका लागि लाग्ने अतिरिक्त खर्चको कटौती गर्छ । उन्नत वालीहरुमा प्रतिकुल मौसमसँग लड्न सक्ने क्षमता पनि धेरै हुन्छ । जस्तै सुख्खा सहन सक्ने डुवन सहन सक्ने, धेरै चिसो सहन सक्ने, कुहिरो सहन सक्ने आदि , केहि उन्नत वालीमा तेस्मा पाइने पोषक तत्वमा समेत सुधार गरीएको छ । तेसैले उन्नत वालीहरु किसानका लागि ज्यादै महत्वपुर्ण हुन्छन् । राजपर गाउँपालिकामा उन्नत वालीहरुको प्रयोग भएता पनि कुनै वालीमा भने परम्परागत वालीहरुको प्रयोग नै भएको देखिन्छ । यस गाउँपालिकामा उन्नत वालीले ढाकेको क्षेत्रफल वृद्धी गर्ने हो भने समग्र गाविसको उत्पादन एवम् उत्पादकत्वमा वृद्धी गर्न सकिन्छ । राजपुर गाउँपालिकामा प्रयोग भएका केहि उन्नत वाली र तिनको विवरण निम्नवमोजिमको तालिकामा प्रस्तुत गरीएको छ ।

तालिका नं. २९: उन्नत वाली र तिनका जातहरुको विवरण

| क्र.सं. | वालिको विवरण | वालिको जात |
|---|---|---|
| १ | धान | विन्देश्वरी, shankar shanti, 312 |
| २ | मकै | रापुर, कम्पोजिट,अरुण |
| ३ | गहुँ | गौतम, विजय |
| ४ | तोरी | उन्नती, प्रिती |
| ५ | मसुरी | खजुरा मसुरो |
| ६ | टमाटर | सुरक्षा सिर्जना |
| ७ | काउली | सिल्भर कप, स्नोबल १६ |
| ८ | बन्दा | ग्रीन कोनेट |
| ९ | आलु | TPS, कार्डिनल,कुफ्री सुनदरी |

श्रोत: वस्तुगत विवरण आवधिक गाउँविकासयोजना दाङ २०७३

### ५.७.३ पकेट क्षेत्र पहिचान र विकास

राजपुर गाउँपालिका कृषि एवम् पशुपालनको दृष्टिले दाङ जिल्लाका लागि एक महत्वपुर्ण ठाउँ हो । अहिले सम्म पनि यो क्षेत्रलाई कुनै पनि प्रकारको पकेट क्षेत्रको रुपमा भने विकास गरीएको छैन । तर पनि संभावना भने थुप्रै रहेको छ । यो क्षेत्रलाई मौरीपालन पकेट क्षेत्र, खाद्यान्न पकेट क्षेत्र, दलहन वाली पकेट क्षेत्र, तरकारी उत्पादन पकेट क्षेत्र र गाई भैसी उत्पादनको पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने देखन्छ ।

राजपुर गाउँपालिकाम धेरै प्रकारको कृषि उद्यमहरुको संभावना रहेको छ । तर भौगोलिक अवस्थिती र जलवायुको आधारमा संभाव्य वालीहरु मध्ये तुलनात्मक लाभ, स्थानिय सम्भाव्यता तथा विशिष्ट अवसरको र प्रतिस्प्रधात्मक लाभको आधारमा केही वालीहरु छनौट गरी व्यवसायिकताको प्रवेश गर्न आवश्य देखिन्छ । हाल व्यवसायिकतामा जान सकिने वालीहरुमा मुख्य गरी तरकारीहरु जस्तै टमाटर, काउली, बन्दा, करेला, काक्रा

रहेका छन् । भने पशुपालन तर्फ कुखुरा, बंगुर र दुध उत्पादन रहेको छ । साथै व्यवसायिक माछा पालनको लागि पकेट क्षेत्रको रुपमा पनि यस क्षेत्रलाई विकास गर्न सकिन्छ । कार्प जातको माछा पालन पकेट क्षेत्रको रुपमा विकास गर्न सके त्यस मार्फत कृषकहरुको आम्दानीमा प्रशस्त वृद्धी गर्न सकिन्छ ।

गाउँमा सबै क्षेत्र व्यवसायिक भैसीपालन, गाईपालन र दुध उत्पादनको दृष्टिकोणबाट उपयुक्त देखिन्छ । साथै यो क्षेत्रमा मासुका लागि बंगरपालनको पनि उत्तिकै सम्भावना रहेको छ । नश्ल सुधार कार्यक्रम मार्फत स्थानिय गाइको नश्ल सुधार गरी दुध उत्पादन गर्न सकिन्छ ।

## ५.८ खानीको स्रोत र उपयोगको स्थिति

राजपुर गाउँपालिकामा खानीसम्बन्धी सम्भाव्यताको बारेमा अध्ययन गरेको भएतानि व्यवसायिक उत्पादनको लागि कुनै पहल गरेको पाइदैन । तर यस गाउँपालिकामा खोला नालामा भएका वालुवा ढुंगा तथा गिटीको सदुपायेगबाट फाइदा लिन सकिने स्थिती रहेको छ । यहाँको महाँभारत तथा चुरे क्षेत्रमा Schists, Quarzites,Fragile & Stone, Conglomerates, Pabbles/ Boulders,Sand Stone, Calcareous, Thin Lime Stone,Clay/ Phyllites चट्टानहरु पाइन्छन् ।

# खण्ड ६: भौतिक तथा सार्वजनिक पूर्वाधार

## ६.१ सडक सम्बन्धी विवरण

राजपुर गाउँपालिकामा गढवा-सिक्टा-राजपुर सडक खण्डमा रहेर यातायातका साधनहरु चल्ने र गाउँवासीहरु एक ठाउँबाट अर्को ठाउँमा जानेगर्दछन् । यो सडकमा २५ कि.मि ग्रावेल रहेको छ भने ५ कि.मि. सडक कच्ची रहेको छ । गाउँपालिकामा भएको यस सडकबाट गाउँवासीहरु लाभान्वित त भएका छन् नै गाउँवासीहरुलाई विभिन्न आर्थिक व्यवसाय गर्न मद्यत मिलेको छ । राजपुर गाउँपालिकामा भएका सडकहरुको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरीएको छ ।

| क्र.सं. | सडकको नाम | सडकको प्रकार तथा लम्बाइ | | | | जम्मा लम्बाई(कि.मि) |
|---|---|---|---|---|---|---|
| | | कालोपत्रे | ग्राभेल | कच्ची | नयाँ | |
| १ | गढवा-सिक्टा-राजपुर सडक | ० | २५ | ५ | ० | ३० |
| २ | कलकत्ते -गढवा-राजपुर-खोकरी रोड | २५ | २७.८ | | ८.२१ | ६१ |
| ३ | सातबारिया-रिहार -राजपुर-गंगदी-सालभौरी- खंङ्गा नाका सडक | ३० | | ३० | ० | ६० |

श्रोत: दाङ जिल्ला पार्श्वचित्र २०७१

### ६.१.१ सडक सञ्जालको अवस्था

| क्र.सं. | साविकका गाविस | दूरी कोषमा (सदरमुकाम बाट) | सडकको प्रकार | यातायातको साधन |
|---|---|---|---|---|
| 1 | बेला | १६ | कालो पत्रे, कच्ची | बस जिप |
| 2 | राजपुर | १४ | कालो पत्रे, कच्ची | बस,पैदल |

श्रोत : दाङ जिल्ला पार्श्वचित्र २०७१

माथि दिइएको तालिकाको तथ्य अनुसार यहाँ कालोपत्रे र कच्ची सडक गरी २७ किलोमीटर मात्रसडक रहेको छ । राजपुर गाउँपालिकाको बाटो-घाटोको स्थिति हेर्दा कालोपत्रे, ग्राभल, कच्ची, र कृषि सडक आदिले यातायात संजालको रूपमा विभिन्न गाउँबस्तीहरू जोडेको देखिन्छ । गाउँपालिकाको समग्र पक्षको विकास गर्न विद्यमान सडक संजालहरूको संरक्षण, स्तर उन्नति र थप विकास गर्नुपर्ने देखिन्छ । राजपुर गाउँपपालिकामा भएका सडकहरुमा चल्ने प्रमुख यातायातको साधन बस, जिप, ट्याक्टर, टिप्पर, मोटरसाइकल, आदि रहेका छन् ।

## ६.२ विद्युत तथा बैकल्पिक उर्जा

### ६.२.१ दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण


तालिका नं. ३०: वडागत दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

| वडा | बिजुली | मट्टितेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| 1 | २०५ | १६ | १ | १२० | ४२३ | १ | ७६६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 2 | ५०० | ११९ | ० | २ | १४९ | ० | ७७० |
| 3 | २४१ | ९० | १ | १८ | १६७ | २ | ५१९ |
| 4 | २४७ | १६२ | ० | २ | ४८ | ० | ४५९ |
| 5 | ३६२ | ७१ | ० | ३ | ७२ | ७ | ५१५ |
| 6 | २०४ | ३४ | १ | ४८ | १८४ | ५ | ४७६ |
| 7 | ८८ | १३६ | १ | ३३७ | ४०२ | ४ | ९६८ |
| जम्मा | १,८४७ | ६२८ | ४ | ५३० | १,४४५ | १९ | ४,४७३ |
| प्रतिशत | ४१।२९ | १४।०४ | ०.०९ | ११.८५ | ३२.३० | ०.४२ | १००.०० |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

गाउँका सबै वडाहरुमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ । राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नजिताअनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ । गाउँपालिकामा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या १,८४७ (४१.२९ प्रतिशत) रहेको छ। त्यस्तै गाउँमा बसोबास गर्ने कुल घरधुरीको ४ (०.०९ प्रतिशत) घरधुरीले गोबरग्याँस जुन न्युन देखिन्छ।६२८ (१४.०४ प्रतिशत) घरधुरीले मट्टितेल र ५३०(११.८५प्रतिशत) घरधुरीले सोलार प्रयोग गर्ने गरेको देखियो भने अन्य इन्धनको श्रोत प्रयोग गर्ने घरधुरीमा १,४४५ (३२.३ प्रतिशत) र इन्धनको श्रोत नखुलेको १९ (०.६० प्रतिशत) रहेको देखिन्छ । जसलाई माथि दिइएकोतालिका तथा तल बार ग्राफ मार्फत देखाइएको छ।




## ६.२.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण


तालिका नं. ३१: खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा | काठ/दाउरा | मटीतेल | एल.पी. ग्याँस | कुइठा/ठोरहा | गोबरग्यास | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ७६१ | ० | १ | १ | २ | १ | ७६६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | ७४५ | १ | ७ | ० | १७ | ० | ७७० |
| ३ | ५११ | १ | १ | २ | २ | २ | ५१९ |
| ४ | ४५४ | १ | ४ | ० | ० | ० | ४५९ |
| ५ | ४९१ | ० | ० | ० | १७ | ७ | ५१५ |
| ६ | ४६८ | १ | ० | २ | ० | ५ | ४७६ |
| ७ | ९६१ | १ | ० | ० | २ | ४ | ९६८ |
| जम्मा | ४,३९१ | ५ | १३ | ५ | ४० | १९ | ४,४७३ |
| प्रतिशत | ९८.१७ | ०.११ | ०.२९ | ०.११ | ०.८९ | ०.४२ | १०० |

श्रोत: केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

सन् २०११ को जनगणनाअनुसार परिवारमा खाना पकाउन बढी प्रयोगमा आउने इन्धनकोकाठ/दाउरा रूपमा प्रयोग गर्ने घरधुरी ४,३९१ (९८.१७ प्रतिशत),गोबर ग्याँस प्रयोग गर्ने ४० (०.८९ प्रतिशत),एल.पी. ग्यास प्रयोग गर्ने १३ (०.२९ प्रतिशत), मट्टितेल प्रयोग गर्ने ५ (०.११ प्रतिशत), कुइठा तथा ठोरहा प्रयोग गर्ने ५(०.११ प्रतिशत) छन् भने उल्लेख नगरिएको घरधुरी १९ (०.४२ प्रतिशत) रहेको देखिन्छ। यस राजपुर गाउँपालिकामा खाना पकाउने इन्धनको रुपमा अधिकाशं काठ दाउराको प्रयोग भएको देखिन्छ।जसको विस्तृत विवरण निम्नवमोजिम वारग्राफ र तालिकामाउल्लेख गरिएको छ।




## राजपुर गाउँपालिकामा भएका सरकारी कार्यलयहरूको विवरण

| साविकका गा.वि.स | प्रशासन | गाउँपालिका कार्यलय | वन | पशु सेवा | हुलाक | जनस्वास्थ्य | आयुर्वेद केन्द्र |
|---|---|---|---|---|---|---|---|
| **बेला** | | बेला | | | इलाका हुलाक | सव हेल्थ पोष्ट | औषधालय |
| **राजपुर** | | राजपुर | रेन्जपोष्ट | सेवा उपकेन्द्र | अतिरिक्त हुलाक | सव हेल्थपोष्ट | |
| | | | | | इलाका हुलाक | | |

श्रोत: दाङ जिल्ला पार्श्वचित्र २०७१

राजपुर गाउँपालिकामा विभिन्न सरकारी कार्यलयहरु रहेका छन् । राजपुर गाउँपालिकाका साविकका गाविसहरु राजपुर र बेला गाविसमा १-१ वटा गाविस कार्यलय रहेका छन् । राजपुरमा वन अन्तर्गत रहेको

कार्यलय रेन्जपोष्ट रहेको छ भने साविकको गाविस राजपुर गाविसमा १ वटा पशुसेवाकेन्द्र रहेको देखिन्छ । बेला गाविसमा इलाका हुलाक कार्यलय रहेको छ भने राजपुरमा अतिरिक्त हुलाक र इलाका हुलाक कार्यलय गरी २ वटा हुलाक कार्यलय रहेका छन् । त्यस्तै गरी बेला र राजपुर गाविसमा १-१ वटा सव हेल्थपोष्ट रहेका छन् भने बेला गाविसमा आयुर्वेद औषधालय रहेको छ । गाँउपालिकामा रहेका सरकारी कार्यलयहरुको विस्तृत् विवरण माथीको तालिकामा प्रस्तुत गरीएको छ ।

# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ । यसै सिलसिलामा यहाँ राजपुरगाउँपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ । विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको सर्वोपरि भुमीका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रुपमा नितीगत रुपमा अबलम्बन गरिएको छ।

### ७.१.१ साक्षरताको अवस्था


सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रुपमा साक्षरताको अवस्थालाई लिने गरिन्छ।कुनै पनि देश विकासको सुचक मध्ये शिक्षा पनि एक हो।नेपाल जस्तो विकासमा पछि परेको देशको लागि साक्षरताको अवश्थाले प्रत्यक्षय प्रभाव पार्दछ।कुनै पनि गाउँपालिकाको विकास एवमं अवस्थाको आँकडन गर्न त्यहाँको सामाजिक साँस्कृतिक तथा आर्थिक पाटो लाई केलाउनु जरुरी पर्छ । पछिल्लो राष्ट्रिय जनगणना२०६८ अनुसार नेपालको साक्षरता ६५.९४ प्रतिशत रहेको छ। राजपुर गाउँपालिकाको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरीएको छ ।

तालिका नं. ३२: वडागत साक्षरताको विवरण

| | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | १०३३ | ९८४ | ५३ | ४२ | ३७२ | ८०५ | ० | १ | १,४५८ | १,८३२ | ३,२९० |
| २ | ११६२ | ९०६ | ४४ | ४२ | ५१४ | ८८८ | ० | ० | १,७२० | १,८३६ | ३,५५६ |
| ३ | ९६६ | ६३९ | ५९ | ५६ | ३५८ | ६६६ | ० | ० | १,३८३ | १,३६१ | २,७४४ |
| ४ | ८४९ | ५१७ | ३१ | २२ | ३६१ | ६३१ | १ | ० | १,२४२ | १,१७० | २,४१२ |
| ५ | ९९५ | ६५३ | ४० | ३३ | ३४० | ६५५ | १ | २ | १,३७६ | १,३४३ | २,७१९ |
| ६ | ९१५ | ६९१ | १ | ४ | २०० | ४७४ | ३ | ३ | १,११९ | १,१७२ | २,२९१ |
| ७ | १४७६ | १२४९ | ४७ | ४३ | ५५० | ९५५ | ० | १ | २,०७३ | २,२४८ | ४,३२१ |
| जम्मा | ७,३९६ | ५,६३९ | २७५ | २४२ | २,६९५ | ५,०७४ | ५ | ७ | १०,३७१ | १०,९६२ | २१,३३३ |
| प्रतिशत | ७१.३१ | ५१.४४ | २.६५ | २.२१ | २५.९९ | ४६.२९ | ०.०५ | ०.०६ | १००.०० | १००.०० | |

श्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०६८

माथिको तालिकामा राजपुर गाउँपालिकाको साक्षरता अवश्थाको वडागत विवरण प्रस्तुत गरिएको छापछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको कुल साक्षरता दर ६१.१० प्रतिशत ( नेपालको ६५.९४ प्रतिशत रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिकामा पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस गाउँपालिकाको पुरुषको साक्षरता दर ७,३९६ (७१.३१ प्रतिशत)को तुलनामा महिलाको साक्षरता दर ५,६३९ (५१.४४ प्रतिशत) रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग १९.८७ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। यस राजपुर गाउँपालिकाको शैक्षिक स्थितीलाई निम्न वमोजिमको स्तम्भ चित्रमा समेत प्रस्तुत गरीएको छ।




## ७.१.२ शैक्षिक जनशक्तिको विवरण


तालिका नं. ३३: शैक्षिक जनशक्तिको विवरण

| लिङ्ग | स्कूल नगएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल.सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सोभन्दा माथी | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ३८३ | ४३६९ | १६८३ | ५४९ | २७८ | १४७ | ४४ | ९ | ६ | ३५५ | ८ | ७,८३१ |
| महिला | ३११ | ३५६० | ११८६ | ३८१ | १६५ | ५४ | ५ | ० | २ | ३५३ | १४ | ६,०३१ |
| जम्मा | ६९४ | ७,९२९ | २,८६९ | ९३० | ४४३ | २०१ | ४९ | ९ | ८ | ७०८ | २२ | १३,८६२ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिशत | ५.०१ | ५७.२० | २०.७० | ६.७१ | ३.२० | १.४५ | ०.३५ | ०.०६ | ०.०६ | ५.११ | ०.१६ | १००.०० |

श्रोत : केन्द्रिय तथ्याङ्क विभाग, २०६८

कुल साक्षर जनसंख्या १३ हजार ३५ जना मध्ये ८सय २२ जना अर्थात् ५.३९ प्रतिशतले मात्र प्रवेशिका तथा सो भन्दा माथिल्लो शैक्षिकस्तर प्राप्त गरेका छन्। जसमा ७ हजार ३ सय ९६  जना साक्षर पुरुष मध्ये ४ सय ७८ (६.४६प्रतिशत) जनाले मात्र प्रवेशिका तथा सो भन्दा माथिल्लो शैक्षिकस्तर प्राप्त गरेका छन् भने ५ हजार ६ सय ३९ जना साक्षर महिला मध्ये २ सय २४ (३.९७ प्रतिशत) जनाले मात्र प्रवेशिका तथा सो भन्दा माथिल्लो शैक्षिकस्तर प्राप्त गरेका छन्। प्राप्त शैक्षिकस्तरको तथ्याङ्क हेर्ने हो भने यस गाउँपालिकामा ठुलो संख्यामा प्राथमिक तह पूरा गरेका७९२९ अर्थात् ५७.२० प्रतिशत रहेका छन् भने त्यसपछि दोस्रो स्थानमा निम्न माध्यमिकमा २,८६९अर्थात् २०.७० प्रतिशत, तेस्रो स्थानमा प्रवेशिका ९३० अर्थात् ६.७१ प्रतिशत रहेका छन्। अझै पनि गाउँपालिकामा३९.९० प्रतिशत जनता निरक्षर रहेका छन्।




माथि ग्राफमा र तालिकाको अध्ययन गर्दा राजपुरमा शिक्षाको अवश्था मध्यम देखिन्छ। गाउँपालिकामाप्राथमिक तह ५७.२०प्रतिशतले पुरा गरेतापनि क्रमश स्नातक र स्नाकत्तोर तहसम्म पुग्दा ०.३५ र ०.०६ मा झरेको छ यसले नेपालको शिक्षाको विकास र अवस्थाको बारेमा स्पष्ट चित्रण गर्दछ। नेपालमा नै कही क्षेत्रलाई पुर्ण साक्षर घोषणा गरिसकिएको अवश्थामा यहाँको साक्षरता दर ६१.१० रहेको छ। त्यसैले राज्यले अनौपचारिक शिक्षाका साथै व्यावसायिक शिक्षा तर्फ पनि विशेष ध्यान दिनु पर्ने देखिन्छ । अत:यी विविध सूचकहरुको अध्ययन गर्दा गाउँपालिकाको शिक्षा क्षेत्रमा थप सुधारको आवश्यकता रहेको देखिन्छ।

### ७.१.३ विषयगत शैक्षिक जनशक्तिको वडागत विवरण


तालिका नं. ३४: विषयगत शैक्षिक जनशक्तिको वडागत विवरण

| वडा नं. | मानविकी र कला | व्यपार र प्रशासन | शिक्षा | विज्ञान | स्वस्थ्य | सामाजिक र व्यवहारिक | गरिणत र तथ्याङ्क | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | विज्ञान | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | ६ | १३ | १ | ० | १ | ० | ३ | २८ |
| २ | ११ | ५ | १२ | ४ | ० | ८ | ० | २५ | ६५ |
| ३ | ४ | ३ | १३ | ० | २ | १ | १ | ६ | ३० |
| ४ | १० | १ | २ | १ | २ | १ | ० | २२ | ३९ |
| ५ | ४ | २ | ९ | २ | २ | २ | २ | ५ | २८ |
| ६ | ३ | १ | १७ | १ | २ | १ | ० | ३ | २८ |
| ७ | १४ | ४ | १४ | ३ | ० | ० | ० | ६ | ४१ |
| जम्मा | **५०** | **२२** | **८०** | **१२** | **८** | **१४** | **३** | **७०** | **२५९** |
| प्रतिशत | **१९.३१** | **८.४९** | **३०.८९** | **४.६३** | **३.०९** | **५.४१** | **१.१६** | **२७.०३** | **१००.००** |

श्रोत : केन्द्रिय तथ्याङ्क विभाग, २०६८

माथि उल्लेखित विवरणमा गाउँपालिकाको विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरण देखाइएको छ। जसमा सबैभन्दा धैरै ८० (३०.८९ प्रतिशत) शिक्षा विषय लिएर अध्ययन गरेको देखिन्छ भने दोस्रोमा ५० (१९.३१ प्रतिशत) मानविकी र कला, तेस्रोमा २२(८.४९ प्रतिशत) व्यापार तथा प्रशासन  विषय लिएर अध्ययन गरेको पाईन्छ । यसैगरी सामाजिक र व्यवहारिक विज्ञान १४ (५.४१ प्रतिशत), स्वास्थ्य ८ ( ३.०९ प्रतिशत),) विषय लिएर अध्ययन गरेको देखिन्छ भने गाउँपालिकामा प्राविधिक जनशक्तिको संख्या अत्यन्त न्यून देखिन्छ प्रविधिक शिक्षामा खडेरी देखिन्छ जुन सरकार,आजको नागरिक समाज र सरोकारवालाको चुनौतिको विषय हो यसको सुधारको लागि आ आफ्नो क्षेत्रबाट कदम चलिनु अतिआवश्यक देखिन्छ।जस्को विस्तृत विवरण माथीको तालिकामा प्रस्तुत गरीएको छ ।





## ७.२.४ गाउँमा रहेका शिक्षण संस्थाहरूको विवरण

| राजपुर गाउँपालिकाका विभिन्न तहका विद्यालयहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | गाविस | उच्च मावि | मा.वि. | नि.मा.वि. | प्रा.वि. | जम्मा |
| १ | बेला | १ | ० | २ | ९ | १२ |
| २ | राजपुर | १ | १ | ६ | ११ | १९ |
| | जम्मा | २ | १ | ८ | २० | ३१ |

श्रोत : दाङ जिल्ला पार्श्वचित्र २०७१

राजपुर गाउँपालिकामा साविकका गाविस बेला र राजपुरमा गरी शैक्षिक संस्थाहरुको सख्या जम्मा ३१ रहेको छ । बेला र राजपुर गाविसमा १-१ वटा गरी २ वटा उच्च माध्यमिक विद्यालयहरु छन् भने माध्यमिक विद्यलायको संख्या १ रहेको छ । निमावी विद्यालयहरुको संख्या ८ रहेको छ । त्यस्तैगरी प्राथमिक विद्यलायको संख्या २० रहेको छ । गाउँका विभिन्न ठाउँमा विद्यालयहरुको स्थापना हुनाले बालबालिकाहरुलाई आधारभुत शिक्षा लगायत उच्च मावि तहको शिक्षा प्राप्त गर्नको लागि पनि सुविधा भएको छ । यस राजपुर गाउँपालिकामा भएका शैक्षिक संस्थाहरुको विस्तृत विवरण माथीको तालिकामा प्रस्तुत गरीएको छ ।




## (क) शैक्षिक पूर्वाधार तथा सेवा

विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भुमीका अनिवार्य रहन्छ। गाउँमा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन। तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवम् सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ। नेपाल सरकार संघिय मामिला तथा स्थानीय

विकास मन्त्रालयले निर्देशन गरेबमोजिमस्थानीय सरकारको रूपमा गाउँको समग्र विकासको निम्ति गाउँपालिकालाई नयाँ र गहन जिम्मेवारीहरू थपिदैं आएको छ।

### ७.१.५ सामुदायिक विद्यालयहरुमा देखिएका समस्याहरू

- ✓ **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु** : विद्यार्थीहरु प्राथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरुको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ।
- ✓ **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु** : प्राथमिक तहको विद्यार्थीहरुको तथ्याङ्कलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ।
- ✓ **दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु** : विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु गाउँपालिकाको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ।
- ✓ **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर** : गाउँपालिकाको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो।
- ✓ **विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु** : नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिको समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्य विद्यालयहरुको आर्थिक स्थिति निकै कमजोर देखिन्छ। दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न बाधा पुगेको देखिन्छ।
- ✓ **अभिभावकहरु चनाखो नहुनु** : बालबालिकाहरुको शैक्षिक प्रगतिबारे अभिभावकहरुको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरुको स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ।
- ✓ **शिक्षक दरबन्दी कम हुनु** : दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरु खाली रहने गरेको देखिन्छ। यसरी शिक्षकहरु तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन। एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन।
- ✓ **राजनीतिकरण हुनु** : विभिन्न राजनीतिक पार्टीहरुले शिक्षकहरुको संगठनहरु मार्फत शिक्षकहरुलाई आफ्नो पार्टीस्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ। राजनीतिक पार्टीहरुको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरुमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ। यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरुलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ।
- ✓ **शिक्षकहरुमा प्रतिबद्धताको कमी** : शिक्षकहरुले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ। प्राय: पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रुपमा देखिएको छ।
- ✓ **आधुनिक प्रविधिको प्रयोग नहुनु** : सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ

। प्राय: धेरै विद्यार्थी र शिक्षकहरु कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेको छन् ।

## ७.२ स्वास्थ्य

राजपुर गाउँपालिकाको स्वास्थ्य, सरसफाइ तथा समुदायको स्वस्थकर बानी व्यवहार पनि अनुकुल देखिन्छ। राजनितिक रुपमा ७ वटा वडाहरुमा विभाजित यस गाउँपालिकामा धेरैजसो जनताले आवश्यकता अनुसारको स्वास्थ्य सेवा लिन सफल भएका छन् ।यस गाउँपालिकाका विभिन्न वडाहरुमा उपस्वास्थ्य चौकीहरु रहेका छन् । साविकका गाविस बेला र राजपुरमा उपस्वास्थ्य चौकीहरुमा स्विकृत दरवन्दी अनुसार सबैमा पदपुर्ती भएको कारण गाउँवासीहरुले उपस्वास्य चौकीबाट भरपुर सुविधा लिइरहेका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रैले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्ति अनुसार यस गाउँमा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रुपमा रहेको छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care)को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms)गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्युन गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

साविकका गाविस बेला र राजपुरमा गरी जम्मा २ वटा स्वास्थय चौकी रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ । टाढाको वस्तीमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

### ७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू(Female Community Health Volunteers)

नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति अनुसार सन् २,००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्।

### ७.३.२ सुँडेनी (TBA)

हरेक वडाहरूमा एकजना सुँडेनीहरू राख्ने नेपाल सरकारको निती रहेको छ । परम्परागत रुपमा सेवा प्रदान गर्दै आएको सुँडेनीहरूले १२ दिनको आधारभुत तालिम प्राप्त गरिसकेका छन। तिनीहरूले MCHW बाट सुपरिवेक्षण समेत प्राप्त गरी हरेक ६ महिनामा स्वास्थ्य/उपस्वास्थ्य चौकीबाट पुनर्ताजगी तालिम समेत प्राप्त गरेका छन्।

### ७.३.३ गाउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक गाउँपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। गाउँका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ । यी स्थानहरुमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गरिएको देखिन्छ । यद्यपी तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक बृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू HP र SHP को तहमा मात्र उपलब्ध गराइन्छ। गाउँमा नियमित खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

### ७.३.४ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एचआईभीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका पनि यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिना सम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एचआइभी संक्रमण मध्ये १,६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एचआइभी संक्रमण भेटिएको छ। भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एचआइभीको प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार प्युठान जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ ।

### ७.३.५ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलत: आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको

स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानुनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन्।

पछिल्लो समय सुरक्षित मातृत्व कार्यक्रम नेपाल भरीनै लागु गरीएको छ । राजपुर गाउँपालिकाका साविकका गाविस बेला र राजपुरमा २० वर्ष वा सो भन्दा माथी (पहिलो चोटी एएनसी जाँच गर्ने)महिलाको संख्या १९३ जना रहेको छ भने २० वर्ष वा सो भन्दा कम उमेरको महिलाको संख्या १०४ जना रहेको छ । प्रोटोकल अनुसार महिनामा ४ चोटी एएनसी जाँच गर्ने महिलाको संख्या (२० वर्ष भन्दा सो भन्दा  उमेरको) ८१ जना रहेको छ भने २० वर्ष वा कम उमेर भएको महिलाको संख्या १६४ जना रहेको छ। यसैगरी पहिलो पटक आइरन चक्की पाउने महिलाको संख्या ३८५ रहेको देखिन्छ भने १८० आइरन चक्की पाउने महिलाको संख्या २४२ जना रहेको छ । राजपुर गाउँपालिकामा सुरक्षित मातृत्व कार्यक्रमको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरीएको छ।

| सुरक्षित मातृत्व कार्यक्रम | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | साविकका गाविस | पहिलो पटक एएनसी जाँच गर्ने | | प्रोटोकल अनुसार चार पटक एएनसी जाँच गर्ने | | | |
| | | २० वर्ष र सोभन्दा माथिका गर्भवती | २० वर्ष भन्दा कम उमेरका गर्भवती | २० वर्ष र सोभन्दा माथिका गर्भवती | २० वर्ष भन्दा कम उमेरका गर्भवती | पहिलो पटक आइरन चक्की पाउने गर्भवती महिला | १८० आइरन चक्की पाउने गर्भवती महिला |
| १ | बेला | १२८ | ५६ | ५५ | १२० | १९४ | १७६ |
| २ | राजपुर | ६५ | ४८ | २६ | ४४ | १९१ | ६६ |
| | जम्मा | १९३ | १०४ | ८१ | १६४ | ३८५ | २४२ |

श्रोत: जिल्ला स्वास्थ्य कार्यलय २०७३

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

### ७.३.६ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन् । यसको लागि यिनीहरु स्वस्थ र निरोगी हुनु आवश्यक छ । बालक अवस्थामा उनीहरुलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रमा दिनै पर्दछ । बालबालिकाहरुको लागि पाँचओटै खोपहरु नियमित पुरा मात्रमा दिनु पर्दछ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा

मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुर्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ। बच्चा आमाको गर्भमा हुँदा महिलाले पनि विभिन्न प्रकारका खोपहरु लिनु जरुरी हुन्छ। यसले मातृमृत्युदरलाई कम गर्नुका साथै बच्चालाई स्वस्थ रहन पनि मद्यत गर्दछ।

राजपुर गाउँपालिकाका जनताहरुलाई स्वास्थ्यको चेतना भएको देखिन्छ । यस गाउँपालिकामा खोपको अवस्था हेर्न हो भने अरु गाउँपालिकाको तुलनामा सन्तोषजनक देखिन्छ । विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरीएको छ।

| साविकका गाविस | बि.सि.जि. खोप पाएका बालबालिका | डी.पी.टी-हेपाटाइटिस बी.-हिब तेस्रो खोप पाएका बालबालिका | दादुरा/रुबेला का खोप पाएका ९-११ महिनाका बालबालिका | २ ओटा टीडी पाएका गर्भवती महिला | २+ टीडी पाएका गर्भवती महिला |
|---|---|---|---|---|---|
| बेला हेल्थपोष्ट | २७४ | २२५ | २४० | १९८ | |
| राजपुर हेलथपोष्ट | २२० | २०२ | १९६ | १८६ | |
| जम्मा | ४९४ | ४२७ | ४३६ | ३८४ | |

श्रोत: जिल्ला स्वास्थ्य कार्यलय २०७३

### ७.३.७ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाइ विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसंख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलबियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ। कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

राजपुर गाउँपालिकामा झाडापखलाको रोगीहरुको संख्या अत्याधिक मात्रामा रहेको छ । दुषित पानीको प्रयोग, सौचालयको प्रयोग नगर्ने, दुषित तथा वासी खाना खाने र सरसफाईमा ध्यान नदिनाले झाडापखला जस्ता रोगको प्रकोप फैलिने गर्दछ । झाडपखला एक सरुवा रोग हो । यसलाई प्राथमिक उपचार गरेर पनि निको पार्न सकिन्छ । यदी रोगको सुरुवाती अवस्थामा नै ध्यान दिएन भने रोगी ज्यानै समेत जान सक्छ । गाउँपालिकाको साविकको गाविस बेलामा त्यस्तै क्षयरोगी, छालाका विभिन्न रोगहरु, दम श्वास प्रश्वास, मुटु सम्बन्धी रोग आदि रोगहरुबाट रहेका छन् भने महिलामा पाठेघर सम्बन्धी समस्या, प्रसुती रोग आदि

रोगहरुबाट पिडित रहेका छन्। राजपुर गाउँपालिकाको साविकको गाविस राजपुरमा जरो गाडेर बसेका प्रमुख रोगहरुको विवरण तलको तालिकामा प्रस्तुत गरीएको छ।

| राजपुर गाउँपालिकामा प्रमुख रोगहरुको संख्या | | |
|---|---|---|
| क्र.सं | रोगहरु तथा समस्या | २०७०/७१(प्रतिशत) |
| १ | रुघाखोकी | ३८ प्रतिशत |
| २ | निमोनिया | १२ प्रतिशत |
| ३ | झाडापखाला | ११ प्रतिशत |
| ४ | आउँरगत | १२ प्रतिशत |
| ५ | छालाको समस्या | ११ प्रतिशत |
| ६ | ज्वरो | १२ प्रतिशत |
| ७ | कान पाक्ने दुख्ने | ४ प्रतिशत |
| | जम्मा | १०० प्रतिशत |

श्रोत: जिल्ला पार्श्वचित्र दाङ

राजपुर गाउँपालिकाको साविकका गाविस राजपुरमा २०७०/७१ मा गरीएको अध्ययन अनुसार रुघाखोकीबाट ग्रसित हुनेको संख्या ३८ प्रतिशत रहेको छ। निमोनियाबाट संक्रमित हुनेको संख्या १२ प्रतिशत रहेको छ भने झाडपखाला ११ प्रतिशत, आउँरगत १२ प्रतिशत, छालाको समस्या ११ प्रतिशत, ज्वरो १२ प्रतिशत र कानपाक्ने समस्या ४ प्रतिशतमा जनसंख्यामा रहेको छ। जसको विस्तृत विवरण माथीको तालिकामा प्रस्तुत गरीएको छ।

## दीर्घरोगीहरूको अवस्था

| क्र.सं. | साविकका गाविस | रोगहरु | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मुटु रोग | मधुमेह | क्षयरोग | पक्षघात | एच.आई.भी./एड्स | दम | मृगौलाको रोग | मानसिक रोग | पेटको रोग | बाथ | पाठेघरको रोग | मलेरिया | अन्य |
| 1 | राजपुर | १५० | २१ | १४ | ८ | ४ | ४३ | ६ | २० | ७२ | २८ | ९ | | २५ |
| 2 | बेला | १३ | २ | १ | ७ | | ३५ | | | | | | १ | |
| | जम्मा | १६३ | २३ | १५ | १५ | ४ | ७८ | ६ | २० | ७२ | २८ | ९ | १ | २५ |

श्रोत:गाउँ वस्तुगत विवरण दाङ

राजपुर गाउँपालिकामा साविकका गाविस बेला र राजपुरमा गरी मुटुरोगीहरुको संख्या १६३ रहेको छ भने मुटु मधुमेहका रोगीहरुको संख्या २३ जना रहेको छ। त्यस्तै गरी पक्षघात हुनेको संख्या १५ जना, एच.आई.भी. एड्स संक्रमितको संख्या ४, दम रोगीको संख्या ७८ जना रहेको छ। गाउँमा रहेको दिर्घरोगीहरुको विस्तृत विवरण माथी तालिकामा प्रस्तुत गरीएको छ।

## बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था कस्तो छ भन्ने कुरा त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित

रुपमा बालबृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, सन् १९८९ ले समेत बालबालिकालाई अवहेलना, वेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ। राजपुरगाउँपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामाहारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन् । स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्। कार्यक्रम सञ्चालनको सहयोगका लागि गाउँ गाउँमा स्वास्थ्य सञ्जाल विस्तार भएको छ।

यस राजपुर गाउँपालिकामा रहेको संपुर्ण बालबालिकाहरुले पोषणयुक्त खाना प्राप्त गरीरहेका छन्। केही बालबालिकाहरुले प्रयाप्त मात्रामा पोषणयुक्त खाना प्राप्त नगरेतापनि कुपोषणको गम्भीर स्थिती भने देखिदैन। राजपुर गाउँपालिकाको बाल पोषणको स्थितीलाई निम्नवमोजिमको तालिकामा प्रस्तुत गरीएको छ।

| साविकका गाविस | १-११ महिना सम्म | | | १२-२३ महिना सम्म | | |
|---|---|---|---|---|---|---|
| | ठिक | साधारण | गंभिर | ठिक | साधारण | गंभिर |
| बेला | ११ | २४२ | | ६ | २२१ | |
| राजपुर | | १०४ | | | ७१ | |
| जम्मा | ११ | ३४६ | ० | ६ | २९२ | ० |

श्रोत: जिल्ला स्वास्थ्य कार्यलय दाङ २०७३

## राजपुर गाउँपालिकाको स्वास्थ्य अवस्थाको विश्लेषण

राजपुर गाउँपालिकाको स्वास्थ्य सेवा पूर्वाधारको लागि स्वास्थ्य चौकी स्थापना गरिएको छ। स्वास्थ्य चौकिबाट सामान्य चिकित्सा , परिवार नियोजन अस्थायी साधन वितरण तथा परामर्श , निशुल्क प्रसुती सेवा, खोप सेवा पोषण कार्यक्रम सञ्चालन तथा स्वास्थ्य सल्लाह प्रदान गरिदै आएको छ। भौगोलिक कठिनाइ र यसले सिर्जना गरेको यातायात कार्यक्रम सञ्चालन तथा स्वास्थ्य सल्लाह प्रदान गरीदै आएको छ। भौगोलिक कठिनाइ र यसले सिर्जना गरेको यातायात समस्याका कारण सबै वडाहरुमा समानुपातिक रुपमा सुलभ स्वास्थ्य सेवा प्रदानार्थ मासिक रुपमा विभिन्न स्वास्थ्य चौकी र क्लिनिकहरुमा खोप केन्द्र सञ्चालन गरिदै आएको छ। सामान्य उपचार पश्चात थप सेवा तथा परामर्शको लागि दाङ जिल्ला अस्पताल, नेपालगंज र काठमांडौ सम्म जाने गरेको पाइन्छ । राजपुर गाउँपालिकामा रहेको स्वास्थय चौकी र तिनीहरुको कार्यक्षेत्रको विवरण निम्नवमोजिमको तालिकामा प्रस्तुत गरीएको छ।

| क्र.सं. | सेवा | स्थान | सेवाक्षेत्र |
|---|---|---|---|
| 1 | राजपुर स्वास्थ्य चौकी | राजपुर गंगदी | साविकका गाविस राजपुर सबै |
| 2 | गाउँघर क्लिनिक(३ वटा) | राजपुर ,मातिपुर | साविकका गाविस राजपुर |
| | | राजपुर जंग्रहवा | साविकका गाविस राजपुर |
| | | राजपुर सिक्टा | साविकका गाविस राजपुर |
| 3 | खोप केन्द्र | राजपुर, मोतिपुर | साविकका गाविस राजपुर |
| | | राजपुर, जंग्रहवा | साविकका गाविस राजपुर |
| | | राजपुर सिक्टा | साविकका गाविस राजपुर |

श्रोत: राजपुर स्वास्थ्य चौकी २०७२

## स्वास्थ्य चौकीबाट प्रत्यक्ष प्रदान गरीने सेवाहरू

- ✓ विरामी जाँच तथा उपचार सेवा
- ✓ सुत्केरी तथा गर्भजाँच सेवा
- ✓ परिवार नियोजन सेवा
- ✓ पोषण शिक्षा कार्यक्रम
- ✓ एम्बुलेनस सेवा
- ✓ परामर्श सेवा

श्रोत: राजपुर स्वास्थ्य चौकी २०७२

गाउँघर क्लिनिक मार्फत प्रदान गरिने प्रमुख सेवाहरु

- ✓ खोप सेवा
- ✓ सुरक्षित मातृत्व सेवा
- ✓ पोषण उपचार सेवा

श्रोत : राजपुर स्वास्थ्य चौकी २०७२

## स्वास्थ्य चौकीमा कार्यरत मानविय शक्ति

रयस राजपुर गाउँपालिकामा रहेको राजपुर स्वास्थ्य चौकीमा ७ जनाको दरबन्दी रहेकोमा ५ जनाले सेवा प्रदान गरिरहेका छन् । यसका अतिरिक्त वडागत रुपमा७ जना महिला स्वयंसेविका रहेका छन् । हाल स्वास्थ्य चौकीमा कार्यरत मानवीय शक्तिको विवरण निम्नवमोजिमको तालिकामा प्रस्तुत गरीएको छ ।

| क्र.सं. | पद | दरबन्दी | हाल कार्यरत | |
|---|---|---|---|---|
| | | | महिला | पुरुष |
| 1 | सि.अ.हे.व. | १ | | १ |
| 2 | अ.हे.व | ३ | १ | |
| 3 | अ.न.मि | २ | २ | |
| 4 | कार्यलय सहायक | १ | १ | |
| 5 | महिला स्वास्थ्य कार्यकर्ता | | ७ | |
| | जम्मा | ७ | ११ | १ |

श्रोत :राजपुर स्वास्थ्य चौकी, २०७२

### बाल तथा शिशु मृत्युदरको विवरण

राजपुर गाउँपालिकामा विगत एक वर्षको अन्तरालमा १-५ वर्ष उमेर समूहको कसैको मृत्यु नभएको पाइएको छ भने शिशुको मृत्यु पनि नभएको पाईन्छ । स्वास्थ्य क्षेत्रमा भएको जनचेतना अभिवृद्धि र स्वास्थय सेवाको पहुँचमा भएको क्रमिक वृद्धिका कारण स्थितीमा सुधार आएको देखिन्छ ।

## ७.३ अपाङ्गगताको विवरण

तालिका नं. ३५: अपांगताको विवरण


| लिङ्ग | शारिरीक अपाङ्गता | दृष्टी सम्बन्धी अपाङ्गता | श्रवण सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहीन अपाङ्गता | स्वरबोलाई सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १४० | ६२ | ५२ | ८ | ५२ | १५ | १४ | ३९ | ३८२ |
| महिला | ८० | ५२ | ५१ | २ | ५० | १४ | ५ | ४१ | २९५ |
| जम्मा | २२० | ११४ | १०३ | १० | १०२ | २९ | १९ | ८० | ६७७ |
| प्रतिशत | ३२.५० | १६.८४ | १५.२१ | १.४८ | १५.०७ | ४.२८ | २.८१ | ११.८२ | १००.०० |

श्रोत : केन्द्रिय तथ्याङ्क विभाग, २०६८

राष्ट्रिय जनगणना २०६८ अनुसार गाउँमा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या ६७७ (२.७० प्रतिशत) रहेको छ। जसमा शरिरीक अपाङ्गता भएका२२० (३२.५० प्रतिशत), दृष्टि सम्बन्धी ११४ (१६.८४ प्रतिशत), सुनाई सम्बन्धी अपाङ्गता भएका १०३ (१५.२१ प्रतिशत), सुनाई तथा दृष्टि सम्बन्धी अपाङ्गता भएका १०(१.४८ प्रतिशत), स्वर बोलाई सम्बन्धी समस्या भएका १०२ (१०.०७ प्रतिशत) देखिन्छ।

खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न Trocoma जस्तो नेत्रज्योती नास गर्ने रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरषण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यत्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपांगतामा ७.५ प्रतिशत रहेको छ। सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपांगताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्युन दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी

अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता, बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधान र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ। यसलाई तल स्तम्भका प्रस्तुत गरिएको छ।




## ७.४ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानुनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुँदैन भने १४ वर्ष देखि १५ वर्षसम्मका लाइ खासखास क्षेत्रको हल्का र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाका बालश्रमिमका रुपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनु देखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्यांक तथा जानकारीको भने अभाव छ। बालश्रमम नेपाली बालबालिकाको एक दु:खद यथार्थ हो।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। बालश्रम नेपालको अन्तरिम संविधानको धारा २२ ले पनि रोक लगाइको छ भने बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, श्रम ऐन २०४८

लगायत कानुनी व्यवस्थाहरू विद्यमान छन्। यसैगरी नेपालले राज्य पक्षका रुपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि१९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्युनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रमसम्बनधी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

### राजपुर गाउँपालिकामा बालश्रमको स्थिती

| क्र.सं. | साविकका गाविस | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | बेला | ४ | ९ | १३ |
| २ | राजपुर | १९ | ९ | २८ |

श्रोत: दाङ जिल्ला पार्श्वचित्र २०७३

साविकका गाविस बेला क्षेत्रका बालश्रमिकको रुपमा काम गर्ने बालबालिकाको संख्या १३ रहेको छ। जस अनुसार उद्योगमजदुरको रुपमा काम गर्ने सबैभन्दा बढी ९ जना तथा घरेलु मजदुरको रुपमा कार्यगर्ने ४ जना रहेका छन्। त्यस्तै गरी साविकको गाविस राजपुरमा बालश्रमिकको संख्या २८ जना रहेको छ। यस राजपुरमा अधिकांस बालक बालश्रमिक रहेका छन् भने बालिका बालश्रमिकको संख्या ९ रहेको छ। राजपुर गाउँपालिकामा भएका बालश्रमिकहरुको विस्तृत विवरण माथीको तालिकामा प्रस्तुत गरीएको छ।

## ७.५ खानेपानी तथा सरसफाई

### ७.५.१ खानेपानीको विवरण

गाउँका केही वडाहरुमा स्यालो ट्युबेल, ह्याण्डपम्प नै प्रमुख खानेपानीको स्रोतको रुपमा रहेका छन्। खासगरी गाउँपालिकामा सञ्चालित खानेपानी आयोजनाले केही सुविधा र राहत उपलब्ध गराएको छ।


तालिका नं. ३६: खानेपानीको विवरण

| वडा | धारा/पाइप | ट्युबवेल/हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार /कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३० | ३०६ | २ | १३९ | १६ | २७२ | ० | १ | ७६६ |
| २ | ० | ६२६ | १७ | १२५ | १ | १ | ० | ० | ७७० |
| ३ | १७ | ६९ | १६ | ३२५ | १ | ३७ | ५२ | २ | ५१९ |
| ४ | १ | ३८६ | १ | ५५ | ० | १६ | ० | ० | ४५९ |
| ५ | ७ | २९४ | ० | ११५ | ३ | ८७ | २ | ७ | ५१५ |
| ६ | २ | १६९ | २ | ८६ | ५८ | १२६ | २८ | ५ | ४७६ |
| ७ | १०१ | ४१ | ७ | २६७ | ४८ | ४९९ | १ | ४ | ९६८ |
| जम्मा | १५८ | १,८९१ | ४५ | १,११२ | १२७ | १,०३८ | ८३ | १९ | ४,४७३ |
| प्रतिशत | ३.५३ | ४२.२८ | १.०१ | २४.८६ | २.८४ | २३.२१ | १.८६ | ०.४२ | १०० |

श्रोत : केन्द्रिय तथ्याङ्क विभाग, वि.सं.२०६८

केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार गाउँपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ।राजपुरगाउँपालिका खानेपानीको प्रमुख स्रोत ट्युबवेल वा हाते पम्प हो। जसमा ट्युबवेल

वा हाते पम्पको प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी १,८९१ (४२.२८ प्रतिशत) देखिन्छ भने दोस्रो ठूलो स्रोतको रुपमा खुला इनार र कुवाको प्रयोग गर्नेको संख्या १,११२ (२४.८६प्रतिशत) देखिन्छ। यसैगरी,नदी तथा खोलाको पानीको प्रयोगगर्ने १,०३८ (२३.२१ प्रतिशत), मूल धाराको प्रयोग गर्ने घरधुरी १२७ (२.८४ प्रतिशत), धारा पाइपको  प्रयोग गर्ने १५८ (३.५३प्रतिशत) घरधुरी रहेको पाईन्छ जुन न्युन देखिन्छ भने गाउँपालिकामा नगन्य संख्यामा भने केही घरधुरी नदी तथा खोलाको पानीको प्रयोग गर्ने गरेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।





## ७.५.२ वडागत चर्पीको विवरण

तालिका नं. ३७: गा.वि.स.अनुसार शौचालय संख्याको विवरण

| वडा नं. | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्क) | साधारण | चर्पी नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ११७ | ५६ | ५९० | १ | ७६६ |
| २ | ० | १६३ | ८९ | ५१८ | ० | ७७० |
| ३ | २ | ४३ | १० | ४६२ | २ | ५१९ |
| ४ | ० | ८ | १२ | ४३९ | ० | ४५९ |
| ५ | १ | २८ | ९ | ४७० | ७ | ५१५ |
| ६ | २ | २३ | १२ | ४३४ | ५ | ४७६ |
| ७ | ३ | ४७ | २२ | ८९२ | ४ | ९६८ |
| **जम्मा** | **१०** | **४२९** | **२१०** | **३,८०५** | **१९** | **४,४७३** |
| **प्रतिशत** | ०.२२ | ९.५९ | ४.६९ | ८५.०७ | ०.४२ | १०० |

श्रोत : केन्द्रिय तथ्याङ्क विभाग, सन् २०११

केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार समुदायको प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा अत्यन्तै नाजुक स्थिति देखिन्छ । नेपाल सरकार तथा विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले खुला दिशा मुक्त क्षेत्र घोषणा तथा कार्यक्रमहरु भई रहँदा यस राजपुर गाउँपालिकामा नेपालको जनगणना २०६८को अनुसार ३,८०५ (८५.०७ प्रतिशत) घरधुरीमा शौचालय नभएको पाईयो । त्यसैगरी ४२९ (९.५९ प्रतिशत) फ्लस भएको (सेफ्टी ट्याङ्की) शौचालय प्रयोग गर्ने गरेको देखियो भने २१०(४.६९ प्रतिशत) घरधुरीले साधारण चर्पी प्रयोग गरेको पाईयो । गाउँपालिकामा फ्लस भएको (सार्वजनिक ढल)शैचालयको प्रयोग गर्ने १०(०.२२ प्रतिशत) रहेको देखिन्छ । यसलाई न्युनिकरण गर्नसरकार तथा अन्य सरोकारवाल निकायले जनचेतनाको कार्यक्रम तथा आवश्यक कदम चाल्नुपर्ने दखिन्छ। राजपुर गाउँपालिकाको शौचालयको स्थितीलाई माथीको तालिका र तलको स्तम्भ चित्रमा पनि प्रस्तुत गरीएको छ ।




माथीको तालिकामा शौचालय नभएको तथ्यांक राखेतापनि हाल दाङ जिल्ला नै खुल्ला दिशामुक्त क्षेत्र घोषणा भइसकेको हुँदा राजपुर गाउँपालिकाका सबै घरधुरीमा शौचालयको व्यवस्था रहेको छ ।

## ७.६ पर्यटकीय क्षेत्र

यस गाउँपालिकाको नजिक स्वच्छ हावापानी र ठाउँ ठाउँमा ससाना धार्मिक स्थलहरु कारण बिभिन्न खालका पर्यटकका लागि अत्यन्त राम्रो सम्भावना देखिन्छ ।

- ✓ धार्मिक पर्यटकका लागि
- ✓ दृश्यावलोकन, छोटो पदयात्रा तथा साईकल यत्राका लागि
- ✓ कृषि पर्यटकका लागि गाउँपालिका क्षेत्रका आन्तरिक भागहरुमा रहेका टनेला, टहरा र आधुनिक र पुरातन मिश्रृत खेती प्रणाली
- ✓ दैनिक भनभोज, चराचुरुङ्गी अवलोकन, वनस्पति अवलोकनका लागि युवा तथा बिद्यार्थीहरुकालागि,ससाना जंगलका टापुहरु, खोला किनार,
- ✓ ध्यान तथा आत्मशान्तीका लागि

## ७.१० फोहोर मैला व्यवस्थापन तथा ढल निकास

फोहोरमैलाको श्रोतमा न्यूनिकरण ,पून: प्रशोधन वा विसर्जन गरी फोहोरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्था गर्न तथा फोहोरमैलाबाट जनस्वास्थय तथा वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभावलाई कमगरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि राजपुर गाउापालिकाले सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्दै आउने क्रममा वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद व्यवस्थापन समितिको अगुवाई र सहकार्यमा टोल तथा वडास्तरमा सरसफाई अभियानको रुपमा संचालन भएको पाइन्छ । यसबाट आम नगरबासीहरुमा व्यापक रुपमा सरसफाई जागरणको लहर फैलिएको छ । हाल गाउँपालिकामा उत्पादित फोहोर आफै व्यवस्थापन गर्ने, खोल्सा खोल्सीमा खाल्टा बनाइ पुर्ने गरेको देखिन्छ ।

हाल यस गाउँपालिकामा देखिएका समस्याहरुमा निम्नवमोजिमका समस्यनलाई बुदागत रुपमा प्रस्तुत गरीएको छ ।

- ✓ फोहर व्यवस्थापनका नाममा फोहरहरु खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रबृति यत्रतत्र देखिन्छ । यसरी फालिएको फोहर बर्षातका समयमा पानीले बगाएर खोला खोल्सा तथा नदीका तल्लो भाग सम्म पुर्‍याएर प्रदुषणलाई बिस्तारित गर्दछ ।
- ✓ जमीनका होचाभाग पानीका स्रोत पनि हुने भएका र तिनै पानी सतहमा देखिने एवं जमीनको भित्रपनि छिरेर जानेहुँदा होचा भागमा फालिएको फोहरले सतहको पानी तथा जमीन भित्रको पानी समेतलाई प्रदुषित गर्दछ ।

### क) घरयासी फोहर

- ✓ फोहरको पहिचान भान्छाकोठाबाट गरी कुहिने र नकुहिने गरी छुट्याउने ।
- ✓ कुहिनेलाई मलमा प्रयोग गर्न तालिम तथा हरेक घरधनीलाई उत्प्रेरित गर्ने कार्यक्रम गाउँपालिकाले गर्ने ।
- ✓ नकुहिने फोहरलाई पून: बिभिन्न तहमा छुट्याउने जस्तै काठ, प्लाष्टीक, धातु, सीसा । यी फोहरलाई आवश्यकताअनुसार पहिचान गरिसकेकपछि पून प्रयोगमा आउनेलाई सम्बन्धित सेवा व्यवस्थापन तर्फ जोड दिने । नभएका यस गाउँपालिका क्षेत्रका खुला स्थान जहाँ पानीको स्रोत छैन त्यहाँ  बैज्ञानिक तवरबाट छनौट गर्न व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## ७.११ महिला तथा बालबालिका

### ७.११.१ महिला सम्बन्धी विवरण

गर्भवती महिलाहरुको नि:शुल्क वा न्यूनतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरुमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ । जिल्ला हेल्थपोष्ट एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगि जस्ता कार्यक्रम ल्याई महिलाहरुका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रुपमा सबल बनाउनु पर्ने देखिन्छ । आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै गाउँ विकासमा महिलाहरुको

समान सहभागिता गराउन अझैपनि थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ । महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरुमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरु सञ्चालन गरि समावेशी अवधारणा अनुरुप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ ।

राजपुर गाउँपालिकामा महिला आर्थिक विकासका लागि विभिन्न महिला समुहहरुको स्थापना गरीएको छ । राजपुर गाउँपालिकाको साविकका गाविस बेला र राजपुरमा गरी १-१ वटा महिला वचत तथा ऋण सहकारी संस्था रहेका छन् । साविकका गाविसहरु वेला र राजपुरमा गरी महिलाविकास कार्यलयबाट बनाइएका महिला सदस्यहरुको संख्या ७६ जना रहेका छन् । महिला समुहका महिला सदस्य संख्या (प्रतिधुरी १ सदस्य) ५२३ जना रहेका छन् । गाउँहरुमा नै यस्ता विभिन्न संस्थाहरुको विकास हुने हो भने महिलाहरु आर्थिक रुपमा सक्षम त हुन्छन् नै महिला हिंसामा पनि कमी आउछ ।

तालिका नं. ३८: महिला समुहको विवरण

| राजपुर गाउँपालिकामा भएका महिला समुहको विवरण | | | | | |
|---|---|---|---|---|---|
| क.सं. | साविकका गाविसको नाम | महिला विकास कार्यलयबाट बनाइएका महिला समुह | महिला समुहका महिला सदस्य संख्या (प्रतिधुरी १ सदस्य) | महिलको बचत तथा ऋण सहकारी संख्या | महिला वचत तथा ऋण सहकारीमा शेयर सदस्य संख्या |
| १ | बेला | २३ | १४३ | १ | ६४ |
| २ | राजपुर | ५३ | ३८० | १ | ३३३ |
| | जम्मा | ७६ | ५२३ | २ | ३९७ |

श्रोत : दाङ जिल्ला पार्श्वचित्र २०७३

## सामाजिक सुरक्षा

वि.सं २०६९ वमोजिम जेष्ठ नागरिक विधुवा महिला, अपाङ्ग व्यक्ती तथा बालबालिका, दलित आदिवासी जनजातीको लागि सामाजिक सुरक्षा भनि विभिन्न भत्ता दिने व्यवस्था गरीएको छ । राजपुर गाउँपालिकामा सामाजिक सुरक्षा प्राप्त गर्ने व्यक्तीहरुको विस्तृत विवरण निम्नवमोजिमको तालिकामा प्रस्तुत गरीएको छ ।

| साविकक गाविस | जेष्ठ नागरिक दलित | | | जेष्ठ नागरिक (अन्य) | | | विधुवा महिला | पूर्ण अपाङ्ग | | | आंशिक अपाङ्ग | | | लोपउन्मुख आदिवासी जनजाति | | | औषधी उपचार | | | बसाँईसराई |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बेला | ४८ | ५२ | १०० | ७२ | १०१ | १७३ | २१४ | ० | ० | ३ | ६ | ७ | १३ | ० | ० | ० | ९२ | ११६ | २०८ | म. २, पु.१ |
| राजपुर | ३० | ४७ | ७७ | ९६ | १२९ | २२५ | २४५ | २ | १ | ३ | ० | ० | ० | ८ | १० | १८ | १०१ | १३६ | २३७ | - |

श्रोत: संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय २०७२

### ७.११.२ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरु क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यम बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नितीगत दस्तावेजहरुमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समुहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्तका लागि विभिन्न स्तरका निती तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरुपमा गाउँमा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेको छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यलाय भर्ना अभियान, (३) बालश्रम न्युनीकरण कार्यक्रम,(४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।

| राजपुर गाउँपालिकामा भएका बालक्लवहरुको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | साविकका गाविस | बालक्लव संख्या | जम्मा | बालिका | बालक | दलित | जनजाती | अन्य |
| १ | बेला | १२ | २४८ | १३५ | ११३ | ३५ | १६५ | ४८ |

श्रोत: दाङ जिल्ला पार्श्वचित्र

राजपुर गाउँपालिकाको साविकका गाविस बेलामा बालक्लवको संख्या १२ रहेको छ । गाउँमा भएका बालक्लवहरुमा बालबालिकाको उपस्थिती उल्लेखनिय रहेको छ । गाउँमा बालकहरुको संख्या ११३ जना रहेको छ भने बालिकाको संख्या १३५ जना रहेको छ । यस गाउँपालिकामा दलित तथा जनजाती बालबालिका पनि बालक्लवमा सक्रिय भएर लागेको देखिन्छ । दलित बालबालिकाको संख्या ३५ जना रहेको छ भने जनजाती बालबालिकाको संख्या १६५ जना रहेको छ । गाउँमा रहेका बालबालिका र समाजको हितको लागि विभिन्न काम गर्ने गरेका छन् । राजपुर गाउँपालिकामा रहेका बालक्लवहरुको विस्तृत विवरण माथीको तालिकामा प्रस्तुत गरीएको छ ।

# खण्ड ८ : वन तथा वातावरण

## ८.१ जैविक विविधता सम्वन्धी विवरण

राजपुर गाउँपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले यद्यपी सम्पन्न गाउँपालिकाको श्रेणीमा पर्दछ। राजपुर गाउँपालिकामा कुल क्षेत्रफल ५७७.३३ वर्ग कि.मि. मध्ये ४२२ (७३.२५ प्रतिशत) वर्ग कि.मि. वन क्षेत्रको रुपमा रहि आएको छ। जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ। सचेतना र विकासको क्रमसँगै बढ्दो गरिवी र जनसंख्या वृद्धि , आन्तरिक तथा बाह्य बसाई सराईको चापले जिल्लाको प्राकृतिक स्रोतहरुमा दिनानुदिन चाप थपिँदै र त्यस्तो स्रोतहरुको अत्याधिक दोहनको खतरा बढ्दै गएको पाइएको छ। सूचना प्रविधि तथा यातायात क्षेत्रमा आएको विकास र परिवर्तनले जिल्ला वासीहरुको रहनसहन, आर्थिक र सामाजिक क्रियाकलाप र कार्यशैली तथा सोचमा समेत प्रभाव पारेको र जिल्लाको समग्र प्राकृतिक स्वरुपमा फेरवदल ल्याएको देख्न सकिन्छ। यसको फलस्वरुप जिल्लाका प्राय वनक्षेत्रहरुमा मानवीय चापको कारण कैयौं वस्तिहरु जंगल बीचम रहेका, कतै खेति गरेर आगट्नो कहिँ सामुदायिक वन उपभोक्ता समूह गठन गरी समूहकै आडमा वन फाँडेर झुपडी बनाउने, खेतीवालीको निम्ति भूमिहिन, कम्लरी र कमैयाको वहानामा अतिक्रमण गर्ने गराउने प्रवृत्तिहरुले वन क्षेत्रमा प्रतिकुल असर परेको अवस्था रहेको छ।

यस गाउँपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैंदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, हल्लुडे, वनसुन्तला, कुम्भी, नेवारो, अशोक, सपेटा। यसै गरी घिस्रने जन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन्।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

राजपुर गाउँपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्युनीकरण गर्न नितान्त आवश्यक छ। वातवारणीय सन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस गाउँपालिकामा  वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावरको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस गाउँपालिकामा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ। यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावरको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागि भइरहेका छन्।

यस  गाउँपालिकामा उष्ण प्रदेशीय जलवायु भएको कारण यस क्षेत्रमा साल, सिसौं, हल्लुडे, अमला, हर्रो, बर्रो, खयर, सिमल, विजयसाल, राजवृक्ष, आदि जातका विरुवाहरू पाइन्छन् । जसमध्ये काँसीअमला, हर्रो, बर्रो, बोहरी, फडिर, खमारी, असारे, साज, सादन, कुम्भी, कुसुम आदि क्रमशः लोप हुदै जाने अवस्थामा रहेका छन्। गैर काष्ठ पैदावरको रुपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभ्कार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनभ्कार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोभ्को, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोभ्कार, कदम/संजिवन, हलेदो, टिङ्चुरभ्कार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेभ्कार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि जस्ता वन पैदावरहरूको उपलब्धता पनि रहेको छ। यी मध्ये हाडजोर, गुजरगाँनो, खिर्रो, हर्रो, बर्रो, पिप्ला, भोगटे, पानी अमला, अर्चल,  लहरो, क्यामुना आदि लोपोन्मुख अवस्थामा रहेका छन्।

यस क्षेत्रमा रहेका वनजंगलहरुले बाघ, भालु, चितुवा, चित्तल, हरिण दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, खरायो, मलसाप्रो, ढेडु आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ ।गाउँपालिकामा रहेका वनक्षेत्र तथा विभिन्न खोलानालाहरुले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषत: कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, सारस तथा विभिन्न घिस्रने जन्तुहरू गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ। यद्यपी वनजंगल अतिक्रमणका कारण प्रकृती प्रदत्त यी जैविक र वनस्पतिय अमुल्य वन सम्पदाहरूको विस्थापन र विनाशको क्रम तिव्ररुपले बढ्दै गइरहेको छ। वर्षेनी वन क्षेत्र फडानी भई चुरे क्षेत्र नाङ्गा डाँडामा परिणत हुँदै जानु र अन्य वन क्षेत्र कृषियोग्य भुभागमा परिणत हुनु तथा वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रुपमा देखिएको छ।

गाउँको हावापनीले जीवजन्तु र वनस्पतीहरूलाई संरक्षित गर्न सकिने खालका वासस्थान उपलब्ध गराइएको भएतापनि जनसंख्या र बसाईसराइको अत्याधिक चाप र भुमीको उर्वरापनका कारण करिब ४ दशक अघिदेखि नै यहाँको वनक्षेत्र अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको छ। जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय दृष्टिकोणले महत्वपुर्ण ठानिएका विभिन्न स्थानहरुको समेत संरक्षण गर्नुपर्ने देखिन्छ।

## ८.३ लघु वन पैदावार

गाउँको वन क्षेत्रमा विभिन्न प्रकारका जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरू पाइन्छन्। यस गाउँपालिकामा मुख्य रुपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरुमा साल, अस्ना, खयर, धौटी, जामुन, कर्मा, खोटे सल्ला, सतिसाल आदि हुन् । सिकाकाई, पिपला, सतवरी, हर्रो, वर्रो, अमला, भ्याकुर, काउलोको वोक्रा, चिराइतो तेजपात, वोझो, सर्पगन्धा, सेतोमुस्ली, तुलसी, अश्वागन्धा, सुगन्धकोकिला, टिमुर, दारुहल्दी, लगायत १०० भन्दा बढी प्रजातीका मुल्यवान जडीवुटी तथा गैरकाष्ठ वन पैदावर पाइन्छ।

## ८.४ गाउँपालिकामा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

राजपुर गाउँपालिकामा विभिन्न प्रकारका स्तनधारी वन्यजन्तुहरु पाइन्छन् । यस गाउँपालिकामा पाइने प्रमुख वन्यजन्तुहरुमा बाघ, भालु, चितुवा, चित्तल, दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, मृग, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, रतुवा, खरायो, मलसाप्रो, ढेडु आदि छन ।

### (ख) चराचुरुङ्गी

राजपुर गाउँपालिकारहेको दाङ जिल्लामा करिब १४० प्रकारका चराहरु पाइन्छन् । यस गाउँपालिकामा पाईने चराचुरुङ्गीहरुमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, चखेवा, पिरौटा, भुँडिफोर, चिवे, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कन्याङकुरुङ, भद्राई, लामपुच्छ्रे, राजक छेग्रा, सारस आदि प्रमुख छन् ।

### (ग) घिस्रने जिवजन्तुहरू

यस गाउँपालिकामा पाइने घिस्रने जिवजन्तुहरूमा मगर गोही, दुर्लभ रातो खोल भएको कछुवासहित ३ जातका कछुवा, अजिँगर, भित्ती, गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, वैरिकरेट, हरेउ, ढोडिया, सुनगोहोरो, अनेक प्रकारका सर्प तथा छेपारो, भातेमहुरा, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि प्रमुख छन् ।

### (घ) जलचर तथा उभयचर जीवहरु

सेधरी, डिंरा, चरंगी, रावा, डरही, कूरसा, रोहहू, सौरी, सिंगी, मंगूरा, मैलवा, डोंगी, खेसटी, टेंग्रा, वामे, वक्काइन, ढोरी, हराट, परनी जातका माछाहरु, ठोटेरा, गँगटा, भ्यागुता, विभिन्न प्रजातीका घुँघी आदि ।

### (ङ) कीरा फट्याङ्ग्राहरु

मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, भुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्यूँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे सयौं प्रकारका किरा फट्याङ्गाहरु आदि ।

### (च) फूलका प्रजातिहरु

राजपुर गाउँपालिकामा विभिन्न किसिमको वनस्पतीहरु पाइनुका साथै २३५ प्रजातिहरु फुल फुल्ने वर्गमा रहेका छन् । सयपत्री, गोदावरी, मखमली, बाह्रमासे, गुलाव, लालुपाते, घन्टीफूल, तिउर, बाबरी, भालेफूल, पारिजात, लाहुरे चुवा, पलास, मसुन्डा आदि गाउँपालिकामा पाईने फुलका प्रजातिहरु हुन् ।

## ८.५ वनजंगल

राजपुर गाउँपालिका समुन्द्र सतहबाट ५२९ मिटरको उचाई देखि २०३८ मीटरसम्म रहेको छ । यो गाउँपालिकामा प्रशस्त मात्रामा वन क्षेत्र हुनुको साथै वन क्षेत्रभित्र जैविक विविधता पनि प्रशस्त रहेको छ । वनक्षेत्रभित्र थुप्रै घाँसे मैदानहरु समेत रहेका छन् । गाउँपालिका बाहिरका अन्य गाउँ तथा जिल्लाहरुमा करिव

लोप अवस्थामा पुगेको प्राकृतिक रुपमा सिसौ र खयर जस्ता महत्वपूर्ण प्रजाति पाईने नदी तटीय वन यस गाउँपालिकामा प्रशस्तै मात्रामा रहेको छ। यो विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने खोलाहरूको अभिन्न सम्बन्ध रहेको छ।

वन क्षेत्र तराईको समथल भू-भाग भएको कारण यहाँ पाइने वनको किसिम र प्रजातिमा पनि विविधता पाईन्छ। उष्ण र सम-शितोष्ण प्रदेशीय भएको यस गाउँको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ। हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस गाउँपालिकामा विभिन्न किसिमका वनहरु जस्तै सालको वन, तराई हार्डउड, खयर सिसौं, चिरपाईन (खोटे सल्लो), मिश्रत वन र झाडी बुट्यान रहेका छन्।

### ८.५.१ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको निती अनुसार यस गाउँपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन यिमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरुलाई नै हुन्छ। यो कार्यक्रम शुरुमा लागू भएको बेला यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरुमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभुत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरुको गरिवी निवारण, जीविकोपार्जन, जैविका विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सबालहहरु समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ। जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरु संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ। विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदि कारण र भैरहेको वन विनासले वनको अवस्था अत्यन्त संवेदनशील भएको छ। त्यसैले गर्दा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ। एकातिर वन क्षेत्र नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास शुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरुप कतिपय वनक्षेत्रहरू पुनः प्राकृतिक अवस्थामा रुपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज

प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा र GATT WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु अनुशिक्षण दिनुपर्ने देखिन्छ। गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावरको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई गाउँपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

माथि उल्लेखित तथ्यहरूको आधारमा हालसम्म नगरले काठ दाउराको बिक्री वितरणबाट आय गरेको देखिएता पनि वनहरूको परम्परागत उत्पादनमा ह्रास र परम्परागत प्राकृतिक स्रोतको दोहनले गर्दा भावी दिनहरूमा सुख्खा, ढलापडाको संकलनको स्थिति यही रहला भन्न सकिन्न। सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमश: बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा बृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

राजपुर गाउँपालिकामा आ.व. २०७२/०७३ मा जम्मा ६ वटा सामुदायिक वन उपभोक्ता समितीहरु रहेका छन् । गाउँपालिकामा भएका सामुदायिक वन उपभोक्ता समितीको क्षेत्रफल पहिला २३६७.३५ हेक्टर रहेको थियो भने हाल २५७०.७ हेक्टर रहेको छ। जस्को विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरीएको छ।

तालिका नं. ३९: सामुदायिक वनहरुको विवरण

| राजपुर गाउँपालिकामा भएका सामुदायिक वनहरुको विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | समुहको नाम | ठेगना | क्षेत्रफल(हे.) | | वनको किसिम |
| | | | साविक | हाल | |
| १ | सरस्वती | राजपुर ९ | ४९४.४७ | ४९४.४७ | प्राकृतिक |
| २ | सिमगजेरी | राजपुर ९ | ७६१ | ४९७.५ | प्राकृतिक |
| ३ | सुन्दरे | राजपुर ९ | १९९.७८ | ३९४.६८ | प्राकृतिक |
| ४ | चुरेहरियाली | राजपुर ९ | ११२.४८ | ३८४.४३ | प्राकृतिक |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | बुकीडाडा | बेला ३ | ४४५ | ४४५ | प्राकृतिक |
| ६ | हरियाली | राजपुर ६ | ३५४.६२ | ३५४.६२ | प्राकृतिक |
| | जम्मा | | २३६७.३५ | २५७०.७ | |

श्रोत:दाङ जिल्लामा वन विकास कार्यक्रम २०७२/०७३

## २०७२/०७३ सम्ममा हस्तान्तरण भएका सामुदायिक वन समुहको विवरण

तालिका नं. ४०: २०७२/०७३ सम्ममा हस्तान्तरण भएका सामुदायिक वन समुहको विवरण

| क्र.सं. | इलाका | साविकका गाविस | समुहको नाम | क्षेत्रफल(हे.) | घरधुरी संख्या | सदस्य संख्या | महिला संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | गंगदी | बेला २ | देवीस्थान | ४२९.१२ | २५१ | १५ | २ |
| २ | गंगदी | बेला १ | श्रीक्ती | २७६ | २२७ | १५ | २ |
| ३ | गंगदी | बेला ३,४ | दुर्गा | ७१८ | ३३६ | १३ | ४ |
| ४ | गंगदी | बेला ६,७ | शिव | ४३८ | १९४ | १३ | ४ |
| ५ | गंगदी | बेला ९ | शंकर | २७२ | १४० | १३ | ५ |
| ६ | गंगदी | बेला ९, राजपुर २ | बन शक्ती | २३१ | १२१ | १३ | ० |
| ७ | गंगदी | बेला ३ | ज्यामिरे | १२१ | ६५ | ९ | २ |
| ८ | गंगदी | बेला ३ | बुकीडाडा | ४४५.४८ | १५१ | ११ | ३ |
| ९ | गंगदी | बेला ४,५,६ | रामेश्वर | २९४.२५ | १०० | ११ | ३ |
| १० | गंगदी | बेला ८ | त्रिशक्ती | ३५२ | १९९ | ११ | २ |
| ११ | गंगदी | बेला ३ | जनकल्याण | ५४० | १७६ | १५ | ७ |
| १२ | गंगदी | बेला २ | गणेश | ९०८ | २९५ | १५ | ४ |
| १३ | गंगदी | बेला ६ | भगवती | ११३ | २०९ | ११ | ११ |
| १४ | गंगदी | राजपुर ७,८ | गंगदी | १४.८९ | २६ | ९ | ० |
| १५ | गंगदी | राजपुर ६ | हरीयाली | ३५३.२ | ११६ | १३ | ५ |
| १६ | गंगदी | राजपुर ६ | मैनीहवा | ३५३ | १३३ | १५ | २ |
| १७ | गंगदी | राजपुर ५,४ | जयाकाली | १४६ | ३५ | १३ | ३ |
| १८ | गंगदी | राजपुर ९ | बसेरी | ८२८ | १४६ | ११ | १ |
| १९ | गंगदी | राजपुर ६ | ब्रीजुभूमी | १७७ | ९३ | ११ | ० |
| २० | गंगदी | राजपुर ९ | राप्ती किनार | ३१४ | ६७ | १३ | ४ |
| २१ | गंगदी | राजपुर ४ | काजोल | ६८१.९३ | १८८ | १३ | ४ |
| २२ | गंगदी | राजपुर ९ | सल्लेरी | २४० | ६३ | ९ | ३ |
| २३ | गंगदी | राजपुर ९ | भयरथान | २१३ | ११२ | १३ | ३ |
| २४ | गंगदी | राजपुर ९ | बुका | ३०० | ७५ | १३ | ४ |
| २५ | गंगदी | राजपुर ९ | शिद्धबाबा | ३७६ | ९१ | १३ | ४ |
| २६ | गंगदी | राजपुर ९ | सालघारी | ५६६ | ८९ | १३ | ६ |
| २७ | गंगदी | राजपुर ९ | गोरक्ष | ४७६.५१ | १९४ | १५ | ३ |
| २८ | गंगदी | राजपुर २,३ | जुल्के | २३६ | ८५ | ११ | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २९ | गंगदी | राजपुर ९ | ढोरेनी | १७० | ९५ | ११ | २ |
| ३० | गंगदी | राजपुर ९ | गाइघाट | १६६.७४ | ५१ | ९ | ३ |
| ३१ | गंगदी | राजपुर ९ | चिसापानी | १६६.९२ | १२३ | १३ | ५ |
| ३२ | गंगदी | राजपुर ८ | झुपाखारा | २४४ | ७६ | ११ | ७ |
| ३३ | गंगदी | राजपुर ४ | रामजान्की | ५५६ | ३०६ | ११ | ४ |
| ३४ | गंगदी | राजपुर ९ | बेलघारी | २०८.२६ | ९५ | ११ | ५ |
| ३५ | गंगदी | राजपुर ९ | सिमगजेरी | ७६१ | २२२ | १३ | ५ |
| ३६ | गंगदी | राजपुर ९ | चुरेहारिया | ११२.४८ | ९२ | १३ | ४ |
| ३७ | गंगदी | राजपुर ९ | सुन्दर | १९९.७८ | १७७ | ११ | ४ |
| ३८ | गंगदी | राजपुर ९ | जुरपानी | १९७.६३ | १३७ | ९ | ३ |
| ३९ | गंगदी | राजपुर ७ | चित्रकला हरियाली | ३३७.३२ | १४१ | ११ | ७ |
| ४० | गंगदी | राजपुर ९ | सरस्वती | ४३६ | ११५ | १३ | २ |
| | जम्मा | | | १३९६९.५१ | ५६०७ | ४८६ | १४५ |

श्रोत:दाङ जिल्लामा वन विकास कार्यक्रम २०७२/०७३

२०७२/०७३ मा राजपुर गाउँपालिकामा ४ वटा सामुदायिक वन हस्तान्तरण भएका छन् । हस्तान्तरण भएका ४० वटा सामुदायिक वनको जम्मा क्षेत्रफल १३९६९.५१ हेक्टर रहेको छ । हस्तान्तरीत सामुदायिक वनबबाट ५६०७ घरधुरी लाभान्वित भएका छन् । हस्तान्तरण भएका सामुदायिक वनको सदस्य संख्या जम्मा ४८६ जना रहेको छ भने १४५ जना महिला सदस्य पनि आवद्ध रहेका छन् । जसको विस्तृत विवरण माथीको तालिकामा प्रस्तुत गरीएको छ ।

### ८.५.२ धार्मिक वन

धार्मिक संघ/संस्थाको वरिपरि रहेको वन जंगल क्षेत्रहरू धार्मिक क्षेत्रको महत्व र सौन्दर्य बढाउने उद्देश्यले त्यस्ता धार्मिक वनको रुपमा हस्तान्तरण गरिन्छ। गाउँपालिकाको विभिन्न भागहरूमा रहेका धार्मिक स्थल धार्मिक वनको सम्भावना बोकेका क्षेत्रहरू भएतापनि त्यसको उचित संरक्षण र प्रर्वद्धन हुन नसकेको देखिन्छ ।

### ८.५.३ सरकारद्वारा व्यवस्थित वन

गाउँपालिकाको कुल वन क्षेत्र मध्ये गाउँपालिकामा सामुदायिक वन र धार्मिक वनको रुपमा हस्तान्तरित बाहेक बाँकी रहेको वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेको छ ।

### ८.५.४ निजी वन

राष्ट्रिय वन क्षेत्र माथि पर्ने वन पैदावरको चापलाई कम गर्न नेपाल सरकारले अवलम्बन गरेको नीति अन्तर्गत सामुदायिक वन सँगै निजी वन कार्यक्रम समेत यस गाउँपालिकामा संचालन गरिएको छ । निजी वनमा रोपिएका मुख्य प्रजातिहरुमा सिसौं, लहरेपिपल, टिक, मसला, खयर, बाँस, सिमल जस्ता प्रजातिहरु रहेका छन् ।

### राजपुर गाउँपालिकामा भएका वनजंगलहरूको विवरण

तालिका नं. ४१: राजपुर गाउँपालिकामा भएका विभिन्न वनहरुको विवरण

| क्र.सं. | साविकका गाविस | वनको क्षेत्रफल( हेक्टरमा) | | जम्मा वन | चुरे क्षेत्रफल |
|---|---|---|---|---|---|
| | | सामुदायिक वन | सरकारीद्वारा व्यवस्थित वन | | |
| १ | बेला | ५११७.८५ | ११२०७.१५ | १६३२५ | २०५५८.८ |
| २ | राजपुर | ७९९४.७९ | २६९८४.०९ | ३४९७८.८८ | ३७१२५.८ |
| | जम्मा | १३११२.६४ | ३८१९१.२४ | ५१३०३.८८ | ५७६८४.६ |

श्रोत: दाङ जिल्ला पार्श्वचित्र २०७१

राजपुर गाउँपालिकामा वन जंगलको संरक्षणको लागि विभिन्न कदमहरु चालेको पाइन्छ । कुनै वनलाई समुदायमा हस्तान्तरण गरीएको छ भने कुनै वनलाई सरकारले नै संरक्षण गरेको छ । राजपुर गाउँपालिकामा कुल क्षेत्रफलको १३११२.६४ हेक्टर सामुदायिक वन रहेको छ । त्यस्तै सरकारद्वारा व्यवस्थित गरेको वनको क्षेत्रफल ३८१९१.२४ हेक्टर रहेको छ ।

## ८.६ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था

हाल यस गाउँपालिकाकोवन उपभोक्ताको निजी आवादीमा वृक्षारोपण गरिएका रुख प्रजातिहरुमा सिसौ, बकाईनो, निम, कुटमिरो, किम्बु, इपिलइपिल, बडहर, टीक, खनियोको वाहुल्यता रहेको छ भने फलफुल जातका प्रजातिहरुमा अम्वा, कटहर, अमरा, मेवा, केरा, आँप आदी पर्दछन । वनमा पाईने रुख प्रजातिहरु साल, असना, कर्मा, सिमल, हर्रो, वर्रो, पीठारी, कदम, जामुन समेत आवादी क्षेत्रमा रहेको पाईन्छ ।

## ८.८ जडिबुटी सम्बन्धी विवरण

यस गाउँपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा सिकाकाई, पिपला, सतावरी,हर्रो, वर्रो, अमला, भ्याकुर, काउलो, तेजपात, बोक्षो, सर्पगन्धा,सेतो मुसली, तुलसी, अश्वगन्धा, सुगन्धकोकिला, टिमुर, दारुहल्दी लगायतका १०० भन्दा बढी प्रजातिका मुल्यवान जडिवुटी तथा गैरकाष्ठ वन पैदावारहरु पाइन्छन् । स्थानिय व्यक्तीहरुले निजी अवादि तथा वन क्षेत्रबाट जडिबुटी संकलन गरी बजारीकरणको कार्य विगत देखीनै निरन्तर रुपमा अगाडी बढाइ राखेका छन् । कतिपय सामुदायिक वनहरुमा अति विपन्न उपभोक्ता पहिचान गरी सामुदायिक वनको खाली ठाउँमा जडिवुटी खेती गरी आय आर्जनमा टेवा पुर्याउने प्रचुर संभावना रहेको छ । खास गरी उच्च मूल्यवान जडीवुटीहरु श्रीखण्ड, वन कुरीलो मुसली, सर्पगन्धा, तुलसी, मेहेंदी, कालमेघ जस्ता जडीवुटीका विरुवा उत्पादन वितरण, विउ संकलन, वन पैदावारको व्यवस्थापन विस्तार तथा बजारीकरणको लागि सहजिकरणका प्रयासहरु भैरहेका छन् ।

## ८.१० वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी

संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। गाउँपालिकामा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ । यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्याधिक प्रभावित भएका छन् प्राकृतिक रुपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ । जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ।

# खण्ड ९ : विकास सुचकांक र गरिबीको स्थिति

## ९.१ मानव विकास सुचकको विवरण (HDI)

मानवविकास सुचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन् । यी तिनवटै परिसुचकलाई समावेश गरी मानव विकासको सुचक निर्धारण गरिएको छ। हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथाजीवन स्तरको अवस्था मापन गरी स्तरनिर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम(UNDP)ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रति व्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानवविकास सूचकाङ्क हो।UNDPनेपालले हालै नेपालका सबै जिल्लाहरूको मानवविकास सूचकाङ्कको मान समेटिएको नेपालमा नवविकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। यो प्रतिवेदनअनुसार दाङजिल्लाको मानवविकास सूचकाङ्क ०.४८५ ( नेपालको ०.४९०) रहेको छ।अर्थात् दाङ जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषत भन्दा कम देखिन्छ। मानवविकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानवविकास सूचकाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमाललितपुर मानवविकास सूचक ०.६०१ रहेको छ। पुच्छारमा रहेको बाजुरा जिल्लाको मानवविकास सूचकाङ्कक ०.३६४ रहेको छ। मानवविकास सूचकाङ्ककाअवयव सूचकहरू हेर्ने होभने दाङजिल्लाको हरेक व्यक्ति बाँच्ने अपेक्षितऔषतआयु(Life expectancy)६७.३३ वर्ष र यसको सूचक ०.७०५, प्रौढ साक्षरता दर(Adult literacy)६२.४१ प्रतिशत र यसको सूचक ०.६२४, शिक्षाआर्जनमाखर्चेको औषत समय(Mean years of schooling)३.८३ वर्ष र यसको सूचक ०.२५५तथाकुल राष्ट्रिय प्रतिव्यक्तिआय(Per capital income) १,१२७अमेरिकी डलर र यसको सूचक ०.४०४ रहेको देखिन्छ।यसलाई तलको तालिका बाट स्पष्ट पार्न सकिन्छ।

तालिका नं. ४२: मानवविकास सुचकको विवरण (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानवविकास सुचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षितआयु | | प्रौढ साक्षरता | | विद्यालयजाने मध्यमवर्ष | | प्रतिव्यक्तिआम्दानी (क्रयशक्ति) | | ज्यामितीय मध्यक |
| | मान | सुचक | मान | सुचक | मान | सुचक | मान | सुचक | |
| नेपाल | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| दाङ | ६७.३३ | ०.७०५ | ६२.४१ | ०.६२४ | ३.८३ | ०.२५५ | १,१२७ | ०.४०४ | ०.४८५ |

स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४

## ९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षितखानेपानीनपुगेको जनसंखयाको प्रतिशततथाकुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशत जस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रुपमाविकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा

दाङजिल्लामानवविकास सूचकाङ्कको स्थिति खासै राम्रो अवस्थामा रहेको देखिदैन। दाङजिल्लाको मानव गरीबी सूचकाङ्कमान ३४.९२ (नेपालको ३१.१२) रहेको छ। यो सूचकाङ्कको मानजतिकमभयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्कनकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ। जस्तै: प्रौढ निरक्षरता दर। मानव गरीबी सूचकाङ्कको आधारमा सबैभन्दामाथिल्लो स्थानमाहुम्लाजिल्लाको मानव गरीबी सूचकाङ्क ४९.२६ रहेको छ भने पुच्छारमा रहेको कास्कीजिल्लाको मानव गरीबी सूचकाङ्कक १६.५० रहेको छ। मानव गरीबी सूचकाङ्काअवयव सूचकहरूमादाङजिल्लाको प्रौढ निरक्षरता दर(Adult illiteracy rate) ३७.५९प्रतिशत, ४० वर्षसम्म पनि बाँच्न सक्ने अपेक्षानगरिएको जनसंख्या(Percentage of people not expected to survive to age 40)७.९८प्रतिशत, सुरक्षितखानेपानीनपुगेको जनसंख्या(Percentage without safe water)४४.७२प्रतिशततथा ५ वर्ष मुनिकाकुपोषणबाट प्रभावितबालबालिकाको संख्या(Percentage of children under age five who are malnourished)३९.३०प्रतिशत रहेको देखिन्छ।

(स्रोत : नेपालमानवविकास प्रतिवेदन ,२०१४,UNDP,NEPAL)

## ९.३ मानवविकास र गरीबी

नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार दाङजिल्लान्युन समृद्धि स्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरू मध्ये यो जिल्ला ३२औं स्थानमा रहेको छ र गरीबीको दर ८.०१ प्रतिशत रहेको छ। जिल्लामागरिबीको रेखामुनी रहेको संख्या १,३७,२५५ रहेको देखिन्छ। गरिबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरिबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ४३: गरीबीको दरको विवरण

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| ३२ | २५.०५ (८.०१) | ५.९(२.५७) | २.०३ (१.०७) | १३७२५५ |

श्रोत : केन्द्रीयतथ्याङ्क विभाग, सन् २०६८